Unilever

UNILEVER NEPAL LIMITED

# २८औं लेखा तथा वार्षिक प्रतिवेदन

(श्रावण १, २०७७ - आषाढ ३१, २०७८)

अपराजित

Undefeated spirit of Unilever Nepal

# सञ्चालक समिति




१. **श्री देव बाजपेई**
अध्यक्ष
*(प्रतिनिधि, हिन्दुस्तान युनिलिभर लिमिटेड)*







२. **श्री अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक
*(युनिलिभर नेपाल लिमिटेड)*

३. **श्री रवि भक्त श्रेष्ठ**
सञ्चालक
*(प्रतिनिधि, शिवक्रिम होल्डिङ्स प्राइवेट लिमिटेड)*







४. **श्री सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

५. **श्री आशा गोपालाकृष्णन**
सञ्चालक
*(प्रतिनिधि, हिन्दुस्तान युनिलिभर लिमिटेड)*







६. **श्री कृष्णन सुन्दरम**
सञ्चालक
*(प्रतिनिधि, हिन्दुस्तान युनिलिभर लिमिटेड)*

७. **श्री योगेश मिश्रा**
सञ्चालक
*(प्रतिनिधि, हिन्दुस्तान युनिलिभर लिमिटेड)*

# सञ्चालकहरूको परिचय

## श्री देव बाजपेईको परिचय

श्री देव बाजपेई मे २०१० मा हिन्दुस्तान युनिलिभर लिमिटेडको कार्यकारी निर्देशक (ल एण्ड करर्पोरेट एफेएर्स) मा नियुक्त हुनुभएको थियो । उहाँ जनवरी, २०१७ मा कानुन तथा व्यावसायिक कार्य (ल एण्ड कर्पोरेट एफेयरस्) हेर्ने गरी हिन्दुस्तान युनिलिभर लिमिटेडको सञ्चालकको रुपमा नियुक्त हुनुभएको थियो । उहाँ कम्पनी सचिवहरुको संस्थाको फेलो-मेम्बर हुनुका साथै दिल्ली विश्व विद्यालयबाट कानुनमा डिग्री हासिल गर्नु भएको छ । उहाँसंग कानुन, गभर्नेन्स, कर तथा कर्पोरेट एफेयर्स जस्ता क्षेत्रहरुमा अटो मोवाईल्स, एफएनसीजी, हस्पिटालिटी एण्ड प्राईभेट ईक्विटी लगायतका विभिन्न उद्योगहरुमा कार्य गरेको तीन दशक लामो कर्पोरेट अनुभव छ । उहाँले मारुति उद्योग लिमिटेड, म्यारीको लिमिटेड, ईन्डियन होटेल्स कम्पनी लिमिटेड तथा आई. सि. आई. सि.आई भेन्चर फण्ड्स म्यानेजमेन्ट कम्पनी लिमिटेड जस्ता संगठनहरुमा काम गरि सक्नु भएको छ। उहाँ ईन्डियन उद्योग महासंघ (सी.सी.आई.) तथा ईन्डियन उद्योग वाणिज्य महासंघ (याफ.आई.सी.सी.आई.) जस्ता सर्वोच्च औद्योगिक संगठनहरुका समितिहरुमा पनि काम गरिसक्नु भएको छ । उहाँले संसदीय समितिहरुमा पनि उद्योगहरुको प्रतिनिधित्व गर्नु भएको छ। उहाँले हार्वड ल स्कूलबाट कर्पोरेट काउन्सेलका लागि संचालित कार्यकारी कार्यक्रम (Executive Program) पनि सम्पन्न गर्नु भएको छ । हिन्दुस्तान युनिलिभर लिमिटेडमा कार्य सुरु गर्नु अघि उहाँ लिगल एण्ड कम्प्लाईन्स, आई.सी.आई.सी.आई. भेन्चर फण्ड्स म्यानेजमेन्ट कम्पनी लिमिटेडको वरिष्ठ संचालक हुनुहुन्थ्यो ।

## श्री अम्लान मुखर्जीको परिचय

श्री अम्लान मुखर्जी युनिलिभर नेपाल लिमिटेडको प्रबन्ध निर्देशकको रुपमा अप्रिल, २०२० देखि काम गर्दै आउनु भएको छ। ग्लोबल र दक्षिण एसियामा साधारण प्रबन्ध, ब्राण्ड म्यानेजमेन्ट, सेल्स र मार्केटिङमा विभिन्न तहको भुमिका निर्वाह गरिसक्नुभएको श्री मुखर्जि संग २८ बर्ष भन्दा बढी कर्पोरेट अनुभव छ । कलकत्ता युनिर्भसिटीबाट वाणिज्यमा स्नातक पछि उहांले हिन्दुस्थान युनिलिभर लिमिटेडले प्रायोजन गरेको Business Management Executive Program सफलतापुर्वक पुरा गर्नु भएको छ । हिन्दुस्थान युनिलिभर लिमिटेडबाट भारतको धेरै भागमा उहांले विभिन्न भुमिकामा काम गरिसक्नु भएको छ । मार्केटिङ र सेल्समा उहांले संस्थागत ठुलो विजिनेस National Police Channel को नेतृत्व लिएपछि देश भरि हिन्दुस्थान युनिलिभर लिमिटेडले गर्ने व्यापारको ६% को योगदान गर्न सफल भई एकदम फाईदा हुने नयां व्यापार संभावना बनाएर व्यापारलाई जिरो देखि ४० मिलियन युरोमा पुयाउन सफल हुनु भयो । उहाँले मोर्डन फुड,यु.एफ.एस. र आउट अफ होमको जनरल म्यानेजरको जिम्मेवारी सम्हलेर भविष्यलाई चाहिने प्रविधिको एकिन गर्दै भेन्डिङ विजिनेसलाई दिगो नाफामुलक व्यापारमा पणिरत गर्नु भयो । जनरल म्यानेजरको अन्तिम भुमिकामा उहांले ईष्ट ईन्डियाको करिव ४०० कर्मचारी भएको र ६०० मिलियन युरो विजिनेशको सेल्स विभागको नेतृत्व गरि सो बिजिनेशलाई निर्णायक प्रतिस्पर्धात्मक बृद्धि दिनुभएको थियो । आफ्नो कार्यकालमा उहांले स्थानिय क्याटोगोरी लाई बढावा दिन लोकल एक्टिभेसन मोडल बनाउनुको साथै राष्ट्रिय कस्मेटिक विजिनेश ल्याक्मीको सेल्स विभागको अतिरिक्त नेतृत्व गर्नु भएको थियो । अहिलेको युनिलिभर नेपाल लिमिटेडको प्रबन्ध निर्देशकको भुमिकामा उहाँ युनिलिभर दक्षिण एसियाको नेतृत्व टिमको सदस्य हुनु हुन्छ ।

## श्री रवि भक्त श्रेष्ठको परिचय

श्री रवि भक्त श्रेष्ठ स्थानीय संयूक्त लगानी कम्पनी श्री सिवक्रीम होल्डिङ्स प्राईभेट लिमिटेडको प्रतिनीधिको रुपमा यु.एन.एल. को सस्थापक-सञ्चालक रहनु भएको छ। नेपालका बिजिनेस हाउसहरुको नेतृत्वदायी संस्थाहरु मध्येको एक-एन.ई. समूह (N.E. Group) (आतिथ्य, उद्योग, लगानी र व्यापार) को अध्यक्ष तथा प्रबन्ध निर्देशक पनि हुनुहुन्छ। उहाँ नेपाल उद्योग वाणिज्य महासंघ (एफ.एन.सी.सी.आई.)को पूर्व अध्यक्ष समेत रहनु भएको छ । उहाँ सम्माननीय प्रधानमन्त्रीले अध्यक्षता गर्नु हुने व्यावसायिक परामर्श समूहको सदस्य पनि हुनुहुन्छ । त्यस्तै, सम्माननीय प्रधानमन्त्रीले अध्यक्षता गर्नु हुने उद्योग, व्यवसाय प्रवर्द्धन परिषदका सदस्य पनि हुनुहुन्छ। उहाँ संगठित सामाजिक उत्तरदायित्व अन्तर्गतको स्वास्थ्य तथा शिक्षाको क्षेत्रमा योगदान पुऱ्याउने आई.जे.च्यारिटेवल ट्रष्टको संस्थापक तथा अध्यक्ष समेत हुनुहुन्थ्यो। उहाँ त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल अन्तर्गत आई.जे.ट्रष्ट हेल्थ फण्ड अपरेशन कमिटिको सदस्य पनि हुनुहुन्छ । त्यस्तै उहाँ त्रिभुवन विश्वविद्यालय - व्यवस्थापन विभाग अन्तर्गतको - व्यवस्थापन समितिको फेकल्टी-सदस्य पनि हुनुहुन्छ । उहाँ श्री ईन्द्र भक्त गोल्ड मेडल अवार्ड कमिटिको सदस्यको साथै व्यवस्थापन विभागका एम.वि.ए.विद्यार्थीहरुलाई प्रदान गरिने श्री ईन्द्र भक्त छात्रवृत्ति वितरण समितिका सदस्य पनि हुनुहुन्छ । उहाँले विजनेस एडमिनिष्ट्रेशनमा स्नातक गर्नु भएको छ । उहाँ प्रसिद्ध प्रबल गोरखा दक्षिणबाहु (द्धितीय) तथा गणतन्त्र ईटालीका नाईट अफिसर अफ द अडर अफ मेरिट (Knight Officer of the Order of Merit) बाट समेत विभूषित हुनु भएको छ ।

## श्री सुवास बज्राचार्यको परिचय

श्री सुवास बज्राचार्यले बिरला इन्स्टिच्यूट अफ टेक्नोलोजी, मेस्रा, राँचीबाट इलेक्ट्रोनिक इन्जिनियरिङमा स्नातक गर्नु भएको छ । उहाँ एन.एच.नेपाल प्रा.लि.का मालिक तथा प्रबन्धक निर्देशक हुनुहुन्छ । श्री बज्राचार्यले २०४३ साल देखि नेपाल टेलिकममा विभिन्न जिम्मेवारीहरु सम्हाल्नु भएको छ । उहाँलस्मार्ट टेलिकम नामक एक निजी टेलिकम कम्पनीमा प्रमुख कार्यकारी अधिकृत (सिइओ)को रुपमा (२०६५-२०७०) सेवा प्रदान गर्नु भएको छ । श्री बज्राचार्यले पाँच बर्षको अवधिमो पश्चिम, मध्य-पश्चिम, सुदूर पश्चिमका ग्रामिण क्षेत्रहरुमा स्याटेलाइट निर्माण तथा जि.एस.एम. मोवाईल सञ्जाल अन्तर्गत ७००००० उपभोक्ता केन्द्र बिस्तार गर्न सहयोग पऱ्याउनु भएको थियो । श्री बज्राचार्य गत २०७० साल देखि नेक्सहोप लिमिटेडमा प्रबन्ध संचालकको रुपमा कार्यरत हुनुहुन्छ ।

## श्री आशा गोपालाकृष्णन को परिचय

श्री आशा एक योग्य चार्टड अकाउन्टेन्ट हुनुहुन्छ । उहाँ सन् १९९६ अक्टोबर देखि व्यवस्थापन-प्रशिक्षार्थीको रुपमा युनिलिभर संग संलग्न हुनुहुन्छ। उहाँले डिटर्जेन्ट उत्पादनमा वित्त व्यवस्थापक, सौन्दर्य एवं ब्यक्तिगत हेरचाहमा आपूर्ति योजक, कोलकत्तामा उपभोक्ता सेवा व्यवस्थापको तथा त्वचा हेरचाह सम्बन्धी बर्गीकृत वित्त व्यवस्थापकको रुपमा काम गर्नु भएको छ। त्यसपछि उहाँले एसिया, अफ्रिका, मध्यपूर्व र रसियामा खरिद (Procurement) कार्यको वित्त निर्देशकको रुपमा काम गर्नु भएको छ । जसपछि उहाँले दक्षिण एसियामा भेन्चरिङ्ग निर्देशकको रुपमा काम गर्नु भएको छ । उहाँको पछिल्लो कार्य दक्षिण एसियाको सप्लाइ चेन फाइनान्समा थियो । तत्काल उहाँ बैशाख महिना देखि व्यूटी र व्यक्तिगत हेरचाह सम्बन्धी फाइनान्स उपाध्यक्षको रुपमा कार्यरत हुनुहुन्छ ।

## श्री कृष्णन सुन्दरमको परिचय

कृष्णनले दिल्ली विश्वविद्यालयबाट विजनेस एड्मिनिस्ट्रेसनमा स्नातकोत्तर डिग्री गर्नुभएको छ । उहाँ सन् २००० मा व्यवस्थापन तालिमी (Management Trainee) को रुपमा हिन्दुस्थान युनलिभर सँग संलग्न हुनुभयो र सुरुका केहि वर्ष कम्पनीको कस्टमर डेभेलप्मेन्ट (सि.डि.) संकायमा काम गर्नुभयो । सन् २००४ बाट उहाँ हिन्दुस्थान युनिलिभरमा चिया तथा कफीका ब्राण्ड व्यवस्थापकका रुपमा काम गर्न थाल्नुभयो । सन् २०१० मा कृष्णन प्रिमियम लन्ड्री बिजनेसको मार्केटिङ्ग प्रमुखको रुपमा कार्यरत भए तथा जन्रल म्यानेजरको रुपमा पदोन्नति प्राप्त गरे । सन् २०१४ मा उहाँले युनिलिभरका लागि दक्षिण एसियाको क्लस्टर प्रेसिडेन्ट साझेदारको रुपमा मार्केटिङ्ग संकायको प्रमुखको रुपमा कार्यरत भइ विभिन्न देशहरुका लागि व्यापारिक रणनिती बनाउँदै कार्यान्वयन गर्नुभएको छ । सन् २०१७ को जुन देखि उहाँले लन्डनमा मार्केटिङ्ग ट्रान्सफर्मेसन तथा क्यापाबिलिटी प्रमुखको रुपमा ग्लोबल पदमा कार्य गर्नुभयो जस अन्तर्गत व्यापारमा सुधार ल्याइ पोर्टफोलियोमा परिवर्तन ल्याउनु तथा मार्केटिङ उत्कृष्टता तथा क्षमता विकास गर्नु वहाँको जिम्मेवारी मध्ये रहेको थियो । सन् २०१९ जनवरीमा कृष्णनलाइ हर्लिक्सको अभिग्रहणका लागि "इन्टिग्रेसन तथा चेन्ज" को प्रमुख नियुक्त गरियो । हाल कृष्णनले सो व्यापारको नेतृत्व गर्नुको साथै सो अभिग्रहण सम्बन्धी जिम्मेवारी पनि वहन गर्दछन् ।

## श्री योगेश मिश्राको परिचय

श्री योगेश मिश्रा ज्यू पेसामा केमिकल ईन्जिनियर हुनुहुन्छ । उहाँले सन् १९९० सालदेखि युनिलिभरमा काम गर्न सुरु गर्नुभएको हो। उहाँले अपरेसन व्यवस्थापन, उत्पादन अपरेसनस्, जिएमपि, अपरेस्नल एक्सिलेन्स र क्वालिटि व्यवस्थापनमा धेरै प्रकारको भूमिका निर्वाह गर्नुभएको छ । युनिलिभरको कैयौँ कारखानामा उहाँले उत्पादन म्यानेजर, ईनोभेसन र सप्लाई प्लानिङ हेड, होम केयर, कारखाना म्यानेजर, एचपिसिको रुपमा आफ्नो मुख्य भूमिका निर्वाह गरररसक्नु भएको छ । उहाँ २०१४मा दक्षिण एसियाको लागि होम केयरको अपरेस्नल म्यानेजर हुनुभएको थियो। र हाल भने उहाँ बिउटी र पर्सनल केयर, साउद एसियाको उपाध्यक्ष हुनुहुन्छ ।

# हाम्रो बारेमा

युनिलिभर नेपाल लिमिटेड (संक्षिप्तमा यू. एन. एल) २८ बर्ष भन्दा लामि धरोहर बोकेको नेपालको सबैभन्दा ठूलो तीव्र गतिमा अगाडि बढिरहेको उपभोक्ताहरुको कम्पनी हो । सहृदयी बन्न, सुशिल-सुन्दर देखिन तथा जीवनबाट धेरै पाउन उद्धत एउटा उज्यालो भविश्य निर्माणको परिकल्पना गर्दै र हामीलाई एउटा अनुपम मौका दिदैं आएका १० नेपाली घरगृहस्थ मध्ये ९ ले हाम्रा उत्पादनहरु दिनानुदिन प्रयोग गर्छन् ।

हाम्रा ब्रान्डहरुका प्रत्येक महाशाखाहरु–होम केयर (घरगृहस्थ उपयोगका बस्तु), ब्यूटि एण्ड पर्सनल केयर (सौन्दर्य प्रशाधन तथा वैयतिक उपयोगका बस्तु), फुड्स एण्ड रिफ्रेसन्ट (खाद्य तथा पेय)-अन्तर्गत लगानी-व्यवस्थापन श्रृङखलाका ब्रान्डहरु उपलव्ध छन्, जसको उद्देश्य – निरन्तर, प्रतिस्पर्धी, नाफामूलक तर दीगो बृद्धि गर्नु हो । हाम्रो यो सत्प्रयासलाई वस्तुहरुको नविनता तथा तिनीहरुको बजार ीकरण गतिबिधिहरुमा गरिएको निरंन्तर लगानीबाट सहयो ग पुगिरहेको छ । साबुन, डिटर्जेन्ट, शेम्पू, त्वचाको हेरचाह (स्किन केयर), दन्तमञ्जन, दुर्गन्धनाशक, सौन्दर्य प्रसाधन, र चिया सहित २८ वटा तवरका ब्रान्डहरु गरि बिभिन्न श्रेणीहरुमा फैलिएका छन् जसले यस कम्पनीलाई नेपाल भरमा लाखौं उपभोक्ताहरु को दैनिक जीवनको एक हिस्सा बनाएको छ । हाम्रो पोर्टफोलियो भित्र लक्स, लाइफब्याई, रिन, ह्वील, ग्लो एण्ड लब्ली, भ्यासलिन, ल्याक्मी, डोभ, क्लिनिक पल्स, सनसिल्क, पेप्सोडेन्ट, क्लोजआप, ब्रुकबण्ड रेडलेभल चिया जस्ता घरगृहस्थका मुख्य ब्राण्डहरु पर्दछन् ।

यसमा यहाँको कम्पनीको उद्देश्य निर्देशित स्पस्ट तथा सशक्त रणनीति छ–जसले निरन्तर, प्रतिस्पर्धी नाफामुलक तथा दीगो वृद्धि प्राप्त गर्न जोड गर्दछ। यस उद्देश्यलाई प्रेरित गर्ने स्तम्भ हो - यूनिलीभर कम्पास । यसको उद्देश्य दिगो जिवनको लागि एक साझा स्थल निर्माण गर्नु हो र यो सँगै हाम्रो दृष्टि हो- दिगो व्यापार मा नेतृत्वदायी भुमिकामा रहि कसरी हाम्रो उद्देश्यमुखि, भविष्य सुहाउँदो व्यापार नमूनाले उच्च प्रदर्शन गर्दछ । हामी उद्देश्य र प्रदर्शन को बीच अन्तर द्वन्द छ कि छैन भन्ने बहसको अन्त्य गर्न तत्पर छौँ । हामी विश्वास गर्छौं कि उद्देश्य सहितका ब्राण्डहरुको वृद्धि हुन्छ, उद्देश्य सहितका कम्पनि लामो समयसम्म रहिरहन्छन् र उद्देश्य सहितका मानिसहरु फस्टाउँछन् । कम्पास समय बाध्य प्रतिबद्धताहरु र कार्ययोग्य लक्ष्यहरु हुन् जसले हाम्रो समयको प्रमुख चुनौतीहरु लाई जस्तै प्याकेजिङ्ग र फोहोर, लैङ्गिक समानता, मानव अधिकार, र उचित मूल्य - र पक्कै पनि जलवायु परिवर्तन र सामाजिक समावेशीकरणलाई सम्बोधन गर्न मद्दत गर्दछ।

हाम्रो रणनीति ब्रान्ड र नवीनता सँग विजयी हुनु, बजारमा विजयी हुनु, लगातार सुधारको माध्यमबाट विजयी हुनु र जनता सँग विजयी हुनुमा केन्द्रित छ । एक अस्थिर र अनिश्चित संसार जहाँ द्रुत डिजिटलाइजेशनले स्थापित व्यापार मोडेलहरु लाई पनि पुनः आकार दिन लगाई रहेको छ, तपाइँको कम्पनी आफू अगाडि रहन को लागि पुनः कल्पना गरीरहेको छ । हामी हाम्रा सबै प्रक्रियाहरु प्रविधिसँग जोड्दै छौँ जसले व्यवसायलाई भविष्य उपयुक्त बनाउँदछ । हामी लगातार विकासशील उपभोक्ता आवश्यकताहरुलाई पूरा गर्न को लागि पोर्टफोलियो मा निरन्तर नवआविष्कार गर्दैछौं ।

वषौं देखि युनिलिभरले वृद्धिको उच्चतम् वृत्तिगत विन्दु (virtuous cycle of growth) हासिल गरिरहेको छ –जसको परिणामस्वरुप कम्पनीले निरन्तर, प्रतिस्पर्धी, नाफामुलक तथा जिम्मेवार (दीगो) वृद्धि हाशिल गर्न सकेको छ । संगठनलाई पुनःजीवित गर्ने हाम्रो निरन्तर प्रयत्न र निरन्तर आविष्कारबाट अरुभन्दा अगाडि रहने प्रयासले हाम्रो अग्रगतिमा थप योग पुगेको छ । यसरी उपभोक्ताहरुको आवश्यकता पूरा गरिरहदा यसले हाम्रो पदचापको गति बढाएको छ भने उच्च दरमा व्यवसाय वृद्धि समेत हुन पुगेको छ । उच्च मात्रा वृद्धि सँगै हामी मापन तथा दक्षता बाट लाभ प्राप्त गर्छौं र हामी हाम्रा बचत उत्पादन तथा नयाँ ब्राण्डहरुमा लगानी गर्दछौ जसबाट व्यवसाय वृद्धिका उच्चतम वृत्तिगत विन्दु प्राप्त हुन्छ ।

हामी व्यावसायिक प्रतिवद्धतालाई माथि उठाउँदै हाम्रो व्यावसायिक नामको संरक्षण गर्न कटिवद्ध छौं । यो कुरा सबै कर्मचारीहरुको लागि एउटा संझौताहीन शर्त पनि हो । हाम्रो व्यावसायिक सिद्धान्त (संहिता) र २४ वटा नीति जसले यस कुरालाई सर्मथन गर्दछ, ले हाम्रो सबै मान्छेहरुबीचमा एउटा मानदण्ड स्थापित गरेको छ – जसको परिपालना गर्नु जरुरी छ । यि संहिता नीतिहरु घुसखोरी, मुलौजा र भ्रष्टचार विरोधी, आदर-सम्मान, स्वच्छ व्यवहार, वैयत्तिक डाटा तथा गोपनीयता आदि ईत्यादि सहितका क्षेत्रहरु समेट्द छ । कोड र कोड नीतिहरुले सँगै हामीलाई प्रतिबद्धता, सम्मान, उत्तर दायित्व र अन्वेषण मा अग्रणी हाम्रो मूल्यहरुलाई व्यवहारमा रुपान्तरण गर्ने मद्दत गर्दछ ।

# हाम्रो उद्देश्य

युनिलिभर नेपाल लिमिटेडको दिगो जीवन्त साझा स्थल निर्माण गर्ने स्पष्ट उद्देश्य रहेकोछ । खासगरी तरल र अनिश्चित विश्वमा सबै हाम्रा सरोकारवाला महानुभावहरुको लागि दीर्घकालिन मुल्य सृजना गर्ने यो सबैभन्दा उत्तम उपाय हुने कुरामा हाम्रो विश्वास रहेको छ ।

परिवर्तनको गतिसँगै हामीले झन वलियो, अझ सहज र अझ चुस्त व्यावसाय  सृजना गरिरहेका छौं । यो विश्व जति नै अस्थिर र अनिश्चित भएपनि लामो समयसम्मको दिर्घ व्यवस्थापन नै व्यापार व्यावसाय वृद्धिको उत्तम उपाय हो भन्ने हामीलाई विश्वास लाग्दछ । हामी हाम्रो रणनीति तथा युनिलिभर कम्पास (भनेको युनिलिभरको एउटा एकिकृत व्यावसायिक रणनीति हो)को माध्यमबाट दीर्घकालीन मूल्य प्रदान गर्न कटिवद्ध छौं । यिनीहरु परिवर्तनात्मक ऐजेण्डाबाट समर्थित छन् । र, जसले वाह्य वकालत र सार्वजनिक नीतिमा सरोकोरवालाको दृष्टिकोणसँग हाम्रो कार्यहरु संयोजित हुन्छन् । हाम्रो रणनीति बजार आकृति सम्बन्धि नयाँ  प्रवृत्ति तथा बजार शक्तिहरुसँग अनुकुल रहेर हाम्रो सरोकारवालाहरु उपर प्रभाव जमाउन निरन्तर रुपले विकसित भइरहेका छन् ।

हाम्रो उद्धेश्यले हाम्रो दृष्टिकोण (भिजन)लाई प्रेरित गर्छ जस्को अर्थ हो – वातावरणीय असरलाई घटाउँदै र सकारात्मक सामाजिक प्रभावलाई बढाउँदै व्यावसायको अभिवृद्धि गर्नु । हामी हाम्रो व्यावसाय वृद्धि गर्न चाहान्छौं, तर हामी मानिस र वातावरणमा नकारात्मक असर पुऱ्याई गरिएको त्यो वृद्धि हाम्रो लागि सर्वथा अस्वीकार्य र व्यावसायिक रुपमा समेत अमान्य छ । दीगो वृद्धि मात्रै हाम्रो व्यवसायको स्वीकार्य मोडल हो । उपभोक्ताको परिवर्त्तित आकाँक्षा र अपेक्षा सँगसँगै प्रतिस्पर्धामा सफल हुने व्यावसायिक आवश्यकता नै हाम्रो उदेश्य र दृष्टिकोण हो ।

आ.ब. २०२०-२०२१ को वार्षिक प्रतिवेदन र लेखा प्रतिवेदनले उक्त वर्षमा कसरी हामी हाम्रो दृष्टिकोणलाई पछ्याई कम्पनीको उद्धेश्यलाई वास्तविक यथार्थतामा परिणत गर्न सक्यौं भन्ने देखाउँदछ । यो वर्ष पनि हामी लगातार प्रतिस्पर्धात्मक, नाफामुलक र उत्तरदायी रहेर वृद्धि हासिल गर्न सफल भएका छौं । हामीलाई विश्वास छ दीगो व्यावसायले उच्च सफलता हासिल हुन्छ र सो नै युनिलिभर कम्पासको केन्द्रमा रहेको छ । युनिलिभरको पहिले देखिकै के मान्यता रहिआएको छ भने दीगो तथा उत्तरदायी व्यावसायले मात्र व्यवसायलाई झन बलियो र सम्यक पार्दछ । १० वर्ष पहिले नै युनिलिभर दीगो जीवन्त योजना (यूएसएलपि) संहिताकृत गरिएको थियो - जसको लक्ष्य थियो सकारात्मक सामाजिक प्रभावको अभिवृद्धि गर्नु र व्यावसायलाई वातावरणीय असर बाट मुक्त गर्नु । सो योजना सन् २०२० सम्म कार्यान्वयन हुँदा, व्यावसायले के महशुस गऱ्यो भने सरोकारवालाहरुले दिगोपनको प्रतिवद्धता एक हुँदा राम्रो भन्ने हिसावले हेर्ने भन्दा पनि एक न्यूनतम आवश्यकता हो भन्ने मानेको महशुस भयो । त्यसकारण, एउटा विश्वव्यापी व्यावसाय (ग्लोवल बिजनेस) संचालनका लागि युनिलिभरको प्रतिवद्धतालाई अग्रगति दिन युनिलिभर कम्पास रणनीतिको तर्जुमा गऱ्यौं । विश्वव्यापी युनिलिभर कम्पास अन्तर्गतका प्रतिवद्धताहरुले सरोकारवालाहरुलाई व्यावसायको केन्द भागमा राखेको छ । वस्तुतः युनिलिभर कम्पासले हाम्रो दीगो व्यावसायिक रणनीतिलाई निर्देशित गर्दै अगाडि बढाई रहेको छ ।

हाम्रो सफलता हाम्रो मानिसहरुको शीपकुशलता तथा प्रतिभामा निर्भर रहेको छ । यो २०७७०७८ को वर्ष हाम्रा मानिसहरुका लागि असामान्य रुपले चुनौतिपूर्ण रह्यो । विश्वव्यापी महामारीबाट विभिन्न रुपले हामी प्रभावित भयौं । हामीलाई एउटा  अस्थीर, अनिश्चित, जटिल तथा अप्ठेरो वातावरण (भुका स्थिति) बाट निरन्तर रुपले चुनौति भोगिरह्यौं । ग्राहकको प्रवृति, विक्री केन्द्र (सेल्स चेनल) र मिडियामा आएका परिवर्तनहरुले बजार टुक्रियो । त्यसकारण, कम्पनीले पनि व्यावसाय रुपान्तरण कार्यक्रम मार्फत परिवर्तित हुदैंछ । यसले व्यावसायलाई  वढी उपभोक्ता तथा ग्राहकहरुलाई केन्द्रविन्दु बनाई  अझ छिटो, कुशल र सशक्त बनाई रहेको छ ताकि हाम्रा मानिसहरुले आवश्यक स्रोतको साथ यी चुनौतिहरुको सामना गर्न  सक्षम हुन् ।

यस परिवर्तनको एक हिस्साको रुपमा, हाम्रो यावत क्याटागोरी रणनीतिलाई कार्यन्वयन गर्न बढी उद्ययमशील बन्ने नयाँनयाँ कार्यशैलीहरु अपनायौं । परिणामस्वरुप, हाम्रो चार क्याटागोरीहरु उपरको स्पष्ट परिभाषित रणनीतिहरुले के सुनिश्चित गर्दछ भने हाम्रो उद्धेश्य र दृष्टिकोणलाई साकार पार्न कम्पनीले एउटा राम्रो सन्तुलित तथा सचेत व्यवस्थापन गरेको छ ।

# हाम्रो कार्यक्षेत्र

यु.एन.एल.ले आफ्नो कार्यक्षेत्र नेपालभर बिस्तार गरेको छ । हामीसँग कारखाना र अफिसगरी कुल २२७ कर्मचारीहरु कार्यरत छन् । हाम्रो व्यवसायले छुने हरेक व्यक्ति, संगठन र वातावरणको सम्मान गर्दै इमान्दारिता पूर्व हरेक काम गर्नु हाम्रो व्यवसायिक उत्तरदायित्वको मूलमा रहेको छ ।

# अध्यक्षको मन्तब्य



आदरणीय शेयरधनी महानुभावहरु,

तपाईहरु समक्ष वित्तीय वर्ष २०७७-७८ (२०२०-२१) को तपाईको कम्पनीको कार्यसम्पादन बारे अध्यावधिक गर्न पाउँदा मलाई औधी खुसी लागेको छ । राष्ट्र कोभिड-१९ को महामारीबाट प्रभावित भएकाले यो आ.ब.एउटा चुनौतीपूर्ण वर्षको रुपमा रह्यो । २०७८ आषढ मसान्त (सन् २०२१ को पहिलो आधा-बर्ष) को दौरान, हाम्रो कारखाना, विक्रेताहरु साथै ग्राहकहरुको संचालन गम्भीर रुपमा बाधित भएको थियो । यस स्थितिलाई सामाधान गरी ठीक गर्नको लागि तपाईको कम्पनीले सबै राउन्डको प्रयास गर्नुभयो र यस प्रयासमा सफलता प्राप्त भयो ।

### लचिलो प्रदर्शन

नेपालमा संस्थापित एक कम्पनीको रूपमा, हामी दृढ विश्वास गर्दछौं कि युनिलिभर नेपालको वृद्धिको कथा नेपालको कथासंगै जोडिएको छ र 'नेपालको लागि जे राम्रो छ, युनिलिभर नेपालको लागि त्यही राम्रो छ' भन्ने हाम्रो दर्शन रहिआएको छ - जसले हाम्रो व्यापार-व्यवसायलाई बलियो आधार दिनुको साथै विद्यमान परिस्थितिहरुमा अनुकूलनता ल्याउन पनि सचेत गराएको छ । त्यसैले, कोभिड-१९ को महामारीको पहिलो तरङबाट अनुभव र पाठ सिक्दै, चौथो-त्रैमासिक (क्यू ४) सम्ममा कम्पनीको कुल आयमा ३३ प्रतिशतले वृद्धि भयो र वर्षको अन्त्यमा १.८ प्रतिशतले वृद्धि कायम भयो । पि एण्ड एलको सहयोग-बलको कारण लागत सचेतना कार्यक्रम तथा बचतवृद्धि कार्यक्रमहरुबाट कम्पनीको खुद नाफा ने.रु. ३५.८ करोडबाट बढेर ८६.१ करोड  पुग्यो ।

### हाम्रो डिजिटल टेक्नोलोजी मेरुदण्डको रुपमा स्थापना

युनिलिभर नेपालले विगत धेरै वर्षहरु देखि नै डिजिटल अवसर र टेक्नोलोजी-आधारित एजेन्डाको अनुसरण गरिरहेको छ । कम्पनीले तथ्याङ्क र विश्लेषण-विधिको व्यापक प्रयोग गरिरहेको छ र हाम्रो उत्पादन र वितरण नेटवर्कको पुनः स्थापित गरी उनीहरुलाई मागको नजिक ल्याउने प्रयत्न भइरहेको छ, र प्रविधिलाई समाज तथा व्यवसायहरुको 'खेल-परिवर्तक' को रुपमा विकाश गर्न प्रयासरत छौं ।

### बजार उन्नति र विकासका पहलहरु

बढ्दो बजार माग र व्यवसाय-समर्थनको आवश्यकतालाई दृष्टिगत गरी तपाइँको कम्पनीको उत्पादन क्षमता अध्यावधिक (अपग्रेड) गर्नको लागि विभिन्न गतिविधिहरु संचालन गरिएका छन् । गुणस्तर व्यापार-व्यवसायको अभिन्न अंग हो, त्यसर्थ हाम्रो सबै उत्पादनहरुमा उपभोक्ता सन्तुष्टि तथा उपभोक्ता सुरक्षाको सुनिश्चितताका लागि हामीले निरन्तर प्रयास  जारी राखेका छौं ।

समीक्षा अवधिको दौरान, हाम्रो कम्पनीले हाम्रो पोर्टफोलियोमा मिडिया लगानी बढाएर हाम्रो बजार विकास रणनीतिको पुनः अन्वेषण गर्न भरमग्दुर कोशिश गरेको छ । नेपालमा क्लीन फीड नीतिको कार्यान्वयन पछि, तपाइँको कम्पनीले टिभी, प्रिन्ट, रेडियो, डिजिटल र अन्य मिडियाहरमा नेपाली भाषाको प्रयोग बढाएको छ । धेरै ब्राण्डहरु, खासगरी लाईफबॉय र ग्लो एण्ड लभ्ली लगायतका उत्पादनमा नेपाली भाषाको सृनात्मकता बढाएको छ । कोभिड-१९ महामारीको संक्रमणकालमा कुनै पनि ब्राण्डका साबुनहरुले हात धुनु पर्दछ भनेर उपभोक्ताहरुलाई सचेत गराउने पहिलो ब्राण्ड नै लाईफबॉय हो ।

फेरि, नेपालमा लिभरकेयर उपभोक्ता हेल्पलाइन को स्थापना गर्न पाउँदा हामीलाई अधिक खुसी लागेको छ । यो भनेको यस्तो सुविधा हो जसले हाम्रो उपभोक्ताहरुलाई सिधै हामीसम्म पुग्न र प्रतिक्रिया, प्रश्नहरु, वा चाँसोहरु व्यक्त गर्न सक्तछ । एक उपभोक्ता केन्द्रित संगठनको रूपमा स्थापित यो हेल्पलाइन एक ठूलो कदम हो जसले हाम्रो उपभोक्ताहरुसंग गहिरो संबन्ध स्थापना गराउँदछ । र, यस पहलले हामीलाई विश्वभरिका धेरै युनिलिभर संगठनहरुसँग पनि संबन्ध स्थापित गराउँदछ ।

### हिमालय सफाई अभियानमा नेपाली सेनाको साथ

तपाइँको कम्पनीले सधैं व्यापार-व्यवशायमा फोर जि वृद्धिको सिद्धान्तको अवलम्वन गरेको छ । ती हुन : लगातार, प्रतिस्पर्धी, लाभदायक र जिम्मेवार । यो फोर जि वृद्धिको मान्यता के हो भने व्यापारको भूमिका आर्थिक मूल्य सिर्जना गर्न मात्र होइन, बल्कि यसको सामाजिक तथा वातावरणीय मूल्य पनि हुन्छ भनेर स्वीकार गर्नु, र दीगो विकासको

लागि यस्तो गर्नु आवश्यक पनि छ । यस सिलसिलामा, हामीले नेपाली सेनासँग 'हिमालय सफाई अभियान २०७८' मा साझेदारी गरेका छौं । यस सफाई अभियान अन्तर्गत हामीले ५०२० केजी फोहोरमैला फाल्यौं (डिस्पोजल गर्यौं), जसमध्ये ४७२० केजी गैर-जैविक फोहोरमैलालाई रिसाइक्लिको लागि पठायौं र बाँकी ३०० केजी जैविक फोहरमैला धौलागिरी गाउँपालिका मार्फत डिस्पोज गर्‍यौं ।

**सामाजिक उत्तरदायित्व**

बास्तवमा, कोभिड-१९ विश्वमहामारी एक यस्तो मानवीय संकट हो जसले यस ग्रह र यसमा बस्ने हामी मानिसहरुलाई संक्रमण गरिरहेछ । विश्वव्यापी चुनौतिहरुलाई सामना गर्न समग्र व्यवसाय, समाज र सरकारहरु मिलेर काम गर्न आवश्यक छ । तपाईंको कम्पनी बस्तुहरु उत्पादन-निर्माण गर्ने संस्था मात्र हैन, हामी जीविकोपार्जन, सामाजिक समानता, समान अवसर र सचेत उपभोगको संरक्षक पनि हौं ।

कोभिड-१९ विश्वमहामारीको विरूद्ध लडिरहेको यो बेला, हामी नेपालको साथमा हुनु हाम्रो जिम्मेवारी हो । कोभिड बिरामीहरुको लागि अक्सिजन अभाव भएको समयमा हामी हेटौंडामा अन्य उद्योगहरुसँगै उद्योग संघसँग साझेदारी गर्‍यौं । हाम्रो कारखाना नजिकै हेटौंडा सरकारी अस्पतालमा एक अक्सिजन उत्पादन संयंत्र स्थापना गर्‍यौं । समीक्षा अवधिमा वर्षभरि नै हामीले सरकारलाई नेपालको कोभिड सम्बन्धी अन्य सहयोग सामग्रीहरुका साथै १२८ अक्सिजन कन्सन्ट्रेटर पनि प्रदान गर्‍यौं ।

**महामारी विरुद्धको लडाई तथा जनताको भावनाको साथ**

यी कठिन दिनहरुमा, तपाईंको कम्पनीले यसको सबै क्षेत्र (भित्री कोर र बाहिरी कोर)को संरक्षण सुनिश्चित गर्‍यौं र खोप लगाउन प्रेरित गर्‍यौं । आजको मितिसम्म हेटौंडामा हाम्रो कारखानामा काम गर्ने १००% कर्मचारीहरु (अनुबंधमा काम गर्ने कामदार सहित) लाई पूर्णखोप लगाइएको छ । समग्रमा, तपाईंको कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अपरेसनमा काम गरिरहेका ५८ प्रतिशत मानिसहरुमा पूर्णखोप लगाईएको छ र यो खोप लगाउने क्रम जारी छ ।

हाम्रो सबैभन्दा ठूलो सम्पत्ति भनेको हाम्रो 'जनता' हुन् जो बलियो बनेका छन् र आफ्नो कम्पनी, उपभोक्ताहरु र समाजको भलाइको लागि उनीहरुका फरक-फरक भूमिका निर्वाह गर्दै, एक सफल नेताको रुपमा देखापरेका छन् । तपाईको कम्पनी वर्ष २०२० का लागि रोगारदाता छनौट (ईम्पोएर अफ चोईस) कार्यक्रम अन्तर्गत देश भरिका मुख्य क्याम्पस/कलेजहरुका विद्यार्थीहरुबीच पुगेको छ ।

हामीले यू-नेक्स्ट, विद्यार्थी एम्बेसेडर प्रोग्राम जस्ता कार्यक्रमहरुको प्रारम्भ गरेका छौं । यसको उद्देश्य हो - एफएमसिजि बजारमा एक फरक अनुभुति हुन सकोस् र त्यसबाट रमाईलो पनि हुन सकोस् । र, यसबाट उनिहरुबीचमा एउटा संगठनको निर्माण हुन सकोस् ।

भोलिका नेताहरु शान्त हुन र अराजकतासँग लड्ने गरी सहज हुन पनि आवश्यक छ । ती नेताहरुले स्थीरताको बारे आफ्नो धारणा पुनर्विचार गर्न आवश्यक छ । आफ्नो संगठनमा अनुकुलन क्षमता बढाउन, मजबुति र लचीलापन ल्याउन जरुरी छ । र, आफ्नो विस्तारित क्रियाशलिताहरुबाट संकट-मोचनका लागि तम्तयार हुन सक्नु पर्दछ ।

**निष्कर्ष**

एक पललाई रोकी हामी हाम्रो कार्यको प्रतिबिम्व र अगामि यात्राको लागि तयार गरौं । महामारीले व्यापारलाई एक समान, दिगो र उद्देश्यपूर्ण रहेको नयाँ मार्ग र भविष्यको कल्पना गर्न धकेलेको छ । यसले युनिलिभर नेपाल जस्ता संगठनहरु जुन देशका अधिकांश परिवारहरुको जीवनको अभिन्न अंग मानिनेलाई एउटा ठूलो जिम्मेवारी वहन गर्ने स्थानमा पुर्‍याएको छ । तपाईंको कम्पनी त्यो बाटो हिड्न र उच्चस्तरको कार्य सफलता हासिल गर्नको लागि तयार छ ।

यसै अवसरमा म यस कम्पनीका प्रत्येक कर्मचारीको साथ साथै हाम्रा साझेदारहरुले युनिलिभर नेपाललाई दिनुभएको प्रतिबद्धता र सेवाको लागि, कार्यबललाई धन्यवाद दिन चाहान्छु । वर्षौं देखि हाम्रो साथमा उभिनु भएका ती सबै साझेदारहरु, वितरकहरु, आपूर्तिकर्ताहरु, सेवा प्रदायकहरु र अन्य सरोकारवालाहरुलाई पनि धन्यवाद दिन चाहन्छु । म नेपाल सरकार र यसका सबै अंगहरुलाई पनि धन्यवाद दिन चाहन्छु जसको साथमा तपाईंको कम्पनीले उनीहरुको निर्बाध समर्थन र मार्गदर्शनका लागि लेनदेन कारोवार गर्दै आएको छ ।

अन्तमा, सबैभन्दा महत्वपूर्ण कुरा के हो भने तपाईहरुले युनिलिभर नेपाल लिमिटेडमा प्रदान गर्नु भएको भारी विश्वास, समर्थन र भरोशाको लागि हाम्रा शेयर होल्डरहरुलाई धन्यवाद दिन चाहन्छु ।

न्यानो अभिवादन सहित

**देव बाजपाई**
अध्यक्ष

# व्यवसायिक सिद्धान्तहरुको संग्रह

## गुणस्तरीय आचारण

हामीले इमान्दारिता, सत्यता, खुलापन तथा मानव अधिकार र कर्मचारीको हित प्रतिको सम्मानका आधारमा हाम्रा कार्यहरू सञ्चालन गरेकाछौं । हामीले त्यसरी नै हामीसँग सम्बन्ध भएकाहरूको वैधानिक हितको सम्मान गर्नेछौं । कानूनको पालना युनिलिभर कम्पनी र कर्मचारीहरूले हामी सञ्चालन भएको मुलुकका कानूनको पालना गर्नुपर्नेछ ।

## कर्मचारीहरू

विविधता र समान अवसरलाई प्रवर्धन गर्ने तथा आपसी विश्वास कायम गर्ने र मानव अधिकार तथा विभेद विरूद्धको नीतिको सम्मान गर्ने कार्य वातावरण प्रति यहाँहरुको कम्पनी प्रतिबद्ध रहेकोछ ।

सम्पादन गर्नुपर्ने कामको लागि चाहिने योग्यता र खुवीको आधारमा मात्रै हामीले कर्मचारी भर्ना, नियुक्ति तथा वढुवा गर्नेछौं ।

हामीले कर्मचारीहरूलाई कानूनी न्यूनतम मापदण्ड तथा उपयुक्त विद्यमान औद्योगिक मापदण्ड पूरा गर्ने वा नाघ्ने गरी कूल पारिश्रमिक प्याकेज उपलब्ध गराएकाछौं ।

हामीले बलपूर्वक श्रम, अनिवार्य श्रम, वेचविखन गरिएका व्यक्तिको श्रम वा वाल श्रम कुनै पनि रुपमा प्रयोग गरेका छैनौं ।

हामी हरेकको खुवी र क्षमता विकास र अभिवृद्धि गर्न कर्मचारीहरूसँग कार्य गर्न प्रतिबद्ध छौं ।

हामी प्रत्येक व्यक्तिको मर्यादाको सम्मान गर्छौं र हामी कर्मचारीहरूको संघसंस्था सम्बन्धी स्वतन्त्रता र सामूहिक साझेदारीको अधिकारको सम्मान गर्छौं ।

हामीले कम्पनीमा आधारित सूचना तथा परामर्श प्रक्रियाको माध्यमबाट कर्मचारीहरू बीच राम्रो सञ्चार कायम गर्नेछौं ।

कर्मचारीहरुले सरोकार उठाउने पारदर्शी, निष्पक्ष र गोपनीय प्रक्रिया सुनिश्चित गर्नेछौं ।

## उपभोक्ताहरू

यहाँहरूको कम्पनी मूल्य र गुणस्तरको सन्दर्भबाट निरन्तर रुपमा भ्यालू दिने तथा तिनीहरूको ईच्छित प्रयोगको लागि सुरक्षित रहेका ब्राण्डेड प्रोडक्ट र सेवा दिन प्रतिबद्ध छ । प्रोडक्ट र सेवालाई ठीक तवरबाट र उपयुक्त रुपमा लेवल लगाइने, विज्ञापन गरिने र सञ्चार गरिनेछ ।

## शेयरधनी महानुभावहरू

यहाँहरूको कम्पनीले असल संगठित शासनका अन्तर्राष्ट्रीय रुपमा स्वीकार्य भएका सिद्धान्तहरू बमोजिम आफ्ना कार्यहरू सञ्चालन गर्नेछ । हाम्रा क्रियाकलापहरू, संरचना, वित्तीय स्थिति तथा कार्यसम्पादनको बारेमा हामीले हाम्रा शेयर धनी महानुभावहरूलाई समयमै, नियमित र भरपर्दो सूचना दिनेछौं ।

## व्यवसायिक साझेदारहरू

यहाँहरूको कम्पनी हाम्रा आपूर्तिकर्ताहरू, उपभोक्ताहरू तथा व्यवसायिक साझेदारहरूसँग पारस्परिक लाभमा आधारित सम्बन्ध स्थापना गर्न प्रतिवद्ध छ । हाम्रो व्यवसायिक कारोवारमा हाम्रा साझेदारहरूसँग हाम्रो जस्तै व्यवसायिक सिद्धान्तहरूको पालना गर्ने अपेक्षा राखेकाछौं ।

## समूदायमा सहभागिता

यहाँहरूको कम्पनी विश्वसनीय संगठित नागरिक एवं समाजको अभिन्न भाग हुन चाहनुका साथसाथै हामीले कार्य सञ्चालन गर्ने समाज र समूदायहरू प्रतिको हाम्रो जीम्मेवारी पूरा गर्न प्रयासरत छौं ।

## सार्वजनिक क्रियाकलापहरू

वैधानिक व्यवसायिक हितको प्रवर्धन गर्न र प्रतिरक्षा गर्न यूनिलिभर कम्पनीहरूलाई प्रोतसाहित गरिएको छ ।

यहाँहरूको कम्पनीले प्रस्तावित कानून वा वैधानिक व्यवसायिक हितलाई प्रभाव पार्न सक्ने अन्य कानूनको निर्माण गर्दा सरकार तथा अन्य संगठनहरूलाई सोझै वा व्यापारिक संस्था जस्ता संस्था मार्फत सहयोग गर्नेछ ।

यहाँहरूको कम्पनीले राजनैतिक दलहरूलाई समर्थन पनि गर्नेछैन र दलिय स्वार्थ प्रवर्धन गर्न उद्दत क्रियाकलाप समूहहरूलाई पनि आर्थिक सहयोग गर्ने छैन ।

## वातावरण

यहाँहरूको कम्पनी वातावरणीय प्रभाव घटाउने कार्यमा निरन्तर सुधार गर्न र दीर्घकालमा दीगो व्यापारको विकास गर्न प्रतिवद्ध छ ।

यहाँहरूको कम्पनीले वातावरणीय सुरक्षा प्रवर्धन गर्न, वातावरणीय विषयहरुको ज्ञान विस्तार गर्न र असल

अभ्यासहरू प्रचार प्रसार गर्न अन्य साझेदारहरू सँग मिलेर काम गर्नेछ ।

## आविष्कार

हाम्रा आविश्कारहरूले पछिल्ला प्रवृतिहरूलाई समेट्ने ब्राण्डद्वारा संचालित लाभ प्राप्त गर्न ज्ञान र प्रविधिको प्रयोग गरेका छन् । हाम्रा आविष्कारहरू बढ्दो रुपमा स्थानीय आवश्यकता पूरा गर्ने खालका छन् र बजारमा छिटो भन्दा छिटो प्रतिफल दिने अवस्थाका छन् ।

हामीले प्रोडक्ट सुरक्षाको कडा मापदण्ड लागू गरी कुशल विज्ञानमा आधारित आविष्कार गर्छौं ।

## प्रतिस्पर्धा

यहाँहरूको कम्पनीले जोडदार तथा निष्पक्ष प्रतिस्पर्धामा विश्वास राख्छ र कम्पनीका बीचको प्रतिस्पर्धा सम्बन्धी कानूनहरुको समर्थन गर्छ। युनिलिभर कम्पनी र कर्मचारीहरूले निष्पक्ष प्रतिस्पर्धाका सिद्धान्तहरू र सबै सम्बद्ध कानूनहरू बमोजिम आफ्ना कार्यहरू सञ्चालन गरेको छन् ।

व्यवसायिक एजेण्डाहरूलाई सहजिकरण गर्दा, पक्षपाति प्रतिस्पर्धासँग प्रभावकारी रुपमा जुध्दा र कानूनको पालना सुनिश्चित गर्दा युनिलिभरको कानूनी कार्यले मूल्यवान साझेदारको रुपमा निरन्तरता पाएको छ ।

## व्यवसायिक इमान्दारिता

यहाँहरूको कम्पनीले प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा व्यवसायिक तथा आर्थिक लाभका लागि कुनै किसिमको घुष वा अन्य अनुचित लाभ लिने र दिने गरेकोछैन । कुनैपनि कर्मचारीले कुनै उपहार वा घुष मानिन सक्ने भुक्तानी दिन प्रस्ताव गरेको, दिएको वा लिएको छैन । घुषको माग्ने कुरा वा घुष प्रस्ताव गर्ने कुरा तत्कालै अस्वीकृत गर्नुपर्छ र व्यवस्थापनलाई सूचित गर्नुपर्छ ।

यहाँहरूको कम्पनीको लेखाको अभिलेख र त्यसलाई समर्थन गर्ने कागजातहरूले मुख्य कारोबारको प्रकृतिको व्याख्या गर्नका साथसाथै त्यसको झलक दिनुपर्छ । खुला नगरिएको र अभिलेख नगरिएको लेखा, कोष वा सम्पत्ति स्थापित हुने र कायम हुने छैन ।

## स्वार्थको द्वन्द

सबै कर्मचारीहरु र युनिलिभरको लागि काम गर्ने अन्य सबैले कम्पनीको आफ्नो जीम्मेवारीसँग बाझिन सक्ने गरी व्यक्तिगत कियाकलाप नगर्ने र आर्थिक स्वार्थ नराख्ने अपेक्षा राखिएको छ ।

कर्मचारीहरूले आफ्नो पदको दूरूपयोग गरी आफ्ना लागि वा अरुका लागि लाभ खोज्नु हुँदैन ।

## परिपालना - अनुगमन - रिपोर्टिङ

यी सिद्धान्तहरूको परिपालना हुनु हाम्रो व्यवसायिक सफलताका महत्वपूर्ण कडि हो । यूनिलिभर भरी यी सिद्धान्तहरू लागू भएको सुनिश्चित गर्न यूनिलिभर बोर्ड जीम्मेवार छ ।

गरेको विश्वव्यापी आचार संहिता तथा नीति समितिले सहयोग गरेको छ । विभिन्न भूगोल, क्याटेगोरी, कार्य तथा अपरेटिङ कम्पनीका सबै उच्च व्यवस्थापनलाई दैनिक जीम्मेवारी प्रत्यायोजन गरिएको छ । तिनीहरू स्थानीय आचार संहिता समितिहरूको सहयोगमा यी सिद्धान्तहरू कार्यान्वयन गर्न जीम्मेवार छन् । संगठित जीम्मेवारी समितिको सहयोगमा परिपालनाको आश्वासनको पुनरावलोकन बोर्डले गरेको छ र आर्थिक तथा लेखा सम्बन्धी विषयमा भने लेखा परीक्षण समितिले पुनरावलोकन गरेको छ ।

आचार संहिताको कुनैपनि उल्लंघनको बारेमा माथि जाहेर गर्नुपर्छ । कर्मचारीले गोप्य रुपमा त्यस्तो जाहेर गर्नसक्ने व्यवस्था गरिएको छ र त्यसरी जाहेर गरेको परिणाम स्वरुप कुनै कर्मचारीले कुनै क्षति व्यहोर्नुपर्नेछैन ।

# २८औं वार्षिक साधारण सभाको **सूचना**

आदरणीय शेयरधनी महानुभावहरु,

विश्वव्यापी महामारी कोरोनालाई मध्यनजर गर्दै युनिलिभर नेपाल लिमिटेडको २८ औं वार्षिक साधारण सभा २०७८ साल कार्तिक ११ गते (तदनुसार अक्टोजवर २८, २०२१) अभौतिक माध्यम अर्थात भिडियो कन्फ्रेसन्सिङ्गको (लाइभ(स्ट्रिमिङ्ग) माध्यमबाट तपशील बमोजिम कार्य गर्ने गरी बस्ने भएको हुँदा सबै शेयरधनी महानुभावहरुलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । उक्त सभामा निम्न बमिजिमको व्यवसायिक विषयहरुको छलफल तथा रितपूर्वक निर्णय गरिनेछ ।

## सामान्य प्रस्तावहरू:

१. आ.ब. २०७७/७८ (१६ जुलाई २०२० देखि १५ जुलाई २०२१) को नाफा नोक्सान विवरण, वासलात, नगद प्रवाह विवरण, आषाढ ३१, २०७८(१५ जुलाई २०२१) सम्मको संचालक समिति तथा लेखा परिक्षकका प्रतिवेदनहरु प्राप्त गरी पारित गर्ने ।

२. २०७८ साल श्रावण १ (१६ जुलाइ २०२१) देखि शुरु हुने वर्षको लागि नयाँ लेखापरिक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने (टि.आर. उपाध्याय को चार्टर्ड अकाउन्टेन्ट्सलाई) लेखा पारिक्षक समितिले नियुक्तिको लागि सिफारिस गरेको छ ।

३. संचालक समितिको सिफारिस बमोजिम लाभांश स्वीकृति गर्ने ।

४. प्रबन्ध निर्देशकको पारिश्रमिकको बारेमा जानकारी गराउने ।

५. युनिलिभर नेपाल लिमिटेडको संगठित सामाजिक जिम्मेवारी अन्तर्गतका परियोजनाहरुको खर्चहरु पारित गर्ने ।

६. सर्वसाधारण शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्देश नियुक्ति गर्ने ।

७. विविध: अध्यक्षको अनुमति अनुसार ।

मितिः ६ सेप्टेम्बर २०२१ (२०७८ साल भाद्र २१ गते)
**रजिस्टर्ड अफिस:**
बसामडी, हेटौडा-३,
मकवानपुर, नेपाल

सञ्चालक समितिको आज्ञाले
**एलिना आचार्य**
कम्पनी सचिव

# विषय सूची


सञ्चालक समितिको प्रतिवेदन ........................................................... ०१

अतिरिक्त जानकारी ........................................................................ १६

लेखापरीक्षकको प्रतिवेदन ................................................................. १८

वासलात ......................................................................................... २४

नाफा वा नोक्सान विवरण .................................................................. २५

अन्य बिस्तृत आयको विवरण ............................................................. २६

नगद प्रवाहको विवरण ....................................................................... २७

इक्युटीमा हेरफेरको विवरण ............................................................... २८

लेखासम्बन्धि महत्वपूर्ण नीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु ............................ २९

वित्तीय विवरणका नोटहरू .................................................................. ४३

पाँच वर्षको वित्तीय सम्पादन अभिलेख ..................................................... ५६


# सञ्चालक समितिको वार्षिक प्रतिवेदन

**सञ्चालनबाट भएको आय**

**ने.रू. ५७३१ मिलियन**

**खुद मुनाफा**

**ने.रू. ८६१ मिलियन**

**संचालित नगद प्रवाह**

**ने.रू. ९३३ मिलियन**

**प्रस्तावित लाभांश प्रति शेयर**

**ने.रू. ६५०**

## खुद मुनाफा (रू दश लाख)




## सञ्चालनबाट भएको आय (रू दश लाख)




## प्रति शेयर लाभांश




## खुद पुँजीगत खर्च (रू दश लाख)




२०७८ साल आषाढ ३१ (१५ जुलाई २०२१) मा समाप्त भएको आर्थिक वर्षको लेखापरिक्षण प्रतिवेदन सहितको कम्पनीको यो वार्षिक प्रतिवेदन पेश गर्न पाँउदा तपाईहरुको कम्पनीको सञ्चालकहरु हर्षवन्दित भएका छन।

## वित्तीय कार्यसम्पादनको संक्षेप

| मिलियनमा | २०७७-७८ | २०७५-७६- |
|---|---|---|
| कार्यसञ्चालनबाट राजश्व | ५७३१ | ५५४७ |
| कर अगाडिको मुनाफा | १०५१ | ५७२ |
| यस वर्षको खुद मुनाफा | ८६१ | ३५८ |
| लाभांश | -९२ | -७०९ |
| अघिल्लो वर्षको व्यालेन्स अल्या | १८५४ | १०८५ |

## आर्थिक बर्ष २०७७/७८ को पुनरावलोकन

वित्तीय कार्यसम्पन्नताको समीक्षा

राष्ट्र कोभिड-१९को विश्वव्यापी महामारीबाट प्रभावित भएबाट यो आ. ब.२०७७/७८ निकै चुनौतीपूर्ण वर्ष रह्यो । हामीले असोज-कार्तिक २०७७ (अक्टोबर २०२०) मा पहिलो उच्च-तरंग अनुभूत गर्‍यौं र मंगसिर-पौष २०७७ (डिसेम्बर २०२० को अन्त्यसम्म प्रकोप अलि तल झर्‍यो । वर्षको पहिलो आधा-अवधिमा हाम्रो कारखाना, विक्रेताहरु साथै ग्राहकहरुलाई गम्भीर रूपमा बाधा-अडचन खेप्नु पर्‍यो । यसमा बाधा-अडचन पर्‍याउने प्रमुख कारणहरु थिए: (क) एक विशिष्ट र अपरिहार्य कच्चामाल र प्याकेजिङ सामग्रीहरु भंसार विन्दुबाट सीमा-वारपार गरी ओसारपसार गर्ने समस्या (ख) समुदायमा कोभिड-१९ फैलने खतरा, र (ग) कारखाना बन्द हुनु र कर्मचारीहरुको आवागमनमा प्रतिबन्धको कारण मानिसहरुको रोजगारी गुम्न पुग्नु । परिणामस्वरुप, तपाईको कम्पनीको कुल आय २८ प्रतिशतले घट्न गयो ।

बन्दाबन्दी (लकडाउन)को कारण हेटौंडामा रहेको हाम्रो कारखाना समीक्षा अवधिमा ३५ दिनसम्म सञ्चालनमा आउन सकेन । यद्यपि, यस स्थितिले पनि कामदार र व्यवस्थापन बीच सम्पन्न भएको विद्यमान सामूहिक सौदेबाजी सम्झौता (सिबिए) अनुसार हाम्रो कारखाना-संचालनमा बढो राम्रो स्थिरता ल्यायो । यी कठीन समयको दौरानमा, तपाईको कम्पनीले यसको सबै क्षेत्र (भित्री कोर र बाहिरी कोर) मा काम गर्ने मानिसहरुको संरक्षण सुनिश्चित गर्‍यो र खोप लगाउनमा प्रोत्साहन पनि गर्‌यो । आजको मितिसम्म हेटौंडाको हाम्रो कारखानामा काम गर्ने १०० प्रतिशत खोपयोग्य कर्मचारीहरु (र अनुबंध अन्तर्गतका कामदारहरु समेत) लाई पूर्ण खोप लगाइएको छ । समग्रमा, तपाइँको कम्पनीसँग प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा काम गरिरहेका ५८ प्रतिशत मानिसहरुले पूर्णखोप लगाईसकेका छन् र यो प्रयास जारी छ ।

दैनिक नयाँ कोभिड-१९ को मामिलाहरुमा कमी र आर्थिक गतिविधिहरुको पुनर्बहाली भएसंगै, हाम्रो कुल आय तेस्रो-त्रैमासिक (क्यू ३) मा ५८ प्रतिशतले वृद्धि भयो । यस अवधिको दौरान हाम्रो स्टकले राम्रोसँग उत्पादन-वर्गीकरणहरुलाई समावेश (कभर) गर्दछ । तर राष्ट्र फेरि चौथो-त्रैमासिक (क्यू ४) मा कोविदको दोस्रो लहरद्वारा प्रभावित हुन पुग्यो । तथापि, पहिलो कोविड तरंगको अनुभव र त्यसबाट पाठ सिक्दै, चौथो-त्रैमासिक (क्यू ४) सम्ममा कम्पनीको कुल आयमा ३३ प्रतिशतले वृद्धि भयो र बर्षको अन्त्यमा १.८ प्रतिशतले बृद्धि कायम भयो ।

यी कठिन समयको दौरान, तपाईको कम्पनीले यसको सबै क्षेत्र (भित्री कोर र बाहिरी कोर) को सुरक्षा सुनिश्चित गर्‍यो । यूएनएल टीमले यस अभूतपूर्व संकटको घडिमा परिपक्वता र शान्तभावले काम गर्‍यो, र आफ्नो मानिससहरुको सुरक्षा सुनिश्चिता गर्‍यो । र, कुनै पनि सम्भावित अवसरलाई मुर्त्तता दिन बाँकि राखेन । पि एण्ड एलको सहयोग-बलको कारण लागत सचेतना कार्यक्रम तथा बचत वृद्धि कार्यक्रमहरु संचालन गरी कम्पनीको खुद नाफा ने.रु. ३५.८ करोडबाट बढेर ८६.१ करोड पुग्यो ।

समीक्षा अवधिको दौरान, हाम्रो कम्पनीले हाम्रो पोर्टफोलियोमा मिडिया लगानी बढाएर हाम्रो बजार विकास रणनीतिको पुनः अन्वेषण गर्न भरमग्दुर कोशिश गरेको छ । नेपालमा क्लीन फीड नीतिको कार्यान्वयन पछि, तपाईको कम्पनीले टिभी, प्रिन्ट, रेडियो, डिजिटल र अन्य मिडियाहरमा नेपाली भाषाको प्रयोग बढाएको छ । धेरै ब्राण्डहरु, खासगरी लाईफबॉय र ग्लो एण्ड लभ्ली लगायतका उत्पादनमा नेपाली भाषाको सृनात्मकता बढाएको छ । कम्पनीको पोर्टफोलियोको ८० प्रतिशत कोविड-सम्बन्धित पोर्टफोलियो हो - जसमा साबुन, शैम्पू, ओरल, फेब्रिक सलुशन र चिया पर्दछन् । मन्दीको बावजुद पनि हाम्रो बजार उपस्थिति बलियो छ, र यसको प्रमाण तेस्रो-त्रैमासिक (क्यू ३) को सफलता हेरे पुग्छ । यी सबै क्याटेगोरीहरुका ब्रान्डहरु बजार-नेता हुने सिलसिला जारी छ । हाम्रो ब्रान्डहरुको शक्ति र यी ब्रान्डहरुको पछाडि लगानीमा निरन्तर ध्यान केन्द्रित गरिएको छ । हामीलाई बजारमा प्रतिस्पर्धी दबाब र कठिन बजार स्थितिको बावजुद पनि ब्राण्डको शक्ति तथा निरन्तर रुपमा गरिएको लगानीको कारण, हामी सबै क्याटेगोरीहरुमा नेतृत्व कायम राख्न सक्षम भएका छौं. ।

# व्यावसायिक सामाजिक उत्तरदायित्व




नेपाल लगायत सम्पूर्ण विश्वमा कोभिड-१९ को विश्वव्यापी महामारीको संत्रास प्रति युनिलिभर नेपाल चिन्तित छ-सचेत छ। “हामी जो सँग काम गर्दछौं, जुन समुदायहरुसँग निकट हुन्छौं र जुन वातावरणमा सकारात्मक असर पार्न सक्छौं ती सबै प्रति हामी उच्च स्तरको वावसायिक आचारण गर्दछौं। भन्ने हाम्रो जुन उद्धेश्य छ त्यसलाई ईमान्दारीता पूर्वक परिपालना गर्न हामी प्रयत्नशील रहन्छौं। यसमा हाम्रो नेतृत्वको दृढ विश्वास छ कि विगत २८ वर्ष देखि संस्थापित भई मानिसहरुको सेवा गरिरहेको एउटा कम्पनी भएको हैसियतमा हाम्रो ठूलो जिम्वेवारी छ। हाम्रो मानिसहरुको स्वास्थ्य तथा सुरक्षामा हाम्रो उच्चत्तम प्राथमिकता रहनेछ। हामीले सम्भव भएसम्म “घरवाट काम” लागू गरेका छौं। हाम्रो आपूर्ति-सृङ्खला (सप्लाई चेन), विक्री सुरक्षा सम्बन्धि सुरक्षा आँचरणहरुले विश्व स्वास्थ्य संगठनका मापदण्डहरुसँग मेल खान्छन् र हाम्रा कामहरुका सुरक्षा व्यावस्थापनमा तिनीहरुलाई उत्तम अभ्यासको रुपमा समावेश गरेका छौं। हामीले काम गर्दा हाम्रो प्यारेन्ट कम्पनीले झैं हामी व्यावसायिक उत्तरदायित्वलाई केन्द्रमा राख्दछौं र समुदायलाई एउटा समुचित राहत प्याकेज पनि प्रदान गर्दैछौं।

## दीगोपन




युनिलिभरको प्रतिवद्धताको एक हिस्साको रुपमा, हामीले यो विश्वलाई “बस्न लायक एउटा दिगो साझास्थल बनाउने” प्रतिवद्धता अर्न्तगत नेपाली सेनाको सहकार्यमा “हिमालय-पहाड सफाई अभियान २०२१ (२०७८)” सम्पन्न गर्‍यौं। फोहोरमैला मुक्त विश्व बनाउने युनिलिभरको रणनीतिको केन्द्र भागमा भएकाले विश्व दिगोपन सम्बन्धी दृष्टिकोण अन्तर्गत यो अभियान संचालन गरेका हौं। फोहोरमैला व्यावस्थापनमा हुने लापरवाहीले वन्यजन्तु मर्न जाने, हिमालय-पहाडको सुन्दरताा समाप्त हुने र हाम्रो ग्रहमा बस्नेहरुको स्वास्थ्यमा संत्रास वढ्ने गर्दछ। यस हिमालय सफाई अभियान अन्तर्गत ५०२० केजी फोहोरमैला संकलन गर्यौं जस मध्ये ४६२० केजी गैर-जैविक नासवान फोहोरमैला थिए त्यसलाई रिसाइक्लिङमा पठाईयो भने बाँकि ३०० केजी जैविकनासवान थिए जसलाई धौलागिरी गाउँपालिका मार्फत व्यावस्थापन गरियो।

हामी हाम्रो ग्रहको स्वास्थ्य सुधार्न प्रतिवद्ध छौं। हामी प्लाष्टिक प्याकेजिङ फोहोर हटाउने कठोर कार्यमा पनि लागेका छौं। आफ्नै कार्यक्रमबाट निस्कने ती प्लास्टिकजन्य फोहोरमैला हटाउन खासगरी साझेदारी तथा पारस्परिक सहयोगको माध्यमबाट गर्नेगराउने जमर्को गरिरहेका छौं। यसको अन्तिम लक्ष्य भनेको फोहोरमैला व्यावस्थापनको लागि एउटा विश्वव्यापी दिगोपन प्रणालीको सृजना गर्नु रहेको छ। हामी यस ग्रहमा बस्ने प्रत्येकका लागि एउटा वस्नयोग्य दीगो साझास्थल बनाउन कटिवद्ध छौं र आउँदा दिनहरुमा यस्ता कार्यक्रमहरुमा निरन्तर रुपले लाग्ने छौं।

## स्वास्थ्योपचार सम्बन्धी संरचना

हामी कोविड-१९ महामारीसँग जुधिरहेछौं यस अवस्थामा नेपालको साथमा उभिनु हाम्रो कर्तव्य हो। कोविड-संक्रमणसँग जुधिरहेका विरामीहरुका लागि अक्सिजन अभाव भएको समयमा हामीले हेटौडामा हाम्रो कारखाना नजिक हेटौडाको सरकारी अस्पतालमा उद्योगसंघ तथा अन्य उद्योगहरुको साझेदारीमा अक्सिजन उत्पादन गर्ने प्लान्ट लगायौं। यसका अतिरिक्त, नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, श्री विरेन्द्र सैनिक अस्पताल, छाउनी, नेपाल उद्योग तथा व्यापार महासंघ, हेटौडा सरकारी अस्पताल समेतलाई १२८ थान अक्सिजन कन्सेन्ट्रेटरहरु प्रदान गर्यो, त्यस्तै गरी माईति नेपाल, हाप्सा नेपाल, नेपाल स्वंयसेवी संघ जस्ता गैर–सरकारी संघसंगठनहरुलाई ‘होमआइसोलेशन कोविड केयर किट्स’ वितरण गर्यौं। यस किट्स वक्समा सर्जिकल मास्क २००० थान, लायफव्याय हेण्ड सेनिटाईजर ९०० थान, लाईफव्वाय साबुन २८४० थान, भीमवास १४४० थान, क्लोज अप १४४० थान समावेश थिए। यी सामाग्रीहरु ग्रामिण क्षेत्रमा प्रयोग गर्ने गरी प्रदान गरिएको थियो। साथै, जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई लाईफव्वाय सावुन १००८ थान, एन ९५ मास्क ५०० थान प्रदान गरियो र हेटौडा आसपासका समुदायहरुमा हामीले साबुन ११९५२ थान, दन्त मञ्जन ७२० थान, एन ९५ मास्क, २५०० थान र ग्लोप्स २०० थान वितरण गरियो।

यस स्थितिमा हाम्रो दृष्टिकोण विद्यमान स्वास्थ्योपचार संरचनाहरुमा पर्ने भार कम गर्नु थियो ताकि उनीहरुले मेडिकल अक्सिजनको निरन्तर आवश्यक पर्ने गम्भीर र नाजुक स्थितिका कोविड विरामीहरुलाई सहजै सेवा प्रदान गर्न सकुन्। युनिलिभर परिवारले मुलुकको सर्वात्तम हितका लागि स्वस्थ्य संकटसँग जुधिरहेका अधिकारीहरुलाई सम्भव भएसम्मका सहयोग जारी राख्नेछ।

## वृहत सचेतना फैल्याउँदै

सामाजिक सञ्जालमा एउटा वृहत प्रकारको हात धुने सचेतना अभियान संचालन गरिएको थियो-जसले मानिसहरुलाई के प्रोत्साहन गर्‍यो भने आफुलाई सुरक्षित गर्न सबैभन्दा महत्वपूर्ण कार्य भनेको आफ्नो हात आफै राम्ररी धुनु हो। यस सन्दर्भमा हामीले एउटा नारा पनि बनायौं “कोरोना भाइरसलाई जित्ने चावी तपाईसंगै छ। कोरोना भाइरसबाट नेपाललाई जोगाउने तपाई कै हात हुन्।” यस अभियानको मुख्य उद्देश्य मानिसहरुमा हात धुनुको महत्व बुझाई सचेतना जगाउनु  थियो र यो करिब ४० लाख मानिसमा पुग्यो। यो अभियान सामाजिक सञ्जालमा (मिडिया) मा मात्र सीमित थिएन बरु यसलाई प्रिन्ट र डिजिटल  भिडियामा पनि सम्प्रेषित गर्‍यौं।

## जनमानसहरूको मन जित्दै जित्दै

हामी मानिसहरुको लागि आ.ब. २०७७-७८ (सन २०२०-२०२१) असामान्य रुपले चुनौतिपूर्ण वर्ष रह्यो। हामीहरु विभिन्न रुपमा विश्वव्यापी महामारीबाट प्रभावित भयौं। यद्यपि हामीलाई राष्ट्रिय बन्दाबन्दी (लकडाउन) ले प्रभावित पारेतापनि विभिन्न क्षेत्रहरुमा हामीले गरेका भगिरथ प्रयासहरुबाट सुरक्षित रुपले कार्य सञ्चालन गर्न सक्षम भयौं – चाहे त्यो कारखाना क्षेत्रमा होस् वा बजारमा होस् वा घर–अफिसमा होस्। हामीले चाडै नै नयाँ तरिकाले काम गर्न थाल्यौं – पुनर्विचार गर्यौं, हाम्रो व्यावसायलाई पुनर्रआकार गर्यौं। हामीले यस वर्ष हुन सक्ने अवाञ्चित घटनाहरुलाई सामना गर्न गति तथा क्रियाशीलताका साथ काम गर्यौं र एउटा संस्कृतिको विकास गर्ने क्रमलाई जारी राख्यौं ताकि हाम्रो मानिसहरुले लक्ष्य हासिल गरुन् र आफुहरुलाई भावी कार्यका लागि तयार पारुन्।

## सबैतिर अघि बढ्दै

यो विश्वव्यापी महामारीको समयमा मुलुकभरिका सबैतिरका ग्राहकहरुले घरेलु आवश्यकताका वस्तुहरुका लागि हामीमाथि पुरापूर भर परेका थिए। त्यसकारण यो आवश्यक रह्यो कि हामीले यसबीचमा हाम्रा कारखाना तथा वितरणकेन्द्रहरु संचालन गरिराख्यौं। यस निम्ति हामी हाम्रा कर्मचारीहरु र हाम्रा वितरक विन्दुहरु, डिपोहरु, तेस्रो पक्षका वस्तु उत्पादक क्षेत्रहरुमा रहेका विस्तारित ‘भ्यालु चेन’ लगायत प्रति कृतार्थ छौं–जसले यो काम गर्न हामीलाई सम्भव तुल्याए। हाम्रो अगाडि हाम्रा कारखानाहरु तथा अग्रपङ्तिका बिक्रीकेन्द्रहरुमा समग्र रुपले आफ्ना व्यावसाय संचालन गर्दै गरेका र हाम्रा मेडिकल तथा

व्यावसायिक स्वास्थ्य टोलीहरुले हाम्रा मानिसहरुलाई सुरक्षित गर्न कडा परिश्रम गरिरहेका र हाम्रा क्षेत्रहरु आसपासका समुदायहरुलाई स्वंयमसेवा गरेर धेरै मानिसहरुलाई उत्प्रेरित गरिहेका कयौं विरहरुलाई हामीले देख्यौं ।

## क्षमतावृद्धि सम्बन्धि हस्तक्षेपहरू

शिक्षाले अन्वेषण गर्दछ र यसले मानिसहरुको संभाव्यता (पोटेन्सिल) खोज्न सहयोग पुऱ्याउँदछ । कोविड–१९ को आकस्मिक फैलावटले विश्वभरिका शिक्षा सम्बन्धि दृष्टिकोणलाई चुनौति दियो र प्रत्येकलाई रातारात अनलाईन मोडतर्फ धकेल्यो । हामीले अनलाईन शिक्षा प्लेटफर्मको माध्यमबाट शिक्षा प्राथामिकतामा राख्यौं, जसले समय र स्थानाको लचकता प्रदान गरेको छ । यसले कर्मचारीहरुलाई व्यावसायिक रुपले अघि बढ्न सहयोग पुऱ्यायो जसबाट लिङ्कडईन, यूडेमी सर्टिफिकेशन प्रोगामहरु, डिग्रिड तथा युनिलिभर लर्निङ मेनेज्मेन्ट सिस्टम जस्ता प्लेटफर्महरुको माध्यमबाट पेशागत रुपले कर्मचारीहरुको क्षमता अभिवृद्धि हुन पुग्यो । जसबाट शीपकौशलताको नयाँ युगको प्रादुर्भाव हुन पुग्यो । विएसपिएएन मुलुकहरुका दक्ष व्यक्तित्वहरुबाट प्रदान गरिएका भर्चुयल शिक्षाले पनि व्यावसायलाई महत्व दिएर सिकाई–अनुभवहरुलाई समृद्ध पार्न मद्दत गर्यो । यसबाट हामीहरुले हाम्रा मानिसहरुलाई भविष्ययोग्य तथा उद्देश्य मुलक बनाउन कार्यगत सिकाई प्राथमिकताहरुमा स्पष्ट रुपले दृष्टिगोचर गरी सांगठनिक क्षमताहरुको विकास गर्न सक्दछौं । हाम्रो आकांक्षा के हो भने हाम्रा सबै मानिसहरु पुनः शीप प्राप्त गर्न, शीप वृद्धि गर्न ('रिस्किल' वा 'अपस्किल' गर्न), लचकतापूर्वक काम गर्न र कामको परिवर्तनशील संसार अनुरुप अनुकुलन गर्न सुनिश्चित हुन सकून् ।

## नवप्रतिभा व्यावस्थापन तथा हाम्रा कर्मचारीहरूको ब्रान्डको मजबुतिकरण

उत्तम प्रतिभालाई आकर्षित गर्न क्याम्पस/कलेजसंगको संबन्ध तथा तदारुकताहरु हाम्रा प्रथामिकताहरु मध्ये एक हो –नेपालका उत्तम युवा मनहरुसंगको अन्तरकृया युनिलिभर नेपालको एउटा विजयी यात्रा अन्तर्गत पर्दछ । युनिलिभर नेपाल मुलुकको उच्च क्याम्पसहरुमा अध्यायनरत विद्यार्थीहरुका लागि सन् २०२० का लागि 'एम्लोएर अफ चोइस' रहेको छ । यस अन्तर्गत हामीहरु 'यु-नेक्स्ट' 'स्टुडेन्ट एम्वासेन्डर प्रोग्राम' जस्ता कार्यक्रमहरु संचालन गर्दछौं–जसको उद्देश्य हो युवावर्गको संगठन निर्माण गर्नु जसले 'एफएमसिजी मार्केटमा फरक अनुभूति गराउँदछ र मनोरञ्जन पनि प्रदान गर्दछ । यस्ता कार्यक्रमहरुले तिनीहरुको वृत्तिविकासमा सहयोग पुऱ्याई सहजीकरण गरी शीप विकासमा मद्धत पुऱ्याउँदछ । हामी नेपाल भरिबाट छानिएका विद्यार्थीहरुलाई सशक्तिकरण गर्न चाहन्छौं, सवलिकरण तथा सुन्दर पार्न (ग्रुमिङ गर्न) चाहन्छौं–जसबाट निजहरुले आफ्नो संस्थाहरुमा ब्राण्ड-दूत वा दक्ष भई काम गर्नेछन् । हामीहरु विद्यार्थीहरुसँग अर्थपूर्ण तथा गहिरो सम्बन्ध स्थापित गरी त्यसलाई निरन्तरता दिन चाहन्छौं र क्याम्पसहरुमा विद्युतीय माध्यमवाट विद्यार्थी विचमा ब्राण्ड-दूत बनाई जीवन्त सम्बन्ध स्थापना गर्न चाहन्छौं र कम्पनीको लागि उत्तम प्रतिभाहरुलाई आकर्षण गर्न चाहन्छौं ।

## वृद्धि सँस्कृतिको परिपोषण गर्दै

हाम्रो प्रयत्न हो-तीन सिद्धान्तमा आधारित एउटा वृद्धि-सँस्कृति (ग्रथ कल्चर)को विकास गर्नु, ती हुन्: मानव, उद्देश्यमूलक र जवाफदेही । हामी हाम्रा कर्मचारीहरुलाई सुन्दछौं र यी दृष्टिकोणहरुलाई कार्यमा ल्याउन प्रतिवद्ध छौं । हाम्रो वार्षिक कर्मचारी सर्भे यूनि भोईस वर्षभरि खुल्ला हुन्छ, र त्यसमा हाम्रो कार्यालय-आधारित कर्मचारीहरुको ९४% सहभागिता रहेको पाईएको छ । सो सर्भेले सम्पूर्ण आयतनमा सुधार देखाएको छ । समग्रमा भन्नु पर्दा, युएनएलमा काम गर्न गौरव मान्ने ९९% रहेको छ । वृद्धि मानसिकता ९१% मा र कर्मचारी संलग्नतामा ९०% मा रहेको छ । यी उत्साहजनक अंङ्कनले कर्मचारीहरुको आवाजलाई प्रतिविम्वित गर्दछ र हाम्रा कर्मचारीहरुले हाम्रो कम्पनीलाई कसरी अनुभूत गर्दछन् भन्ने देखाउँदछ । हामी उद्देश्यमूलक तथा भविष्योन्मुख रणनीतिका साथ कार्य सम्पादन सँस्कृति तर्फ अघि बढि रहेकाछौं–जहाँ वृद्धिसँस्कृतिको विकासले कर्मचारीहरुलाई स्वच्छ तथा पारदर्शी व्यावस्थापन तर्फ डोऱ्याउँदछ ।

## कर्मचारी सम्बन्ध तथा संलग्नता

हामी विश्वास गर्दछौं कि काममा संलग्न कर्मचारीहरु नै प्रतिवद्ध, सकारात्मक तथा सुखी हुन्छन् र त्यसकारण यूएनएलमा हामीहरु त्यस्तो वातावरण निर्माण गर्न खोजिरहेछौं जहाँ उनीहरुले सिक्न र वृद्धि गर्न सिकोस् । हामीले युएनएलमा वार्षिक सम्मेलन गरी एमडि कनेक्ट विथ क्यू एण्ड ए कार्य समेत सम्पन्न गरिसकेकाछौं–जसको उद्देश्य थियो कर्मचारीहरुलाई नेतृत्व वर्गसँग नजिक पऱ्याउनु र यूएनएलमा कर्मचारीको सेवा तथा कडा मेहनतको पहिचान गर्नु/गराउनु । यसरी, हामीहरु नेतृत्व र कर्मचारीहरुबीच नियमित अन्तरक्रिया तथा काम कसरी राम्रो गर्न सकिन्छ भनेर आपसी छलफल गर्दछौं – कामका क्षेत्रहरु बारे अन्तरक्रिया गर्ने गर्दछौं । हामी यो पनि सुनिश्चित गर्दछौं कि नवागन्तुकहरुले एम.डि.सँग बढी सम्बन्ध तथा सँलग्नता गर्न पाओस् ताकि निजहरुको वृत्ति विकास भई प्रारम्भमा नै संगठन सँस्कृति र यसका अपेक्षाहरु बुझ्न सकोस् । साथै कोभिड १९ को अवधिमा कार्यशैली सुनिश्चिताका लागि व्यावसायको मुख्य भित्री तथा वाह्य क्षेत्रहरुमा काम गर्दा अपानाउनु पर्ने सुरक्षा र कल्याणका विषयमा निरन्तर कार्य निर्देशिकाहरु उपलब्ध गराई रहन्छौं । कोविड १९ को अवधिमा कर्मचारीहरुबीच नियमित सम्पर्क कायम गर्दै, सामाजिक, सहयोग प्रदान गर्दै, वितरकहरुसँग सञ्चारसम्बन्ध कायम गर्दै र वाह्य क्षेत्रमा काम गर्ने मुख्य कर्मचारीहरुबीच सचेतना जगाउँदै कोभिड १९ विश्व महामारीको समयमा सुरक्षित रुपले काम गर्दै गएकाछौं ।

# ब्रान्ड र आविस्कारहरू द्वारा बिजेता बन्दै

## उपभोक्तासँगको सम्बन्ध

नेपालमा नियमनकारी संरचना संचालनमा आएको परिवर्तनका कारण हाम्रो कम्पनीलाई निकै असर पऱ्यो । उदाहरणको लागि विज्ञापन ऐन, २०७६ । हामीले यस वर्ष यी परिवर्तनहरुको सम्यक अनुकुलन मिलायौं । हामीले हाम्रा उपभोक्ताहरुमा प्रभावकारी ढंगबाट पुग्न मिडिया प्रेषण मोडलको विधि अपनाएर विज्ञापनको माध्यमबाट स्थानीय संचार संघ-संस्थाहरुसंग काम गर्नु परेको थियो । यस अन्तर्गत परम्परागत टेलिभिजन, रेडियो र प्रिन्ट माध्यम तथा गैह-परम्परागत माध्यमहरु जस्तै फेसबुक, युट्युब एवं टिकटक थिए । हामीले रणनीतिक मिडिया जस्तै आयोजकहरु जुटाउनु तथा ब्रान्डेट विषय सहित अन्य विभिन्न संचार सहकर्मीहरुलाई पनि उपयोग गर्नु परेको थियो ।


LEVERCARE - QUERY / FEEDBACK
TOLL FREE:
9801572211
GPO BOX 7765, KATHMANDU, NEPAL
NEPAL.LEVERCARE@UNILEVER.COM
Also contact us on WhatsApp


नेपालमा हामीले लिभरकेयर सेटअप बारे पनि बिचारविमर्श गर्न पाउँदा हामीलाई धेरै खुसी लागेको छ । यो यस्तो सुविधा हो जसले हाम्रा ग्राहकहरुलाई हामी समक्ष प्रत्यक्ष रुपमा पुग्ने अनुमति प्रदान गर्दछ र परामर्श, जिज्ञाशा तथा चासोहरुको बारे बिचार आदानप्रदान गर्ने सुविधा प्रदान गर्दछ । उपभोक्ता केन्द्रित संगठन भएकाले, हाम्रा उपभोक्ताहरुलाई हार्दिकता पूर्वक संबन्ध स्थापित गर्ने यो एउटा ठूलो कदम हो । यस प्रकारका तदारुकताले पनि हामीलाई संसारभरिका युनिलिभर संगठनहरुसँग परिचित गराई समभाव उत्पन्न गराउँदछ ।

## ग्लो एण्ड लभ्लीको पुरागमन

२५ जुन २०२० मा युनिलिभर नेपाल लिमिटेडले आफ्नो त्वचाको हेरचाह पोर्टफोलियोको विकासको सन्दर्भमा यसको ब्रान्ड फेयर एण्ड लवली को रिब्रान्डिसंगै अर्को कदम घोषणा गर्यो । सौन्दर्यको विषयमा एक समावेशी दृष्टि भावलाई अङ्गालेर ब्रान्डको यात्रा अघि बढाउँदै, कम्पनी ब्रान्ड नाम 'फेयर एण्ड लभ्ली' मा 'फेयर' शब्दको उपयोग बन्द गरिनेछ, र यस कदमको भागको रूपमा, हामी घोषणा गर्दछौं कि अब देखि 'फेयर एण्ड लभ्ली' यसको ब्रान्ड नामलाई ग्लो एण्ड लभ्ली मा परिवर्तन गरिनेछ ।

विगत दशकमा, 'फेयर एण्ड लभ्ली' को विज्ञापन महिला सशक्तिरणको निम्ति एक सन्देशको रुपमा संचार गर्न विकसित गरिएको थियो । सन् २०१९ को प्रारम्भमा, ब्रान्डको संचार गर्नुको मतलब सेतो र त्वचाको उज्यालो चमक, समटोन, त्वचाको स्वच्छता र चमकको लाभहरुबाट अलग गर्नु थियो - जुन स्वस्थ त्वचाको लागि आवश्यक थियो ।




ग्लो एण्ड लभ्ली एक अग्रणी टेक्नोलोजी हो - जसले सस्तो मूल्यमा लाखौं उपभोक्ताहरुलाई धेरै किसिमबाट त्वचा सम्बन्धी स्वास्थ्यलाभ गराएको छ । ग्लो एण्ड लभ्ली मा भिटामिन बि ३, बि ६, सि एण्ड ई, ग्लिसरीन, युभिए र सनस्क्रिन र एलाटोनहरुलाई संयोजन गरी मिलाईएको छ - जसले त्वचाको स्वास्थ्यमा सुधार ल्याउँदछन् र यी तत्वहरु बाहिरी आक्रामकहरु तथा पर्यावरण प्रदूषणबाट त्वचाको सुरक्षा गर्न नामुद मानिएको छ । यसले त्वचामा असर परेमा सुधार गर्दछ - त्वचाको माइक्रोबायोमलाई बढाई दिन्छ, वा, त्वचाको कडापनमा सुधार ल्याउदँछ अनि त्वचाको बनावटलाई नरम बनाई समग्र रूपमा त्वचाको चमक बढाउँदछ ।

ग्लो एण्ड लभ्ली दशकौं देखि हाम्रा लाखौं उपभोक्ताहरुका दैनिक दिनचर्याको हिस्सा बनेको छ । प्रभावकारी ढंगले नाम परिवर्तन गर्दै र उही आनन्दायी उत्पादन अनुभवको हाम्रो उपभोक्ताहरुलाई आश्वासन बाड्दै यस वर्ष ब्रान्डको शीर्ष प्राथमिकतालाई उपयोग गरिरहेका छौं । हामीले पहिलो पटक 'मेड इन नेपाल' टिभी कमर्शियलको पनि विकास गरेका छौं र सफलतापूर्वक यसलाई नेपाली टेलिभिजन

च्यानलहरुमा प्रसारण गरेका छौं । हामी एक मल्टिमिडिया दृष्टिकोणको पछि लाग्यौं - जहाँ हामीले प्रिन्ट, आउटडोर, पत्रिका, डिजिटल र बिक्री मिडियाको बिन्दुहरुको माध्यमबाट प्रभावकारी ढंगले हाम्रा उपभोक्ताहरु कहाँ पुग्न सक्रिय छौं ।

## लाइफब्वाय

लाइफब्वाय (साबुन) हाम्रो प्रसिद्ध र लोकप्रिय ब्रान्डहरु मध्ये एक हो । र, यो यस वर्ष मार्केटिङ अन्वेषणको अग्रपङ्तिमा रहेको छ । कोविड १९ को विश्वव्यापी महामारीको प्रकोपका




समय लाइफब्वाय ब्रान्ड हाम्रो उत्पादनहरुको माध्यमबाट मानिसहरुको जीवन बचाउने र सही सुरक्षा प्रदान गर्ने सिलसिलामा सचेतना बढाउने एक मिशनमा थियो । ग्लोबल आर एण्ड डि सँग हातेमालो गर्दै, हाम्रो साबुन बारहरु कोरोना भाइरसको संक्रमण फैलावट विरुद्ध १००% प्रभावकारी हुन सक्यो ।




सुरक्षाको दावीलाई मध्येनजर राखी हामीले सचेतनाको लागि हाम्रो प्याकेजिङ परिवर्तन गर्यौं । हामीले यस ब्राण्डमा पहिलो नेपाली भाषाको टिभी कमर्शियल को पनि विकास गरेका छौं, जसले सहि तरिकाले हात धुने बानीको बारेमा सचेतना फैलाउन सकोस् । यो कार्यक्रम अन्वेषणमुखी मिडिया टाई-अप सँग वर्षभरि समर्थित थियो ।




हामीले नेपालमाको भिड महामारीको दोस्रो लहर शिखरमा पुगेको बेला थुप्रै मिडियामा एक व्यापक सार्वजनिक सेवा घोषणा अभियानको आयोजना गर्यौं र हाम्रा उपभोक्ताहरुलाई मास्क लगाउन र हात धुने बानी बसाल्नकाका लागि आग्रह गरेकाछौं ।

हामीले विश्व (ग्लोबल) हात धुने दिवस, ५ अक्टोबर २०२० मा युनिसेफसँगै नेपालमा सक्रिय गर्यौं र हात धुने




अभियानको लागि #एच हातधुने अभियान संचालन गर्यौं। यो लाइफब्वाय उद्देश्ययात्राको एक हिस्सा हो जहाँ हामी बाल बच्चाहरुका बीच सही स्वच्छ बानीको विकास गर्न सक्दछौं ।

## भीम एन्टीस्मेलको प्रारम्भ

यस वर्षको ठूलो उत्पादन अन्वेषणको रुपमा भीमएन्टीस्मेल भेरिन्ट (भाडा माझ्ने साबुन बार) को प्रारम्भ गर्यौं । यो उत्पादन नेपालमा बार ढाँचाको सबै भन्दा अग्रपङतिको भाडा माझ्ने साबुन सम्बन्धि टेक्नोलोजी हो । यो ग्रीजसँग लड्न सक्ने नीम्बुको शक्तिले भरिपूर्ण र मिन्टको सुगन्धले सुसज्जित छ र, यो उत्पादन भाडा माझ्दा आउने साधारण पाँच किसिमका दुगर्न्धहरु सँग




लड्नको लागि डिजाइन गरिएको प्रविधि हो । यो उत्पादन दुगर्न्धहरु सँग लड्न एक मजबुत उपभोक्ता अन्तर दृष्टिको आधारमा डिजाइन गरिएको हो । भाडा माझ्दाको समयमा चिन्ताको सबैभन्दा ठूलो कारण मध्ये एक थियो - विशेष गरी मांसाहारी अनेकौं व्यंजनहरु पकाउने संस्कृति भएका नेपाल जस्तो मुलुकमा कि ती कडा खालका दुगर्न्धहरु कसरी हटाउने

हामी हाम्रा उपभोक्ताहरुको लागि यो नयाँ उत्पादनको परिचयात्मक मुल्य रु. १२/- मात्र राख्यौं । परिचयात्मक मूल्यमा उत्पादन शुरु गर्नको लागि मिडिया र नमुना अभ्यासद्वारा प्रक्षेपणलाई समर्थन हुने गरी प्रयास गर्यौं । हामीले यो नयाँ उत्पादनको उपभोक्ताहरुबाट धेरै राम्रो प्रतिक्रिया प्राप्त गरेका छौं र हामी यो एक ठूलो उपभोक्ता मताधिकारपूर्ण उत्पादन बनाउन सक्षम हुनेछौं भन्नेमा विश्वस्त छौं ।

## भ्यालेन्टाइन डेक्लोजर एपार्ट अभियान

फेब्रुअरी अक्सर मायाप्रेमको महिनाको रूपमा मनाईन्छ । क्लोज अप ब्रान्डले हाम्रो उपभोक्ताहरुलाई आत्मविश्वासका साथ एकअर्का बीच नजिक हुनको लागि मद्दत गर्दछ र सधैं यस दिन प्रेमको एक अभियानको रूपमा प्रेम दिवस मनाईन्छ । कोविड १९ महामारी र लकडाउनको कारण, सन् २०२१ को भ्यालेन्टाइन डे यो भन्दा अगाडिको भन्दा धेरै फरक थियो । हामीले यसलाई चुनौतीको रुपमा लियौं




र ३ क्लोजर एपार्ट अभियान सुरु गर्यौं जहाँ हामी हाम्रा उपभोक्ताहरुलाई महामारीको समयमा डिजिटल तरीकाले माया, रोमान्सका कथाहरु बाँड्न प्रोत्साहित गर्यौं र हाम्रा उपभोक्ताहरुलाई भव्य भ्यालेन्टाइन डे मनाउने मौका प्रदान गर्यौं ।

## एक्टिभ ह्वील टु इन वानको प्रारम्भ

डिटर्जेंटको हाम्रो ह्वील ब्रान्ड एक्टिभ ह्वील टु इन वान को रूपमा यो वर्षको दौरान पुन: प्रारम्भ (रिलेन्च) गर्यौं । एक्टिभ ह्वील टु इन वान अब सर्वश्रेष्ठ सूत्रीकरणका साथ अतिरिक्त नीलो र सुन्तला बिंदुहरुसंग धेरै राम्रो धुलाई गरी एक गहिरो सफाई प्रदान गर्दछ र यो डिटर्जेंट




पाउडर हाम्रो हातमा कोमल लाग्नुका साथै यसले राम्रो सुगन्ध पनि दिन्छ । यसले तपाईको कपडा मात्र सफा गर्दैन, सँगसंगै स्वच्छ ताजापन र सुगन्ध पनि छोड्दछ ।

एक्टिभ ह्वील टु इन वाननींबूको शक्ति र मीठो सुगन्धको साथ एउटा संतोषजनक अनुभूतिको अनुभव पनि गराउँदछ। प्याकेजिङसँगै, ब्रान्डको यूएसपी पनि बदलिएको छ जसबाट तपाईको लुगाको राम्रो धुलाई र प्रभावकारी सफाइ हुन्छ ।

हामीले उत्पादन गरेका यो गुणस्तरयुक्त सुधारोन्मुखी प्रमुख उत्पादन हो र यसबाट हामी सही पोर्टफोलियो संरचना संगै एक धेरै राम्रो स्थितिमा पुगेकाछौं जसको कारण हामीले हाम्रा उपभोक्ताहरुको मन जित्न सकेकाछौं । यसै सिलसिलामा हामीले नेपाली भाषामा एक टिभी कमर्शियल पनि संचालन गरेकाछौं र यस मास मिडियाले आम उपभोक्ताहरुलाई नयाँ उत्पादन बारे सजग बनाउने काम गरेको छ ।

## रिन शक्तिको पुनरागमन

रिन शक्ति नेपालमा एक उच्च उत्पादना सूत्रिकरण संगै पुन: प्रारम्भ गर्यौ । रिनको प्याकेजिङ एक हल्का नीलो प्याकेजबाट एक गाढा नीलोमा परिवर्तन गरिएको छ । नयाँ रिनमा राम्रो देखिन तथा राम्रो प्रदर्शनका लागि नीलो र सुन्तला बिंदुहरु राखिएको छ । नयाँ रिन उज्ज्वल सफा टेक्नोलोजीसँगै आउँछ - जस्ले कपडाको फाइबर भित्रको गहिराइबाटै फोहोर हटाउँदछ ।




ब्रान्डको मुख्य संचार अब बाकी दक्षिण एशिया संग मेल खान्छ । रिनले तपाईंलाई आत्मविश्वास दिँदै के सन्देश प्रवाह गर्दछ भने तपाईंको फिक्का कपडा नयाँ जस्तै उज्यालो र चम्किलो बनाउँदछ ।

## पोन्डस् एसपिएफ

नेपालमा हामीले पोन्डस् एसपिएफ ३० सनस्क्रिन सँगै उत्पादनहरुको सौर्य सुरक्षा का सामाग्रीहरु (शन प्रोटेक्ट रेन्ज) प्रारम्भ गर्यौं । विशेष गरी हिमाली क्षेत्रहरुमा सूर्यबाट त्वचाको सुरक्षा पाउनु एउटा प्रमुख आवश्यकता बन्दछ - जहाँ कठोर सूर्यतापले सन बर्नहरु, टेनिङ हुने र क्यान्सरको जोखिम बढाउनेसम्मका जोखिम हुन्छ । नेपालमा यो क्षेत्र बढ्दो व्यापारक्षेत्र हो र यसको शुरुवात संगै, हामीले नेपालको लागि उत्कृष्ट ग्लोबल आर एन्ड डि टेक्नोलोजी भित्र्याएका छौं । युभिए तथा युभिबि विकिरण विरुद्ध प्रभावकारी हुने यो शन प्रोटेक्ट रेन्जले सूर्यबाट हुने पाँच किसिमका हानी र क्षति विरुद्ध प्रभावकारी सिद्ध भएको छ ।

यो उच्च प्रकारको संमिश्रणलाई प्रेस, पिओएस वस्तु तथा व्यापारको एक रोमाञ्चक संचारका साथ बजारमा तैनाथ गरि पठाइयो ।



# बजारक्षेत्रमा बिजेता बन्दै

भविष्यको वितरण नेटवर्कलाई मध्यनजर गर्ने हो भने हामीले भविष्यको च्यानलहरु जस्तै आधुनिक व्यापार (एमटि) र ईकमर्शमा बलियो उपस्थिति स्थापित गर्नु पर्ने अनिवार्य आवश्यकता देखिन्छ । लामो समयदेखि हामीले आधुनिक बजार साझेदारहरुको साझेदारीमा व्यापारका शर्तहरु (टिओटि) परिमार्जन गर्दै आइरहेका छौं । यसले गर्दा, हामीले हाम्रो ब्यानरस्टोरहरुलाई भरपर्दो र बलियो सेवा प्रदान गर्न सफल भएका छौं । २०७८ साल (सन् २०२१) को अन्त्यसम्म हामीले हाम्रो गैह्रब्यानरका पसलहरु (जेटिबिडि/ईथ्कम) मा बलियो उपस्थिति स्थापित गर्नको लागि पनि पहल गरिरहेका छौं । हाम्रो इन-हाउस एप शिखरको प्रक्षेपणसँगै हामी व्यापारव्यावसायको नयाँ युगमा प्रवेश गर्दैछौं । यो एपको माध्यमबाट हाम्रो रिटेलरहरुले सिधै हामीबाट प्रत्यक्ष रुपले अर्डर गर्न सक्षम हुनेछन् । यसले गर्दा, हामीले धेरै भन्दा धेरै वितरण, छिटोछरितो र भरपर्दो तरिकाले गर्न सक्नेछौं । यो एप प्रत्यक्ष कवरेज र स्रोतहरुको लागि सिधा पहुँच हुनुको साथै, हाम्रो भविष्यको प्राविधिक यात्राको लागि एक अतिरिक्त उपकरण बन्नेछ । हामीसँग ५००० च्यानल आउटलेटहरु छन र तिनीहरुमा हामीले प्रविधि आधारति पहुँच वा प्रत्यक्ष पहुँचको माध्यमबाट पुग्दछौं । र, धेरैभन्दा धेरै मागकब्जा मोर्चाको प्रयोग गर्दा हामीलाई ५० प्रतिशतको ठोस वृद्धि र ३५ देखि ५५ प्रतिशतसम्म उपलब्धिको स्तर हासिल गर्न सक्षम भएका छौं ।

## प्रविधिको दोहन गर्दै

हामीले प्रविधिको नयाँ व्यापार यात्रामा प्रवेश गर्दै बजारको मागलाई मजबुत तवरले कब्जा गर्न एउटा मोडलको विकास गरेका छौं । यो मोडलले डाटाको प्रयोग गरी हाम्रो प्रत्यक्ष बिक्री प्रतिनिधि (डिएसआर)को काम सजिलो बनाई तिनीहरूलाई बढ्दो वर्गीकृत बिक्रीमा दिशा निर्देशन गरी हामीलाई बजारमा जीत हासिल गराउनेछ । यो प्रविधि प्रयोग गरी हामीले हाम्रो प्रत्यक्ष बिक्री प्रतिनिधिलाई प्रत्यक्ष ट्र्याक गरी तिनीहरूको दैनिक मूल्यांकन गर्न सक्नेछौं । हाम्रो आर्को प्रविधि आईस्क्वेयरले हाम्रो डिएसआरको उपस्थिति र काम गर्ने ढाँचाको जानकारी हासिल गर्न सहयोग पुर्याउँदछ । यसले हामीलाई बढ्दो बजारको वर्गीकरण गर्न र दैनिक कार्यहरूको कार्यान्वयन सुनिश्चित गर्न सहयोग पुऱ्याएको छ । हामीले नयाँ उन्नत प्रविधिकोको प्रयोग गरी नयाँ प्रणालीको विकास गर्नेछौं जसले हामीलाई एउटा बलियो ढंगबाट बजारको मागकब्जा गर्न मद्दत गर्नेछ र हाम्रो बजार प्रतिनिधिहरूले हाम्रो रिटेलरहरुलाई धेरैभन्दा धेरै उत्पादित वस्तुहरूको लाइन बिक्री गर्न सहयोग पुऱ्याउनेछ, जुन हाम्रो कम्पनीको मुख्य फोकसको रुपमा रहेको छ ।

## बलियो संरचनागत वितरण व्यवस्था

युनिलिभर नेपाल लिमिटेडको नेपालमा सबैभन्दा ठूलो वितरण सञ्जाल (नेटवर्क) छ । हाम्रो ७७ जिल्लाहरु मध्ये ६३ जिल्लाहरुमा प्रत्यक्ष उपस्थिति रहेको छ । हामी हाम्रो प्रतिस्पर्धीहरु भन्दा १२९ वटा प्रत्यक्ष वितरकहरुको सञ्जालसाथ अग्रिम पङ्क्तिमा छौं । बढी भन्दा बढी कम्पनीहरुले आयातित वस्तुहरूलाई बलियो वितरण गृहहरुद्वारा बिक्री वितरण गर्दै आइरहेका छन् भने अन्य सबै कम्पनीहरु ठूला शहरहरू र उपत्यकामा थोक बिक्री माध्यमद्वारा संचालित भईआएका छन । हामी प्रत्यक्ष रुपमा लगभग ३७, ००० आउटलेटहरुमा पुग्न सफल भई एक चौथाई समय भित्रै लगभग ४३,००० आउटलेटसम्म अद्वितीय पहुँच पुर्याउन सफल भएकाछौं । वर्गीकृत बिक्रीमा क्याटेगरी विस्तार र प्रविधिआधारित नवीनतासंगै, हामी अहिलेको अवस्थाबाट ४०,००० आउटलेटहरुमा पुग्ने योजना बनाइरहेका छौं जसलेगर्दा अर्को वर्षसम्म हाम्रो डिपिएल १५२ बाट बढेर १६० सम्म पुग्नेछ । हामीले हाम्रो पहुँच र वर्गीकरण वृद्धिमा जोड दिदै बजारको काम गर्ने ढाँचामा शक्ति बढाउन र मागकब्जा र मागपूर्ति योजनाहरुको लागि नयाँ कार्यबल वृद्धि गर्दै गईरहेका छौं । यसले गर्दा, आर्थिक वर्ष २०७६/७७ मा हामीले ५३ प्रतिशतको वृद्धि हासिल गर्न सफल भएकाछौं । साथै, हामीले मुख्य शहरहरु र उपत्यकाका मुख्य ६००० आउटलेटहरुमा मागथ्कब्जा बढाउनको लागि सेवा मिश्रणलाई लागू गरेकाछौं जसले कारोबारको रकममा ६० प्रतिशत योगदान पुऱ्याएका छन् । हामी चाडैनै हाम्रो सम्पूर्ण ग्राहकहरुलाई हाम्रो बिलिङ्ग सफ्टवेयर (आइकेइए)मा आवद्ध गराउने योजनामा रहेका छौं ।

# अफ्ठेरो परिस्थितिमा आपूर्ति सृङखला दुरूस्त पार्दै

यस वर्ष बजारको परिस्थिति अनपेक्षित अनिश्चित, जटिल तथा अफ्ठेरो (भुका स्थिति) रहेपनि सप्लाई चेन टिमले सेवा प्रदान गर्ने दुरदृष्टि जारी राख्यो । त्यो हो – "न्यूनत्तम दाममा उच्चस्तरको वस्तुको अद्वितीय सेवा प्रदान गर्ने ।" हामीले यो वर्ष पनि स्थानीकरण, क्षमता अभिवृद्धि, न्यून मूल्य निर्धारण, प्रविधि कार्यकुशलता तथा सेवा उत्कृष्टताबाट यो उपलब्धि हासिल गर्यौं । र, सुरक्षा, गुणस्तर तथा दिगोपनको सम्बन्धमा हामीले हाम्रा आधारभूत मूल्यहरुलाई दुरुस्त राख्न सफल भयौं ।

## सुरक्षा, स्वास्थ्य तथा वातावरण

सुरक्षा भनेको कार्यशर्तको एउटा सम्झौता रहित तथा आधारभूत आवश्यकता हो जुन सदैव उच्च प्राथमिकतामा रहन्छ र यो कम्पनीका विभिन्न कार्यहरुको कार्यान्वयनबाट प्रष्ट झल्किन्छ ।

भौतिक हस्तान्तरण घटाउन साना-साना प्याकहरुको सट्टामा वृहत परिणाम उठाउने उच्च उपयोग्य भौतिक स्रोतहरुको खोजिगरेका छौं । विभिन्न भौतिक हस्तान्तरणका उपकरणहरु प्रयोग गरी भौतिक चलानबाट हुने क्षय र क्षतिहरु घटाउँदै लगेकाछौं ।

हामी आफू भविष्य-योग्य हुन र विभिन्न डिजिटल उपकरणहरु जस्तैः ई-मोडेनोट ई-परमिट, यूसिट प्रभावकारी ढङ्गले प्रयोगमा ल्याएका छौं । त्यस्तै, सडक सुरक्षाको स्तरलाई उचो राख्न कर्मचारीको बसमा सिसिटिभी, क्यामरा, अडियो डिभाइस, ल्याक बक्स तथा जिपियस प्रणालीहरु जडान गरिएका छन । फेरि पनि, कर्मचारीहरुलाई बिभिन्न तालिम तथा अभियानहरुको माध्यमबाट व्यावहारआधारित सुरक्षा व्यवस्था यथावत राखेकाछौं । कोभिड १९ संक्रमणको फैलावटलाई नियन्त्रण गर्नको लागि उच्च स्तरको सावधानी अपनाईएको छ । साथै, वातावरणीय केपि आइएस प्राप्त गर्नका लागि युनिलिभरको दीगो जीवन योजना (युएसलिपि– युनिलिभर सस्टेनेवल लिभिङ प्लान) अन्तर्गत विभिन्न गतिविधिहरु संचालित भएका छन ।

## दीगोपन

हाम्रो सकारात्मक सामाजिक प्रभावको अभिवृद्धि गर्ने क्रममा युनिलिभर कम्पासले हाम्रो वृद्धिबाट वातावरणीय असर न्यूनिकरण गर्ने लक्ष्य राखेको छ । यस सन्दर्भमा, हामीले सौर्यतापीय उपकरण अधिकत्तम प्रयोग गरी कार्बन असार लाई घटाउन सक्षम भएका छौं । साथै क्लोरिनेसन प्लान्टको अधिक्तम प्रयोगबाट एचयसडि फायर्ड वोईलर संचालन समयलाई घटाउँन सफल भएका छौं । साथै हामीहरु एचयसडि (HSD) को प्रयोग न्यून गर्ने अवसरको खोजीमा छौं ताकि त्यसबाट विश्वव्यापी लक्ष्य हाँसिल हुन सकोस् ।

व्यावसायिक क्षयको वैकल्पिक प्रयोगहरु पत्ता लगाउनका लागि परियोजनाहरु अघि बढाई कोशिस भईरहेका छन् र यि परियोजना केवल व्यावसाय मूल्य मान्यता संचालनको कुराका लागि मात्र होईन – वरु वातावरवणीय प्रणाली (ईको सिस्टम) को संरक्षण गर्नुका लागि पनि उत्तिकै जरुरी छ । आफ्नो उत्पादनमा प्लास्टिक प्रयोग कम गर्ने र प्लास्टिकबारे सचेतना गर्ने कार्यहरु पनि सँगसँगै गरिरहेका छौं । दक्षतामा सुधार गर्ने सिलसिलमा ईन्धनको प्रयोग तथा भौतिक क्षय कम गर्ने सबै प्रकारका कार्यहरु गरिदै आएको छ र नेपाली सेनाको सहयोगमा हामीले हिमालय-पहाड सफाई अभियान पनि सञ्चालन गरेका छौं ।

## क्षमता अभिवद्धि

बढ्दो बजार माग तथा व्यावसायलाई बढोत्तरी गर्न आवश्यक भए अनुरुप हामीले विभिन्न क्रियाकलापहरु संचालन गरेका छौं, जसबाट हाम्रो उत्पादन क्षमतामा थप वृद्धि (अपग्रेडेशन) हुन सकेको छ । यस वर्ष हाम्रा अधिकांश कारखानाहरुमा उत्पादन व्याच-साईज तथा व्याच-साईकल टाईम बढाई 'ईन-हाउस' उत्पादनको क्षमता वृद्धि गरिएको छ । म्यानिफ्याक्चरिङ सेट-अपमा क्यापिसिटी डि-बोटलनेकिङ गरी आफूलाई भविष्यको निम्ति तयार पारिएको छ ।

## प्रविधि उत्कृष्टता

सबैतिर ओईईमा महत्वपूर्ण सुधार गरिएकोले यस वर्ष ठूलो उपलब्धि हासिल गरेका छौं । व्यावसायको आवश्यकता अनुरुप हामीले निरन्तर रुपमा हाम्रा मेशिन-यन्त्रहरुको सुधार गरेका छौं । हामीले हाम्रा कार्यलाई थप महत्व दिईएका छौं, जसबाट सबैतिर हाम्रो गति तथा प्याकिङ्ग लाईनको क्षमतामा वृद्धि हुन पुगेको छ ।

## गुणस्तर

वस्तुको गुणस्तर व्यापार-व्यावसायको अभिन्न अंग हो, त्यसैले हाम्रा सबै उत्पादनहरुमा हाम्रा ग्राहकहरुको बढी सन्तुष्टि तथा ग्राहक-सुरक्षाको सुनिश्चित गर्न निरन्तर प्रयत्न गरिएका छन् । उपकरणहरुको विकास तथा अन-लाईन नियन्त्रणले गुणस्तर सक्षमता प्राप्त गरी बजार-सिकायत कम भएको छ । हामीले आउने वस्तुहरुको गुणस्तर मापनमा एकरुपता ल्याउने विभिन्न प्रकारका डिजिटल उपकरणहरुको विकास गरेका छौं र हाम्रो सम्पूर्ण उत्पादनहरुको समग्र रुपमा गुणस्तरमा सुधार ल्याउने हेतुले व्यावसायिक सहकर्मीहरुसँग एउटा चौतारी (प्लेटफम) को पनि विकास गरेका छौं ।

हाम्रा चाहना के हो भने हाम्रा वस्तुहरुमा ग्राहकहरुको उच्चत्तम विश्वास कायम रहिरहोस्। त्यस कारण हामीले हाम्रो परिलक्षित मार्गमा सफलता हासिल गर्न उच्च प्रविधिको प्रयोग गरी एक गौरवपूर्ण स्वच्छ-स्वारुपको उत्पादन प्रणालीको विकास गरेकाछौं ।

## लागत अनुकुलता

व्यावसायको एउटा महत्वपूर्ण पक्ष भनेको लागत अनुकुलता (कस्ट अप्टिमाइजेशन) हो - लागत अनुकुलताले हामीलाई लागत घटाउन सक्षम बनाउँदछ र व्यापार व्यावसाय वृद्धि गर्न शक्ति प्रदान गर्दछ। यस प्रयोजनका लागि (सिम्फोनी कार्यक्रम) लागु गरिएको छ - जसले ग्राहकहरु कहाँ उच्च स्तरका वस्तुहरु न्युनत्तम मुल्यमा पुऱ्याउन ठूलो मद्दत पुऱ्याउँदछ। यस अन्तर्गत वस्तुहरुको कच्चा पर्दाथ प्याकेजिङ सामाग्रीहरुको स्थानीकरण गरी उत्पादनहरुको निर्माणमा सुधार ल्याई ढुवानी लागत घटाई अपेक्षित ब्राण्डमा लगानी बढाउने सम्मका कुराहरु पर्दछन । यस कार्यक्रमले कच्चा पर्दाथको तथा सोको रुपान्तरित मुल्यमा महत्वपूर्ण सुधार ल्याएको छ । कोभिड-१९ को कठिन समयमा पनि बचत परिचालित भएकोछ। र, यसबाट यो व्यावसायिक रणनीतिको अभिन्न अंग बनेको छ ।

लागत अनुकुलता र दक्षता सुधारले विद्यमान क्षमताबाट बढ्दो माग धान्न बल पुगेको छ र सफल व्यावसाय संचालनका खातिर मुख्य क्षेत्र (कोर एरिया)मा लगानी बढाउदैछौं ।

## सेवा उत्कृष्टता तर्फको यात्रा

हामीले कोविड संकटमा पनि वस्तु आपुर्तिमा 'सुन्य अवरोध' कायम गऱ्यौं । एकिकृत योजना नमुना (आई पि एम) लागु गरी वितरण व्यवस्था तथा पर्याप्त स्टोक उपलब्धता प्रक्रिया कार्यन्वयन गऱ्यौं । समग्रतामा भन्नु पर्दा, सेवा स्तरका दृष्टिले हाम्रो निम्ति यो वर्ष महान रह्यो । कच्चा पद्धार्थ तथा सोको माग आपुर्ति व्यवस्थापन गर्न केन्द्रिकृत योजना (सिएमआरपि) लागु गरियो । त्यस्तै, यस अन्तर्गत वस्तुको जीवन वृत्त व्यवस्थापन प्रणाली (पिएलएम) अन्तर्गत नयाँ वस्तुको विकास कार्यमा अधिकता ल्याउनुका साथै विद्यमान वस्तुहरुलाई महत्वपूर्ण उत्पादन जानकारी, जिवनवृत्त र मूल्य श्रिङ्खला व्यवस्थित गरी निष्पादन बढायौं । हामीहरुले कच्चा पद्धार्थ र प्याकेजिङ सामाग्रीहरुका लागि विद्यमान गोदामहरुबाटै उच्चत्तम व्यावसायिक माग पुऱ्याएका छौं । त्यसका निम्ति हामीले 'कटिङ एज' प्रविधि प्रयोग गरी लगत अनुकुलता मिलाएका छौं ।

# शासन, पालना तथा व्यवसायिक ईमानदारिता

कम्पनीका कानूनी कार्य यहाँहरूको कम्पनीलाई संरक्षण गर्न समाधान दिने तथा तरल, अनिश्चित, जटिल तथा अस्पष्ट वातावरणमा सफलता प्राप्त गर्न सक्षम बनाउने महत्वपूर्ण व्यापार साझेदारको रुपमा रही आएकाछन् । मूल्यले मूल्य सृजना गर्ने कार्यमा जोड दिई सो कार्यले प्रोडक्टको दावि, कानूनी परिवर्तन, अस्वस्थ प्रतिस्पर्धा विरूद्धको लडाई, व्यवसायिक ईमानदारिता र शासन लगायतका क्षेत्रहरूमा रणनीतिक व्यवसायिक साझेदारी दिएकोछ।

तपाईंको कम्पनीले देशको कानून लगायत अन्य सुरक्षा मापदण्डको आधारमा यसको हरेक स्टेकहोल्डरहरुको डेटा-प्राइभेसी (data privacy) लगायत गोपनियताको हक सुनिश्चित गरी सो सम्बन्धी अन्य उपयुक्त फ्रेमवर्क बनाउन लागि परेको छ । तपाईको कम्पनीको कानूनी संङ्काय नयाँ टेक्नोलोजीहरू अँगाली भविष्यमा ब्यापारको वृद्धि गर्ने लक्षलाइ समर्थन गर्नका लागि तयार रहेको छ ।

नक्कली, उस्तै देखिने र (grey) आयातबाट यहाँहरूको कम्पनीको ब्राण्डलाई संरक्षण गर्ने कारवाईको श्रृखलाबाट अस्वस्थ प्रतिस्पर्धा विरूद्धको लडाईका लागि समेत यो वर्ष पनि दावी व्यवस्थापनमा जोड दिने कार्य जारी राखियो । भोलिका उपभोक्ताहरूका माझमा सचेतना अभिवृद्धिको साथमा कानूनी कारवाई सँगसँगै चलाइयो भने नक्कली आतंक प्रभावकारी रुपमा सम्बोधन गर्न सकिन्छ भन्ने तपाईंहरूको कम्पनीको धारणा रहेकोछ । यस दिशामा तपाईंहरूको कम्पनीले अवलम्वन गरेको मुख्य क्रियाकलापहरू मध्येको एक विशेषगरी विद्यालय तथा नियामक निकायहरूमा बौद्धिक सम्पत्ति सम्बन्धी सचेतना पनि हो । बौद्धिक सम्पत्तिको बारेमा विद्यार्थीहरूलाई शिक्षित गराउनु र यो विषयको महत्वको बारेमा सचेतना वृद्धि गर्नु महत्वपूर्ण हुनेमा कम्पनी विश्वस्त छ, जस्ले गर्दा विद्यार्थीहरुले सानै उमेर देखि नै बौद्धिक सम्पत्ति अधिकारको सम्मान गर्न शुरू गर्नेछन् ।

तपाईको कम्पनीको कानूनी संङ्कायले प्रमुख असोसिएसन लगायत राष्ट्रिय तथा क्षेत्रीय नियामक निकायहरू एवं नीति निर्माताहरु सँग काम गरी प्रगतिशील नियामक वातावरण विकास गर्न काम गर्दछ ।

## व्यवसायिक ईमानदारीता

व्यवसायिक ईमान्दारिताको खम्वा अन्तर्गत यहाँहरूको कम्पनीले व्यवसायिक सिद्धान्तहरूको संहिता तथा आचार संहिता नीति आन्तरिक तथा बाह्य रुपमा प्रशारण गरेकोछ । अनलाईन र अफलाईन तालीम मोड्युल लगायतमा वार्षिक व्यवसायिक ईमानदारिताको संकल्पमा तालिम मार्फत हाम्रा आचार संहिता तथा संहिता नीतिहरूका सम्बन्धमा कम्पनीका सबै कर्मचारीहरूले अनिवार्य वार्षिक तालिम लिनुपर्ने हुन्छ । हाम्रा आचार संहिता तथा संहिता नीतिहरू हाम्रा कर्मचारी, ठेक्दार तथा तेस्रो पक्ष लगायतका हाम्रो पूरै भ्यालु चेन मार्फत लागू हुनेछ । यहाँहरूको कम्पनीले यसको तेस्रो पक्ष व्यवसायिक साझेदारहरू समेतलाई यसको आफ्नो सँग अनुकूल हुने व्यवसायिक सिद्धान्तहरू पालना गर्न लगाएकोछ । यी विषयको अपेक्षा तेस्रो पक्ष परिपालना कार्यक्रममा जोड दिएका हाम्रा जिम्मेवार श्रोत नीति र जिम्मेवार व्यवसायिक साझेदार नीतिमा स्पष्ट पारिएकोछ ।

यस वर्षभरिमा तपाईहरुको कम्पनीका १००% कर्मचारीहरुले कोड सम्बन्धि अनिवार्य प्रशिक्षण पुरा गरेका छन् । यस वर्ष कुनै पनि क्षेत्रको कोड समबन्धि मुद्दाहरु उठेका छैनन् । हाम्रो कोड तथा कोड नीतिहरूले सबै प्रकारहरूमा भ्रष्टाचार विरुद्ध लड्ने हाम्रो प्रतिबद्धतालाई प्रतिबिम्बित गर्दछ । हामी हाम्रो शून्य सहिष्णुता नीति मार्फत कुनै पनि गलत अभ्यास वा व्यवहारको उन्मूलन गर्न हामी प्रतिबद्ध छौं ।

हाम्रो उत्तरदायी सोर्सिङ नीति तथा उत्तरदायी व्यवसाय साझेदार नीतिले हाम्रा तेस्रो पक्ष साझेदारहरुलाई निजहरूको व्यावसाय सिद्धान्तहरूलाई हाम्रो व्यावसायिक सिद्धान्तहरूसंग सुसंगत छ भनि सुनिश्चित गर्न मद्दत गर्दछ ।

## नेपाल वित्तीय प्रतिवेदन मापदण्ड (NFRS)

हजुरहरुको कम्पनीले उच्चस्तरिय पारदर्शिताका लागि व्यवसायिक सिद्धान्तहरूको लिखित संहिता तथा कम्पनीले गर्नुपर्ने सबै कानूनी मापदण्डमा उल्लेख भए बमोजिमका संगठित व्यवहारका सर्वोच्च मापदण्डहरूमा यहाँहरूको कम्पनीले विश्वास राख्छ । यिनै सिद्धान्तहरू बमोजिम कम्पनीले विगतका पाँच वर्षको लागि नेपाल वित्तीय प्रतिवेदन मापदण्ड पारित गरेको थियो ।

## लाभांश

कम्पनीको मजबुत सञ्चालनबाट आर्जन गरेको भ्यालु यसका शेयरधनी महानुभावहरूलाई फिर्ता गर्ने कुरामा सञ्चालक समिति सँधै विश्वस्त राख्नुका साथै भावि दिनका लागि उच्च लाभांश भुक्तानी दिने नीतिमा प्रतिबद्ध रहेकोछ। सञ्चालक समितिको मिति ६ सेप्टेम्बर २०२१ मा बसेको बैठकले १५ जुलाई २०२१ मा समाप्त भएको आर्थिक वर्षका लागि प्रति ईक्विटि शेयरमा प्रति शेयर रू. ६५०।- को अन्तिम लाभांश दिने सिफारिस गऱ्यो ।

## व्यवसायिक जोखिम र भावि दृष्ट्रिकोण

यहाँहरूको कम्पनी भविष्यमा प्रवेश गर्दै गरेकोले दीगो, प्रतिस्पर्धी, जिम्मेवार र मुनाफा योग्य सम्बृद्धि हाँसिल गरी हामी अपेक्षा भन्दा माथि पुग्न प्रतिबद्ध रहेकाछौं । सबल आविष्कार, वृहत्तर उपभोक्ता मूल्य, बढ्दो बजार विकास र विश्व क्लास कार्यान्वयन जस्ता हाम्रा सफलताका महत्वपूर्ण विकसित ब्लकहरू मार्फत हाम्रो व्यवसायको केन्द्रमा रहेको सत्य तथ्यमा रहनु हाम्रो लागि अनिवार्य भएकोमा हामी विश्वस्त छौं। हाम्रो व्यापारलाई विस्तार गर्ने र नेपालले राष्ट्रको रुपमा पर्खिरहेको आर्थिक सम्बृद्धिको एजेण्डालाई पूँजीकरण गर्ने हामीसँग प्रचुर अवसर छ । यो सम्बृद्धिको अवसरले कुशल प्रतिस्पर्धा आकर्षण गर्ने अपेक्षा राखेको छ र निर्णायक तवरमा यसको बजार नेतृत्वको स्थितिलाई प्रतिरक्षा गर्न र विस्तार गर्न यहाँहरूको कम्पनी राम्ररी अग्रसर भएकोछ ।

यहाँहरूको कम्पनीको अंशको रुपमा रहेको विश्व क्लास श्रोत, अनुसन्धान र विकासमा हाम्रो पहुँचलाई हामीले व्यवस्थापन मात्रै गरेका नभई हाम्रो सफलताका मुख्य विकसित ब्लकहरू माथि निरन्तर रुपमा जोड समेत दिएका छौं । त्यसकारण हामी हाम्रो सम्बृद्धिको बारेमा आशावादी छौं ।

# प्रशंसा तथा आभार

यहाँहरूका सञ्चालकहरूले कर्मचारीहरुको कडा परिश्रम, समर्पण तथा प्रतिबद्धताको लागि सबै तहका कर्मचारीहरूको मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छन् । कर्मचारीहरुको उत्साहजनक र अथक प्रयासले यहाँहरूको कम्पनीलाई उद्योगहरुको अग्रपङ्तिमा खडा हुन सक्षम बनाएको छ । समितिले निरन्तरको नेतृत्वको उत्कृष्टता तथा विषम परिस्थितीमा पनि समूहलाई सफल नेतृत्व दिएकोमा प्रवन्ध निर्देशक र उहाँको नेतृत्वदायी समूहलाई धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

तपाईका निर्देशकहरु हिन्दुस्तान युनिलीभर तथा युनिलीभरको नवीनतम आविष्कार, प्राविधिक सुधार र मार्केटिङ इनपुट र अन्य सबै वर्गहरु सम्बन्धि उत्कृष्ट योगदान प्रति कृतज्ञता जनाउन चाहन्छन् । यसले कम्पनीलाई विद्यमान उत्पादनहरुमा निरन्तर सुधार, र नयाँ उत्पादनहरुको परिचयको माध्यमबाट उपभोक्ता बीच खुशीको उच्च स्तर प्रदान गर्न लागि सक्षम बनाएको छ ।

यहाँहरूको कम्पनीका आपूर्तिकर्ताहरू, पुनर्वितरण स्टकिष्टहरू, खुद्रा पसलेहरू, व्यवसायिक साझेदारहरू तथा व्यापारिक साझेदारको रुपमा कम्पनीमा आवद्ध अन्य सबैबाट कम्पनीले प्राप्त गरिरहेको सहयोग र समर्थनको समितिले मुक्त कण्ठले प्रशंसा गर्न चाहन्छ । यहाँहरूको कम्पनीले वहाँहरूलाई आफ्नो प्रगतिको साझेदारको रुपमा हेरी सम्बृद्धिको प्रतिफल सँगै बाँढेको छ । लाभको पारस्परिकता, एक अर्का प्रति सम्मान र सहयोग तथा उपभोक्ताको हितको लागि एकरूपतामा आधारित व्यापार सम्बन्धि मजबुत सम्बन्ध निर्माण गर्न र हुर्काउन यहाँहरूको कम्पनी प्रयासरत रहनेछ ।

यसै मौकामा तपाइँका निर्देशकहरु सम्पूर्ण शेयरधनी महानुभावहरू, उपभोक्ताहरू, पसलेहरू, बैंकहरू, सरकारी तथा नियामक निकायहरू तथा स्टक एक्सचेन्जहरूलाई आफ्नो निरन्तर साथ र सहयोग प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छ ।

समितिको तर्फबाट

देव बाजपेई
अध्यक्ष
०६ सेप्टेम्बर २०२१, सोमवार

**सञ्चालकहरू:**

श्री देव बाजपेई - अध्यक्ष
श्री अम्लान मुखर्जी
श्री रविभक्त श्रेष्ठ
श्री सुबास बज्राचार्य
श्री आशा गोपालाकृष्णन
श्री कृष्णन सुन्दरम
श्री योगेश मिश्रा

**कम्पनी सचिव**

श्री एलिना आचार्य

**लेखापरीक्षक**

टिआर. उपाध्यय एण्ड को
चार्टड एकाउन्टेन्स, काठमाण्डौं, नेपाल

**बैंकहरू**

स्टयान्डर्ड चार्टर्ड बैंक लिमिटेड
बैंक अफ काठमाण्डू
नेपाल स्टेट बैंक अफ ईण्डिया
राष्ट्रिय बाणिज्य बैंक
हिमालयन बैंक लिमिटेड
एभरेष्ट बैंक लिमिटेड

**रजिष्ट्रड कार्यालय र कारखाना**

बसामाडी - ३
पो. ब. नं. - ११, हेटौडा
मकवानपुर जिल्ला, नेपाल
फोनः ९७७-५७-४११०४७

**कर्पोरेट अफिस**

युनिलिभर नेपाल लिमिटेड
सिटी स्क्वेयर बिल्डिङ्ग
दोस्रो र तेस्रो तल्ला
नयाँ बानेश्वर-१०, काठमाण्डौं
फोनः ९७७-१-४७८५९६३
जीपीओ बक्सः ७७६५, काठमाण्डौं, नेपाल

**शेयर रजिष्ट्रार**

सनराइज क्यापिटल लिमिटेड
कमलपोखरी
पोष्ट बक्स नं. १२०५५
फोनः ९७७-०१-४४२८५५०/४४२८६६०
काठमाण्डौं, नेपाल

# कम्पनी ऐन, २०६३ को दफा १०९ को उपदफा (४) बमोजिमको अतिरिक्त जानकारी

१. जफत गरिएको शेयर विवरण

यो मितिसम्म कुनै पनि शेयर कुनै पनि शेयर जफत गरिएको छैन ।

२. सहायक कम्पनीसँग गरेको कारोवार:

यो कम्पनीसँग सहायक कम्पनी छैन ।

३. सारभूत शेयरधनी महानुभावले विगतको आर्थिक वर्षमा कम्पनीलाई उपलब्ध गराएको सूचना:

यस कम्पनीको बहुमत शेयरधनीको रुपमा रहेको हिन्दुस्तान युनिलिभर लिमिटेडले यस कम्पनीलाई नयाँ प्रोडक्ट आविष्कारहरु, मार्केट मिक्स, सामानको ओसारपसार मूल्य, सूचना तथा प्रविधि सम्बन्धी प्रणाली, आदि सम्बन्धी सबै सूचना उपलब्ध गराएको छ । अन्य कुनै सारभूत शेयरधनीले यस कम्पनीलाई कुनै पनि सूचना उपलब्ध गराएका छैनन् ।

४. यो वर्षभरि कम्पनीका संचालक तथा कर्मचारीहरुले खरीद गरेको शेयर

छैन ।

५. कम्पनीका संचालक वा तिनका परिवारको व्यक्तिगत स्वार्थ, खासगरी कम्पनीले गरेको सम्झौता वा करारको सम्बन्धमा

त्यस्तो केही छैन ।

६. वर्षभरिमा शेयर फिर्ता-खरिद दगथ दबअप को विवरण

कम्पनीले कुनै पनि आफ्ना शेयर फिर्ता-खरिद (बाइव्याग) गरेको छैन ।

७. आन्तरिक नियन्त्रण प्रणालीको विवरण

कम्पनीले अन्तर्राष्ट्रिय स्तरको आन्तरिक नियन्त्रण पद्यति अवलम्वन गरेको छ र युनिलिभर अन्तर्राष्ट्रिय निर्देशिका पालना गर्दछ -जस अन्तर्गत देहायका विषय समावेश हुन्छन् :

(क) व्यवस्थित रुपमा कार्य संचालन गर्न संचालन निर्देशिका, कार्यविधि तथा दिग्दर्शन ।

(ख) वित्तीय नीति तथा लेखासम्बन्धी मापदण्ड ।

(ग) महाजन एण्ड अईबारा चार्टड एकाउन्टेण्टस्, एलएलपि, भारत र क्याप्जेमिनी टेक्नोलोजी सर्विसिज् भारत लिमिटेड, भारतले ग्लोबल फ्रेमवर्क (GFCF) लेखापरिक्षण फाइनान्सियल कन्ट्रोल अनुसार सम्पन्न गरेको लेखापरिक्षण ।

(घ) व्यवस्थापन तथा लेखा समितिबाट आन्तरिक नियन्त्रण प्रणालीको आवधिक पुनरावलोकन ।

(ड) बिडिओ ईन्डिया एलएलपिले सम्पन्न गरेको कन्ट्रोल एशुरेन्स रिभ्यु (काड CAD अडिट)

८. वर्षभरिको व्यावस्थापन खर्च (ने रु. लाखमा)

| | |
|---|---|
| कर्मचारीको लागि आर्थिक वर्षको खर्च | ७१९ |
| आर्थिक वर्षको प्रशासनिक खर्च | २३९ |

(९) लेखा समितिका सदस्यहरुको नाम, पारिश्रमिक तथा सुविधा

| नामथर | पद | तलब/पद |
|---|---|---|
| १. श्री सुभास बज्राचाय | अध्यक्ष | |
| २. श्री रविभक्त श्रेष्ठ | सदस्य | |
| ३. श्री कृष्णन् सुन्दरम् | सदस्य | |
| ४. श्री आशा गोपालकृष्णन् | सदस्य | |

वर्षभरिमा लेखा समितिले आन्तरिक लेखापरिक्षण प्रतिवेदन तथा समस्या सामाधानका लागि शुरु गरिएका कार्यहरुको समिक्षा गर्यो -जसले व्यापार/व्यवसाय जोखिमको स्थितिलाई न्यूनिकरण र सम्बोधन गर्नका लागि व्यावस्थापनले थालनी गरेका कार्यहरुको समिक्षा गर्यो । साथै, वार्षिक लेखा तथा लेखा सम्बन्धी नीति, कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका अतिरिक्त घोषणाहरु, वैधानिक लेखापरिक्षक (पिकेएफ टिआर उपाध्याय एण्ड को.) द्वारा परिक्षण गरिएको प्रतिवेदन र कम्पनीको संचालक समितिबाट गरिएको सिफरिसहरुको समीक्षा समेत गरियो ।

(८८) वर्षभरिमा बैठक भत्ता वापत रविभक्त श्रेष्ठ तथा सुभास बज्राचार्यलाई ने. रु.८१,००० (एकासी हजार मात्र) भुक्तानी गरियो । साथै, कम्पनीले लेखा समितिका सदस्यलाई बैठकमा उपस्थित हुँदा आवश्यक परेमा यातायात खर्च समेत व्याहोर्ने गरेको छ ।

(१०) कम्पनीले संचालक, प्रबन्ध संचालक, शारभूत शेयर होल्डर तथा निजका नजिकका नातेदारबाट प्राप्त गर्न बाँकी रकम

छैन ।

(११) वर्षभरिमा सञ्चालक, प्रबन्ध सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अन्य पदाधिकारीहरुलाई दिइएको पारिश्रमिक तथा अन्य सुविधा

नेपाली रुपैया लाखमा

| क्र.स. | बिषय | सञ्चालक | प्रबन्ध संचालक | अन्य पदाधिकारी/स्टाफ |
|---|---|---|---|---|
| १. | बैठकभत्ता | २.१६ | - | - |
| २ | तलव तथा भत्ता | - | ३८१.६१ | १९९६.६९ |
| ३ | कार सुविधा | छैन | छ | छ |
| ४ | बसोवास | छैन | छ | नोट (ख) |
| ५ | बीमा | छैन | छैन | छ |
| ६ | व्यक्तिहरुको संख्या | ६ | १ | २३१ |

**द्रष्टव्य:**

क. चालक सहितको कार, इन्धन तथा मर्मत खर्च, प्रबन्ध सञ्चालक, आपूर्ति प्रबन्धक, वित्तीय प्रबन्धक, बिक्री प्रबन्धक तथा कानुन प्रबन्धकलाई दिएको छ ।

ख. शर्तवन्दी अनुसार विदेशी विशेषज्ञ (एक्सप्याट) प्रबन्धकहरुलाई सुसज्जित फर्निचर सहितको भाडाको बसोवास घर वा सोको वैकल्पिक व्यवस्था गरिएको छ ।

ग. संचालकलाई बोर्डको बैठकमा उपस्थित हुँदा यातायात खर्च दिइएको छ ।

१२. दावी नगरिएको लाभांश

आषाढ ३१,२०७८ सम्मको दावी नगरिएको कूल लाभांश रु. ३३७.२६ लाख ।

१३. दफा १४१ बमोजिम सम्पति खरिद तथा बिक्री सम्बन्धी विविरण :

छैन ।

१४. दफा १७५ बमोजिम सम्बन्धित कम्पनीहरुबीच भएको कारोबारको विवरण:

वित्तीय विवरणको नोट २.२.१९ हेर्नुहोस् ।

१५. कम्पनी ऐन, २०६३ तथा अन्य प्रचलित कानून बमोजिम संचालक समितिको प्रतिवेदनमा उल्लेख हुनु पर्ने अन्य कुरा:

नभएको ।

१६. अन्य सान्दर्भिक विषय:

नभएको ।

# युनिलिभर नेपाल लिमिटेड
# स्वतन्त्र लेखा परीक्षकको प्रतिवेदन

**यूनिलिभर नेपाल लिमिटेड कम्पनीका शेयरधनी महानुभावहरु,**

## वित्तीय विवरणको लेखापरीक्षण प्रतिवेदन

### हाम्रो रायमा

हामीले युनिलिभर नेपाल लिमिटेड (“कम्पनी”) को आषाढ ३१, २०७८ (तदनुसार १५ जूलाई २०२१) मा समाप्त भएको वर्षको वित्तीय स्थिति, नाफा तथा नोक्सान, अन्य विस्तृत आयको विवरण, नगद प्रवाहको स्थिति, स्वपुँजी (ईक्वीटी भएको परिवर्तन तथा नगद प्रवाह लगायतका विवरणहरुको लेखा परीक्षण सम्पन्न गरी लेखा सम्बन्धी महत्वपूर्ण नीति तथा जानकारीको सारांश प्रस्तुत गरेको छौं ।

हाम्रो रायमा, संलग्न वित्तीय विवरणले सारभूत क्षेत्रहरुमा कम्पनीको ३१ आषाढ २०७८ (तदनुसार १५ जूलाई २०२१) सम्मको कम्पनीको वित्तीय अवस्थालाई राम्ररी चित्रण गर्दछ । साथै, यसले वित्तीय प्रतिवेदन सम्बन्धी नेपाल मापदण्ड (एनएफआरएसएस) अनुरुप, त्यस मितिमा समाप्त भएको वर्षको वित्तीय कार्यसम्पादन र नगद प्रवाह समेत देखाउँदछ ।

### हाम्रो रायका आधारहरु

हामीले लेखा सम्बन्धी नेपाल मापदण्ड (एनएसएएस) अनुसार लेखापरीक्षण गर्‍यौं । उक्त मापदण्डको अधीनमा रही हामीले आफ्नो जिम्मेवारी पुरा गरेका छौं-जुन प्रस्तुत प्रतिवेदनको वित्तीय विवरण अन्तर्गत लेखापरीक्षकको उत्तर दायित्वमा थप वर्णन गरिएका छन् । नेपाल चार्टड एकाउन्टण्टस्हरुको संस्था (आईक्यान) ले जारी गरेको नैतिक आचरण संहिता अनुसार, हामी कम्पनी भन्दा अलग एक स्वतन्त्र हैसियतमा छौं । व्यावसायिक लेखापालहरुको वित्तीय विवरणहरुको लेखापरीक्षण प्रतिवेदनसँग सान्दर्भिक हुने गरी तथा नैतिक आचरण सम्बन्धी संहिता अनुकुल हुने गरी यो प्रतिवेदन तयार गरिएको छ । र, हामीले व्यावसायिक लेखापालको नैतिक आचरण सम्न्धी संहिता तथा कम्पनी ऐन, २०६३ को अधीनमा रही तथा अन्य नैतिक आचरण सम्न्धी आवश्यकता समेतलाई परिपालना गरी यो लेखापरीक्षण सम्पन्न गरेका छौं । हामी के विश्वास लाग्दछ भने हामीले प्राप्त गरेका लेखा प्रमाण नै वित्तीय विवरण निर्माण सम्बन्धी हाम्रो रायका आधारहरु बन्न पर्याप्त तथा उपयुक्त छन् ।

### लेखापरीक्षणका मुख्य विषयहरु

लेखापरीक्षणका मुख्य विषयहरु ती हुन् जसले, हाम्रो व्यावसायिक निर्णय गर्नमा, ३१ आषाढ २०७८ (तदनुसार १५ जुलाई २०२१) मा समाप्त भएको वित्तीय वर्षको वित्तीय विवरणहरुको हाम्रो लेखापरीक्षणमा सबैभन्दा महत्वपूर्ण थियो । यी विषयहरुलाई समग्रमा लेखापरीक्षणको सन्दर्भमा हाम्रो वित्तीय विवरणहरुमा सम्बोधन गरिएका छन, तथा त्यसमा हाम्रो राय निर्माण गर्न, र हामी यी विषयहरुमा एक अलग राय प्रदान गर्दैनौं । हामीले तल उल्लेखित मामिलाहरुलाई हाम्रो प्रतिवेदनमा सञ्चारित गरिएको लेखापरीक्षणका मुख्य विषयहरुको रुपमा निर्धारण गरेका छौं :

| **लेखापरीक्षण मुख्य बिषयहरु** | **हाम्रो लेखापरीक्षणले प्रमुख लेखापरीक्षणका मुख्य बिषयहरुलाई कसरी सम्बोधन गरेका छन्** |
|---|---|
| **आय पहिचान**<br>(नोट २.२.१७ “राजस्व“ र वित्तीय विवरणको नोट १६ हेर्नुहोस्) | |
| वस्तु/सामानको बिक्रीबाट आय (यसपछि “आय“ को रूपमा उल्लेख गरिएको छ) को पहिचान तब गरिन्छ जब सामानको महत्वपूर्ण जोखिम र स्वामित्व क्रेतालाई हस्तान्तरण गरिन्छ । कम्पनीले सामान्यतया हस्तान्तरण गरिसकेका सामानहरु उपर कुनै प्रभावकारी नियन्त्रण राख्दैन, र सामानको बिक्रीबाट भएका भुक्तानी रकममा कुनै खास अनिश्चितता रहदैन ।<br><br>आयको पहिचानको समय कार्यसम्पन्ताको रिपोर्ट हुनासाथ गरिन्छ । व्यवस्थापनले गर्ने मुल्याङनको एक प्रमुख उपाय भनेको आय पहिचानको मापन नै हो ।<br><br>खास जोखिम र स्वामित्व हस्तान्तरण हुनु अघि नै रेकर्ड गरिने भएकाले त्यहाँ आयको जोखिम रहन्छ । | हाम्रो लेखापरीक्षण प्रक्रियाहरुमा अन्तर्गत निम्न कुराहरु समावेश हुन्छन्:<br>▪ एनएएस १८ (आय) अनुरूप कम्पनीको आय पहिचान सम्बन्धी लेखा नीतिहरुको औचित्य निर्धारण गरी त्यसको परीक्षण समेत गरिन्छ ।<br>▪ कम्पनीको सामान्य जानकारी र टेक्नोलोजी-नियन्त्रित-वातावरण अक्षुणताको मूल्यांकन गर्नुको साथै आय पहिचानमा सूचना प्रविधिको (आईटी)को प्रयोग कत्तिको प्रभावकारी भएको छ, वस्तुबिक्रीको विस्तृत प्रभाव कस्तो छ, नियन्त्रण-प्रभावकारिताको परीक्षण, बिक्रीको विस्तृत प्रक्रिया-प्रवाह, सो प्रक्रिया अन्तर्गत काम-कर्तव्यहरुको अलग-अलग भुमिका, स्वचालित चरणहरु तथा हातैले गरिने (म्यानुअल) हस्तक्षेपका अन्य प्रक्रियाहरु लगायतका मूल्यांकन पर्दछन् ।<br>▪ आयको विस्तृत विश्लेषण, कर अधिकारीहरु द्वारा वा समक्ष दायर गरिएका मुद्दाहरु तथा मासिक बिक्री जानकारीसँग सम्बन्धित विश्लेषणात्मक परीक्षण, आयको पहिचानको समय, आय रकमहरु र आय कारोबारहरुको जानकारी-अनुमोदन तथा प्रमाणिकरण परीक्षण लगायत पर्दछन् ।<br>▪ त्यस्तैगरी, यस अन्तर्गत कटअफ प्रक्रियाहरुको एक भागको रूपमा सही समयमा आय पहिचान भएको थियो/थिएन-सोको मूल्याङ्कन गर्नको लागि वर्षको अन्त्यको नजिकको अवधि र वर्षान्त पछि रेकर्ड गरिएका बिक्री कारोवारहरु मध्ये चुनिएका नमूनाको दस्तावेजहरुको परीक्षण गरिएको छ । |

**मुद्दामामिला - भईपरि आउने खर्च**

(नोट २.२.२० (ख) र (ग) वित्तीय विवरणहरुको नोट हेर्नुहोस्

कम्पनी प्रत्यक्ष र अप्रत्यक्ष रुपले करका धेरै मुद्दाहरुमा संलग्न छ । यो विगत घटनाको परिणामको रूपमा भएकाले वर्तमान दायित्व (कानूनी वा रचनात्मक) जे भएपनि, कम्पनी यस्तो स्थितिलाई मान्यता दिन्छ । यस अन्तर्गत कम्पनीलाई आर्थिक लाभ हुन सक्ने वा सो वापत साधन/स्रोतहरुको बहिर्गमन हुन सक्तछ । कम्पनीलाई जानकारी हुन आवश्यक छ कि भईपरि आउने यस प्रकारका खर्च-दायित्व सृजना हुन सक्तछ- जहाँ एक सम्भावित दायित्व वा एक वर्तमान दायित्व अन्तर्गत शायद संसाधनहरुको बहिर्गमन हुन वा नहुन सक्तछ। यस्ता दायित्वबाट कम्पनी पन्छिन सक्दैन-जस वापत कम्पनीलाई विश्वसनीय आथिक अनुमानको दरकार पर्दछ ।

यस सम्बन्धी भईपरि आउने खर्च-राशी निकै गतिलो हुने भएकाले सो सम्बन्धमा, यदि कुनै लेखा मापदण्ड भए, सो समेतको प्रयोग गरी निर्धारण गरी त्यसलाई एक आकस्मिक दायित्व अन्तर्गत मोटामोटी रुपमा अनुमान गर्नु पर्दछ ।

हामीले कर सम्बन्धी मुद्दाहरु र आकस्मिकताहरुलाई एक प्रमुख लेखापरीक्षण मामिलाको रूपमा पहिचान गरेका छौं, किनकि व्यवस्थापनबाट भविष्यमा उत्पन्न हुने जोखिमको सम्बन्धमा निर्णय र अनुमान गर्नु आवश्यक हुन्छ । यसमा, मुख्य निर्णय त्यस्तो अनुमानमा निहित हुन्छ जहाँ उनीहरु भविष्यका दायित्वहरुबाट फरक पनि हुन सक्तछन् ।

विषयहरुको महत्वलाई दृष्टिगत गरी, यस विधामा उपयुक्त लेखापरीक्षण सम्बन्धी प्रमाण समेत प्राप्त गरी निम्न लेखापरीक्षण प्रक्रियाहरु लागु गरेकाछौं :

- दावीहरु, व्यवस्थाहरु तथा भईपरि दायित्वहरु सम्बन्धमा एनएएस ३७ अनुरुप लागु गरिएका लेखा संबन्धी मापदण्डहरुको परिपालना गर्ने गरी कम्पनीको लेखा सम्बन्धी नीतिहरु प्राप्त भयो र अध्ययन गरियो ।
- कर प्रावधानहरु र आकस्मिक दायित्वहरुको निर्धारण तथा अभिलेख गर्ने सिलसिलामा मुख्य नियन्त्रण सम्बन्धी प्रभावकारिताको परीक्षण गर्‍यौं ।
- सहायक दस्तावेजहरु बारे व्यवस्थापनद्वारा गरिएका व्यवस्थाहरु (provisions) को परीक्षण गरियो र सो व्यवस्थाहरु तथा भईपरि खर्चहरुको औचित्य सावित गर्न हाम्रो इन-हाउस कर टीमद्वारा तुलना-मूल्यांकन समेत गरियो ।
- अड्डा/अदालतका अधिकारीहरु द्वारा भए/गरेका सान्दर्भिक ऐतिहासिक र वर्त्तमानका निर्णयहरुको मूल्यांकन गरियो ।
- वित्तीय विवरणमा कर सम्बन्धी प्रावधानहरु र भईपरि खर्चको सम्बन्धमा गरिएको कम्पनीले दिएको जानकारीको पर्याप्तता बारे दृष्टिगोचर गरियो ।

## वित्तीय विवरण तथा त्यसउपर लेखापरीक्षकको प्रतिवेदन बाहेकका अन्य जानकारी

कम्पनीका व्यवस्थापक नै अन्य जानकारीका लागि जिम्मेवार छन् । अन्य जानकारी भन्नाले, वार्षिक प्रतिवेदनमा पर्ने तर वित्तीय विवरण र लेखापरीक्षण प्रतिवेदनमा नपर्ने जानकारी वा सूचना भन्ने बुझ्नु पर्दछ । हाम्रो रायमा यस अन्तर्गत वित्तीय विवरणको सिलसिलामा हामी अन्य कुनै जानकारी दिन सक्तैनौ र सोही अनुरुप, सो सम्बन्धमा स्पष्ट रुपले उल्लेख गरिएको बाहेक कुनै प्रकारका आश्वासन-निष्कर्ष दिन पनि सक्दैनौ ।

यहां हाम्रो उत्तरदायित्व के मात्र हो भने हामी ती जानकारीहरुलाई अध्ययन गर्दछौं र हामी तिनीहरुलाई लेखापरीक्षण हुँदा सारभूत रुपले छुट्यो कि, वा वित्तीय विवरण वा लेखापालन सम्बन्धी संज्ञानसँग मेल खाँदैन कि भनेर विचार गर्दछौं । लेखापरीक्षणको सिलसिलामा पूर्ण रुपले यी कुरामा आधारित भई अन्य सूचनाको हकमा सारभूत रुपले कुनै झुट्टा व्यहोरा (मिसस्टेटमन्ट) भएको पाईएको छैन ।

यदि हामीलेले गरेको कामको आधारमा, हामी के निष्कर्ष पुग्दछौं भने सारभूत रुपले यहाँ कुनै झुट्टा व्यहोरा भएको पाईएको छैन । हामी सोही तथ्यलाई यहाँ प्रतिवेदित गर्न चाहन्छौं । यस सम्बन्धमा हामीलाई केही भन्नु छैन ।

## व्यवस्थापन तथा वित्तीय विवरण सम्बन्धी जिम्मेवारी बोकेका व्यक्तिहरुको उत्तरदायित्व

नेपाल वित्तीय प्रतिवेदन मापदण्ड बमोजिम वित्तीय विवरणको तयारी तथा प्रस्तुतिका लागि कम्पनीको व्यवस्थापन जिम्मेवार हुन्छ। र, वित्तीय विवरणमा कुनै सारभुत झुट्टा व्यहोरा नपरोस भनी वा यदि त्यस्तो कुनै त्रुटि वा जालसाझी रहेको भए व्यवस्थापनले आन्तरिक नियन्त्रण गर्नु आवश्यक पर्दछ। यसरी वित्तीय विवरण तयार पार्दा व्यवस्थापनले कम्पनीको लेखाको मूल सिद्धान्तलाई निरन्तरता दिन आफ्नो क्षमताको मूल्याङ्कन गर्नु पर्दछ र सोको निम्ति जिम्मेवार हुनु पर्दछ। त्यस्ता सिद्धान्तसँग सम्बन्धित कुराहरुलाई लागु गर्न सकिएको हदसम्म कार्यान्वयन गर्नु पर्दछ। र, लेखा सम्बन्धी सिद्धान्त अन्तर्गत भावी चासोको अवधारणा (going concern concept) कार्यान्वयनमा ल्याउनु पर्दछ। व्यवस्थापनले कम्पनी बन्द गर्नु पर्ने (लिक्वीडेशन) अवस्था नआउन्जेलसम्म वा सञ्चालन बन्द गर्ने अवस्था वा गर्नु पर्ने वास्तविक वैकल्पिक अवस्था नआउन्जेलसम्म जिम्मेवार हुनु पर्दछ।

यसरी जिम्मेवारमा रहेका व्यक्ति/सञ्चालकहरु कम्पनीका वित्तीय प्रतिवेदनका प्रक्रियाको रेखदेख गर्न पनि जिम्मेवार हुनु पर्दछ।

## वित्तीय विवरणको लेखापरिक्षणका लागि लेखापरीक्षकको उत्तरदायित्व

हाम्रो उदेश्य भनेको के मात्र हो भने समग्र रुपमा वित्तीय विवरणहरु सारभूत रुपले झुट्टा व्यहोराबाट मुक्त छ छैन -कुनै जालसाँझी वा त्रुटिका कारण  वित्तीय विवरणहरु फरक परेको छ छैन कारण सहित आश्वस्त पार्नु हो । कुनै जालसाझी वा त्रूटि भएको छ कि सो समेत हेरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन बुझाउनु हो । सकारण आश्वस्तता भनेको विश्वासको उच्चत्तम हद हो - तर लेखा सम्बन्धी नेपाल मापदण्ड अनुरुप गरिएका लेखापरीक्षणले सारभूत झुट्टा व्यहोरालाई रोक्दछ भनेर प्रत्याभुत्ति गर्न चाँहि सकिन्न । वास्तवमा झुट्टा व्यहोरा, जालसाझी वा त्रुटिबाट हुने गर्दछ र वित्तीय विवरणहरुको आधारमा के भन्न सकिन्छ भने यी कुराहरुले उपभोक्ताहरुले लिने आर्थिक निर्णयहरु माथि महत्वपूर्ण रुपले वैयत्तिक वा समूहगत रुपमा प्रभाव पार्न सक्तछन् ।

लेखा सम्बन्धी नेपाल मापदण्ड अनुरुप गरिएका लेखा परिक्षणको एउटा हिस्साको रुपमा, हामी व्यावसायिक निर्णय गर्दछौं र लेखापरिक्षणको अवधिभर व्यावसायिक संशय पनि राख्दछौं । अन्य कुराको हकमा:

- हामीहरु जालसाझी वा त्रूटिको कारणले भएका कम्पनीको वित्तीय विवरणहरुको जोखिम पहिचान गरी त्यस्को विश्लेषण समेत गर्दछौं र ती जोखिम प्रति जवाफदेही हुने लेखा परिक्षणका कार्यविधिहरुको चयन पनि गर्दछौं । र, हाम्रो राय निर्माण गर्ने आधारका लागि पर्याप्त तथा उपयुक्त लेखा परीक्षण सम्बन्धी प्रमाण समेत प्राप्त गर्दछौं । जालसाझीबाट हुने सारभुत झुट्टा व्यहोरा पहिचान गरिने जोखिम, त्रुटिबाट हुने भन्दा बढी उच्च हुन्छ, किनभने यस अन्तर्गत जालझेलमा मिलिमतो, जालसाझी, मनशाययुक्त अकर्म, हिनामिना वा आन्तरिक नियन्त्रण प्रतिको अवहेलना जस्ता अवाञ्छित कुरा समावेश हुन्छन् ।

- यस अवस्थामा लेखापरीक्षणको कार्यविधिको तर्जुमा गर्नका लागि लेखापरीक्षणसँग सान्दर्भिक हुने आन्तरिक नियन्त्रणको समभ्रदारी आवश्यक पर्दछ-तर यहाँ युनिलिभर नेपाल लिमिटेडको आन्तरिक प्रभावकारिता माथि कुनै राय अभिव्यक्त गर्ने उद्देश्यले यसो भनिएको भने होइन ।
- लेखा परिक्षणको सिलसिलामा लेखा सम्बन्धी नीतिको उपयुक्तता र व्यवस्थापनबाट भएको लेखा लागतको उपयुक्तता बारे समेत पुनरावलोकन गर्दछौं ।
- व्यवस्थापनले लेखा सम्बन्धी सिद्धान्तको आधारमा के कस्तो योजना/कार्यक्रम प्रस्तुत गरेको छ सोको उपयुक्तता बारेमा पनि निष्कर्ष निकाल्नु पर्दछ र प्राप्त लेखापरीक्षण सम्बन्धी प्रमाणको आधारमा युनिलिभर नेपाल लिमिटेडले लेखा सम्बन्धी सिद्धान्तलाई जारी राख्ने कम्पनीको क्षमता सम्बन्धमा कुनै महत्वपूर्ण संशय छ छैन? कुनै घटना वा अवस्था सृजना भई कुनै सारभुत अनिश्चितता पैदा भएको छ छैन ? हामीले यदि त्यस्तो सारभूत अनिश्चितता विद्यमान रहेको छ भन्ने निष्कर्षमा पुग्दछौं भने हामीले हाम्रो लेखापरीक्षण प्रतिवेदनको वित्तीय विवरणहरुमा ती कुराहरुलाई जानकारीमा ल्याउनु आवश्यक हुन्छ । अथवा, यदि यस्ता जानकारीहरु अपर्याप्त छन् भने हाम्रो राय परिवर्तन गर्नु आवश्यक हुन्छ । हामीलाई लाग्दछ - हाम्रा निष्कर्षहरु हाम्रो लेखापरीक्षण प्रतिवेदनमा प्राप्त प्रमाणहरुमा आधारित छन् । यद्यपि भावी घटना वा अवस्थाले युनिलिभर नेपाल लिमिटेडलाई भावी चासोको कार्यान्वयनमा अप्ठेरो आई पर्न सक्ने देखिन्छ ।
- जानकारीहरु सहितका वित्तीय विवरणहरुको समग्र प्रस्तुति, संरचना तथा विषयवस्तुहरुको मूल्याङ्कन गर्नु र ती वित्तीय विवरणहरुमा अन्तर्निहित कारोवार तथा घटनाहरुलाई राम्ररी प्रस्तुति गरेको छ छैन सो बारे पनि मुल्याङ्कन गर्नु पर्दछ ।

कम्पनी सञ्चालनको जिम्मेवारी बोकेका व्यक्ति/संचालकहरुलाई अन्य कुराहरुको अलावा, लेखा परिक्षणको सिलसिलामा कम्पनीको योजनाको क्षेत्र, लेखापरीक्षणका समयावधि, लेखा परिक्षणले देखाएका महत्वपूर्ण तथ्यहरु र आन्तरिक नियन्त्रण अन्तर्गत पहिचान भएका महत्वपूर्ण त्रुटि/कमजोरीहरु बारे यसैद्वारा जानकारी गराउँदछौं ।

साथै, कम्पनी संचालनको जिम्मेवारी वहन गरिरहेका संचालकहरुलाई के निवेदन गर्न चाहन्छौं भने हामीले यी वित्तीय विवरणहरु हाम्रो स्वतन्त्रता सम्बन्धी नैतिक आचरणमा रही सम्पादन गरेका छौं र सबै सम्बन्ध तथा अन्य कुराहरुमा संभव भएसम्म स्वतन्त्रता तथा सुरक्षा समेतलाई दृष्टिगत गरी लेखापरीक्षणको कार्यसम्पादन गरेका छौं ।

यसरी, कम्पनी संचालनका जिम्मेवारी बोकेका व्यक्ति/संचालकहरुलाई सूचित गराएका विषय वस्तुहरुबाट के निश्चय गर्दछौं भने ती विषय वस्तुहरु यस वर्षको वित्तीय विवरणहरुको लेखापरीक्षणको सिलसिलामा निकै महत्वपूर्ण थिए-अनि, त्यसकारण, ती विवरणहरु लेखा परीक्षणका मुख्य हिस्सा थिए । हामीले तिनै विषयवस्तुहरुलाई प्रचलित नियम कानूनले प्रतिबन्ध नलगाएको हदसम्म लेखापरीक्षण प्रतिवेदनमा उल्लेख गरेका छौं । र, विल्कुलै विरल परिस्थितिमा मात्र हामीले ती विषयवस्तु वारे प्रतिवेदनमा उल्लेख गर्ने निर्णय गरेका छौं किनकि त्यस्ता कुराको सार्वजनिकरणले सर्वसाधारणको सार्वजनिक हितमा आँच आउन सक्तछ । यी यस्ता विषयहरुलाई हामीले लेखापरीक्षण प्रतिवेदनमा उल्लेख नगर्ने निर्णय गरेका छौं ।

## अन्य कानुनी तथा नियमनजन्य आवश्यकताहरु

लेखापरीक्षणको प्रयोजनका लागि हामीले सबै जानकारी तथा विवरणहरु प्राप्त गऱ्यौ -जुन, हाम्रो संज्ञान तथा विश्वासमा, लेखा परीक्षणको लागि आवश्यक थिए । हाम्रो रायमा, आषाढ ३१, २०७८ (तदनुरुप १५ जुलाई २०२१) समाप्त हुने वर्षको वित्तीय स्थितिको विवरण, नाफा वा नोक्सानको विवरण, अन्य विस्तृत आयको विवरण, स्वपुँजी (ईक्वीटी)मा परिवर्तन तथा नगद प्रवाह लगायतका विवरणहरु कम्पनी ऐन, २०६३ बमोजिम तयार पारिएका छन् र कम्पनीको कागजातहरु तथा लेखा सम्बन्धी कागजातहरु र अभिलेख उपयुक्त किसिमले प्रचलित कानुन बमोजिम राखिएको पाइएका छन् ।

हाम्रो लेखापरीक्षणको सिलसिलामा हामीलाई प्राप्त सूचना तथा बयान अनुसार र लेखापरीक्षणको प्रयोजनका लागि आवश्यक लेखा एवं स्रेस्ता किताबहरुको परीक्षण गर्दा, कम्पनीका संचालक वा तिनका प्रतिनीधि वा कर्मचारीले जानी वा अन्जानी कानुन विपरीत हुने गरी तिनले कम्पनीलाई हानीनोक्सानी पुऱ्याएको, वा कम्पनीको कोषको दुरुपयोग गरेको वा त्यस्तो अन्य कुनै त्यस्तो कार्य गरेको पाइएन ।

मितिः ६ सेप्टेम्बर २०२१
स्थानः काठमाण्डौ

शषी सत्याल
पार्टनर
पि.के.एफ. टि.आर.उपाध्याय एण्ड को.
चार्टर एकाउण्टेन्ट, काठमाण्डौं

# वासलात

आषाढ ३१, २०७८ जुलाई १५, २०२१) सम्म

रकमहरु ने रु. मा छन्

| | नोट | २०७८/०३/३१ सम्म | २०७७/०३/३१ सम्म |
|---|---|---|---|
| **सम्पत्तिहरु** | | | |
| **अचल सम्पतिहरु** | | | |
| सम्पत्ति, प्लान्ट र उपकरणहरु | ३ | ९९,३९,४२,३९२ | १,०८,३०,६४,०५३ |
| अमूर्त सम्पतिहरु | ४ | ५,५८,९८,३८६ | ७,९२,४९,५६७ |
| अन्य अचल सम्पत्तिहरु | ६ | – | ९२,८८७ |
| विलम्वित कर सम्पत्तिहरु | १३ | ३,०५,३९,५२८ | ४,७३,१७,३८२ |
| **जम्मा अचल सम्पत्तिहरु** | | **१,०८,०३,८०,३०६** | **१,२०,९७,२३,८८९** |
| **चालु सम्पत्तिहरु** | | | |
| लगत सूचि (ईन्भेन्टरीहरु) | ७ | ८४,२५,४२,९५३ | ६२,६१,२०,६९७ |
| **वित्तीय सम्पत्तिहरु** | | | |
| व्यापार र अन्य प्राप्तिहरु | ८ | ९८,३६,०१,८५२ | ८४,६७,५१,८४८ |
| लगानीहरु | ५ | ९३,२९,००,००० | ३३,४९,००,००० |
| नगद र सो सरह (सि.सि.ई.) | ९ | ७६,६२,४१,७३८ | ६६,१७,२१,५४५ |
| सि.सि.ई. बाहेकको बैंक मौज्दात | १० | ३,३९,०९,४४८ | ३,५०,१३,४१६ |
| **अन्य चल सम्पत्तिहरु** | | | |
| चालु कर सम्पत्तिहरु | २२ | १०,८५,१२,५४१ | – |
| अग्रिम भुक्तानीहरु | | ५१,३७,३०९ | ९१,९०,४६९ |
| **जम्मा चालु सम्पत्तिहरु** | | **३,६७,२८,४५,८४१** | **२,५१,३६,९७,९७५** |
| **जम्मा सम्पत्तिहरु** | | **४,७५,३२,२६,१४७** | **३,७२,३४,२१,८६४** |
| **स्वपूंजी (ईक्विटी) र दायित्वहरु** | | | |
| **स्वपूंजी** | | | |
| शेयर पूंजी (क्यापिटल) | ११ | ९,२०,७०,००० | ९,२०,७०,००० |
| कर्मचारी अवकाश कोष | १२ | – | ७९,६०,५९,३२५ |
| सामान्य कोष | १२ | ६५,८७,८०,५२० | – |
| (खुद) संचित आम्दामीहरु (रिटेन् अर्निङ्ग) | १२ | १,८५,४१,७२,७७४ | १,०८,४९,६६,१३६ |
| **जम्मा स्वपूंजी (ईक्विटी)** | | **२,६०,५०,२३,२९४** | **१,९७,३०,९५,४६१** |
| **दायित्वहरु** | | | |
| **अचल दायित्वहरु** | | | |
| विलम्वित कर दायित्वहरु | १३ | – | – |
| व्यवस्थाहरु (प्रोभिजनस्) | १४ | १४,३१,२८,८६६ | १,३४,३७,३७९ |
| **जम्मा अचल दायित्वहरु** | | **१४,३१,२८,८६६** | **१,३४,३७,३७९** |
| **चालु दायित्वहरु** | | | |
| **वित्तीय दायित्वहरु** | | | |
| व्यापार र भुक्तानीहरु | १५ | १,८९,१६,८१,५९७ | १,५८,८६,३८,२६५ |
| व्यवस्थाहरु (प्रोभिजनस्) | १४ | ११,३३,९२,३९० | ११,४४,४९,८६८ |
| चालु कर दायत्विहरु | २२ | – | ३,३८,००,८९१ |
| **जम्मा चालु दायित्वहरु** | | **२,००,५०,७३,९८७** | **१,७३,६८,८९,०२४** |
| **जम्मा दायित्वहरु** | | **२,१४,८२,०२,८५३** | **१,७५,०३,२६,४०३** |
| **जम्मा स्वपूंजी (ईक्विटी) र दायित्वहरु** | | **४,७५,३२,२६,१४७** | **३,७२,३४,२१,८६४** |

संलग्न नोटहरु यो विवरणहरुका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।

| | | | |
|---|---|---|---|
| **श्री देव बाजपेई**<br>अध्यक्ष | **रवि भक्त श्रेष्ठ**<br>सञ्चालक | **अम्लान मुखर्जी**<br>प्रबन्ध निर्देशक | **शसी सत्याल**<br>साझेदार<br>पि.के.एफ. टि.आर.<br>उपाध्याय र को.<br>चार्टड एकाउन्टेन्ट |
| **श्री आशा गोपालकृष्णन**<br>सञ्चालक | **सुबास बज्राचार्य**<br>स्वतन्त्र सञ्चालक | **वशुधेश भट्**<br>प्रमुख वित्तिय अधिकृत | |
| **योगेश मिश्रा**<br>सञ्चालक | **श्री कृष्णम सुन्दरम**<br>सञ्चालक | **एलिना आचार्य**<br>कम्पनी सचिव | |

**मिति:** भाद्र २१, २०७८ (सेप्टेम्बर ६, २०२१)
**स्थान:** काठमाण्डौ, नेपाल

# नाफा वा नोक्सान विवरण

आषाढ ३१, २०७८ जुलाई १५, २०२१) सम्म

रकमहरु ने रु. मा छन्

| | नोट | आ.ब. २०७७/७८ | आ.ब. २०७६/७७ |
|---|---|---|---|
| सञ्चालनबाट आय | १६ | ५,७३,०७,२३,७९२ | ५,५४,७२,२१,६२४ |
| अन्य आम्दामी | १७ | ५,८८,४६,५५० | १४,०४,९४,१४६ |
| **जम्मा आम्दामी** | | **५,७८,९५,७०,३४२** | **५,६८,७७,१५,७७०** |
| **खर्चहरु** | | | |
| कच्चा वस्तु उपभोग लागत | १८ | ३,१४,७३,७२,७४९ | ३,००,०६,१७,१६१ |
| तयारी बस्तुको लगतसूचिमा परिवर्त्तन (व्यापारमा रहेको मौज्दात तथा हुँदै गरेको कार्य समेत) | १९ | (१८,२६,४२,०८३) | ८,०४,१९,७५९ |
| कर्मचारीको सुविधा खर्चहरु | २० | ३८,१२,७६,१०५ | ३३,२२,८२,४९९ |
| ह्रासकट्टी तथा क्रमिक ऋण भुक्तानी (एमोर्टाइजेशन) खर्चहरु | ३,४ | ११,७५,६८,०८० | ९,८६,४४,६३२ |
| अन्य खर्चहरु | २१ | १,२७,५०,९१,०२२ | १,६०,३४,२३,७७२ |
| **जम्मा खर्च** | | **४,७३,८६,६५,८७३** | **५,११,५३,८७,८२३** |
| **कर पूर्वको नाफा** | | **१,०५,०९,०४,४६९** | **५७,२३,२७,९४७** |
| आयकर खर्च | २२ | (१९,००,२७,१८२) | (२१,४३,२२,६९४) |
| **संचालन निरन्तरताबाट प्राप्त नाफा** | | **८६,०८,७७,२८७** | **३५,८०,०५,२५२** |
| **वर्षको खुद नाफा** | | **८६,०८,७७,२८७** | **३५,८०,०५,२५२** |
| प्रति शेयर आधारभूत तथा डाइलुटेड आम्दानी | २४ | ९३५ | ३८९ |

संलग्न नोटहरु यो विवरणहरुका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।


| | | | |
|---|---|---|---|
| **श्री देव बाजपेई**<br>अध्यक्ष | **रवि भक्त श्रेष्ठ**<br>सञ्चालक | **अम्लान मुखर्जी**<br>प्रबन्ध निर्देशक | **शसी सत्याल**<br>साझेदार<br>पि.के.एफ. टि.आर.<br>उपाध्याय र को.<br>चार्टड एकाउन्टेन्ट |
| **श्री आशा गोपालकृष्णन**<br>सञ्चालक | **सुबास बज्राचार्य**<br>स्वतन्त्र सञ्चालक | **वशुधेश भट्**<br>प्रमुख वित्तिय अधिकृत | |
| **योगेश मिश्रा**<br>सञ्चालक | **श्री कृष्णम सुन्दरम**<br>सञ्चालक | **एलिना आचार्य**<br>कम्पनी सचिव | |

**मिति:** भाद्र २१, २०७८ (सेप्टेम्बर ६, २०२१)
**स्थान:** काठमाण्डौ, नेपाल

# अन्य विस्तृत आयको विवरण

आषाढ ३१, २०७८ जुलाई १५, २०२१) सम्म

रकमहरु ने रु. मा छन्

| | नोट | आ.ब. २०७७/७८ | आ.ब. २०७६/७७ |
|---|---|---|---|
| **नाफा नोक्सानको विवरण बमोजिम वर्षको खुद नाफा वा नोक्सान** | | ८६,०८,७७,२८७ | ३५,८०,०५,२५२ |
| **पछिल्लो अवधिको विवरणमा नाफा/नोक्सान पुनः वर्गिकरण नगरिने अन्य विस्तृत आय** | | | |
| पेन्शन सुविधामा परिभाषित विमाङ्कीय नाफा/नोक्सान | २५ | ३,९९,३५१ | (३,८४,९७१) |
| **वर्षको अन्य विस्तृत नाफा/नोक्सान (कर बाहेक)** | | ३,९९,३५१ | (३,८४,९७१) |
| **वर्षको जम्मा विस्तृत नाफा/नोक्सान (कर बाहेक)** | | ८६,१२,७६,६३९ | ३५,७६,२०,२८२ |

संलग्न नोटहरु यो विवरणहरुका अभिन्न अंग हुन्। प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन्।

**श्री देव बाजपेई**
अध्यक्ष

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक

**शसी सत्याल**
साझेदार
पि.के.एफ. टि.आर.
उपाध्याय र को.
चार्टड एकाउन्टेन्ट

**श्री आशा गोपालकृष्णन**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**वशुधेश भट्**
प्रमुख वित्तिय अधिकृत

**योगेश मिश्रा**
सञ्चालक

**श्री कृष्णम सुन्दरम**
सञ्चालक

**एलिना आचार्य**
कम्पनी सचिव

**मितिः** भाद्र २१, २०७८ (सेप्टेम्बर ६, २०२१)
**स्थानः** काठमाण्डौ, नेपाल

# नगद प्रवाहको विवरण

आषाढ ३१, २०७८ जुलाई १५, २०२१) सम्म

रकमहरु ने रु. मा छन्

| | नोट | आ.ब.२०७७/७८ | आ.ब.२०७६/७७ |
|---|---|---|---|
| **कार्य संचालनबाट नगद प्रवाह** | | | |
| वर्षको नाफा | | ८६,०८,७७,२८७ | ३५,८०,०५,२५२ |
| समायोजनका लागिः | | | |
| वर्षभरिको आयकर | २२ | १९,००,२७,१८२ | २१,४३,२२,६९४ |
| सम्पति, प्लान्ट र उपकरणहरुको ह्रासकट्टी | ३ | ९,४२,१६,८९९ | ७,५३,७७,१३७ |
| अचल सम्पतिको क्रमिक ऋण भुक्तानी | ४ | २,३३,५१,१८१ | २,३२,६७,४९५ |
| अव्सोलेसेन्स् ईन्भेन्टरीको लागि व्यवस्था | १३ | (७,१७,५८,६२८) | ५,८६,८४,७५८ |
| कर्मचारी सुविधा भत्ता | १४ | १४,२३,८५,८९८ | ३१,८०,२४४ |
| अन्य व्यवस्था | १४ | (१,३३,५२,५३७) | (३,३७,३२,६२९) |
| बोनसका लागि व्यवस्था | २० | ११,७९,४६,६३० | ६,४२,३४,३३८ |
| वित्तीय आय | १६ | (३,५५,०५,९३३) | (४,७९,४४,९४७) |
| स्थिर सम्पति अपलेखन (डव्लु अफ) | २१ | ३,१९,४२,८३७ | १,३३,९०७ |
| सम्पति, प्लान्ट र उपकरणहरुको बिक्रीमा घाटा(नाफा) | १७ | - | - |
| चालु पूंजीको समायोजनः | | | |
| व्यापार र अन्य प्राप्तिमा (वृद्धि) कमी | ८ | (१३,६८,५०,००४) | ३१,६५,१३,५२२ |
| अन्य अचल सम्पतिमा वृद्धि) कमी | ६ | ९२,८८७ | ४०,०६,८२१ |
| अग्रिम भुक्तानीमा (वृद्धि) कमी | | ४०,५३,१६० | (५०,१९,७३४) |
| ईन्भेन्टरीमा (वृद्धि) कमी | ७ | (१४,४६,६३,६२८) | १३,७६,१७,०७५ |
| व्यापार र अन्य प्राप्तिमा वृद्धि (कमी) | १५ | २५,०१,७६,६३४ | ३०,८५,८२,०५३ |
| **सञ्चालनबाट उपार्जित आय** | | १,३१,२९,३९,८६५ | १,४७,७२,२७,९८८ |
| बोनस भुक्तानी | | (६,४२,३४,३३७) | (१५,३६,६५,६९२) |
| आयकर भुक्तानी | | (३१,५५,६२,७६०) | (१७,९८,४७,३३८) |
| **संचालन गतिविधिबाट खुद नगद प्रवाह** | | ९३,३१,४२,७६७ | १,१४,३७,१४,९५८ |
| **(प्रयोगमा रहेका) लगानी गतिविधिबाट नगद प्रवाह** | | | |
| सम्पति, प्लान्ट र उपकरणहरुको बिक्रीबाट लाभ | | - | १,८४,३९१ |
| प्राप्त ब्याज | | ३,७४,९३,११५ | ४,७९,४४,९४७ |
| सम्पति, प्लान्ट र उपकरणहरुको प्राप्ति | ३ | (३,७०,३८,०७५) | (२७,८५,४६,५९१) |
| (ईन्ट्यान्जिवल्स्) को खरिद | ४ | - | (१०,०४,२३४) |
| एफ डि मा लगानीमा कमी (वृद्धि) | | (५९,९९,८७,१८२) | २३,९१,२३,४१८ |
| सि.सि.ई. बाहेकको अन्य बैंक बचतमा कमी (वृद्धि) | | ११,०३,९६८ | ३९,४८,०८३ |
| कर्मचारीको आवकाश योजना खर्च | | (१३,७२,७८,८०५) | - |
| **लगानी गतिविधिबाट खुद नगद प्रवाह** | | (७३,५७,०६,९७९) | १,१६,५०,०१४ |
| **वित्तीय गतिविधिबाट नगद प्रवाह** | | | |
| लाभांश भुक्तानी | | (९,२९,१५,५९५) | (७०,३७,४९,१९८) |
| **वित्तीय गतिविधिबाट खुद नगद प्रवाह** | | (९,२९,१५,५९५) | (७०,३७,४९,१९८) |
| **नगद वा नगद सरहमा वृद्धि (कमी)** | | १०,४५,२०,१९३ | ४५,१६,१५,७७५ |
| **नगद वा नगद सरह** | | | |
| **नगद वा नगद सरह वर्षको शुरुमा** | ९ | ६६,१७,२१,५४५ | २१,०१,०५,७७० |
| **नगद वा नगद सरह वर्षको अन्तमा** | ९ | ७६,६२,४१,७३८ | ६६,१७,२१,५४५ |

संलग्न नोटहरु यो विवरणहरुका अभिन्न अंग हुन्। प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन्।

**श्री देव बाजपेई**
अध्यक्ष

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक

**शसी सत्याल**
साझेदार
पि.के.एफ. टि.आर.
उपाध्याय र को.
चार्टड एकाउन्टेन्ट

**श्री आशा गोपालकृष्णन**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**वशुधेश भट्**
प्रमुख वित्तिय अधिकृत

**योगेश मिश्रा**
सञ्चालक

**श्री कृष्णम सुन्दरम**
सञ्चालक

**एलिना आचार्य**
कम्पनी सचिव

**मितिः** भाद्र २१, २०७८ (सेप्टेम्बर ६, २०२१)
**स्थानः** काठमाण्डौ, नेपाल

# ईक्युटीमा हेरफेरको विवरण

आषाढ ३१, २०७८ जुलाई १५, २०२१) सम्म

रकमहरु ने रु. मा छन्

| | शेयर पूंजी | कर्मचारी आवास जगेडा (संचिति) | सामान्य संचिति | (खुद) संचिति रकम | जम्मा रकम |
|---|---|---|---|---|---|
| **२०७६ आषाढ ३१ मा मौज्दात** | ९,२०,७०,००० | ७९,६०,५९,३२५ | – | १,४३,६२,८४,८५४ | २,३२,४४,१४,१७९ |
| यस वर्षको नाफा | – | – | – | ३५,८०,०५,२५२ | ३५,८०,०५,२५२ |
| अन्य विस्तृत आय | – | – | – | (३,८४,९७१) | (३,८४,९७१) |
| **जम्मा विस्तृत आय** | **–** | **–** | **–** | **३५,७६,२०,२८२** | **३५,७६,२०,२८२** |
| कर्मचारी आवाश जगेडा-रुपान्तरण | – | – | – | – | – |
| शेयरधनीहरुका लागि लाभांश | – | – | – | (७०,८९,३९,०००) | (७०,८९,३९,०००) |
| **२०७७ आषाढ ३१ (मसान्त) सम्मको मौज्दात** | ९,२०,७०,००० | ७९,६०,५९,३२५ | – | १,०८,४९,६६,१३६ | १,९७,३०,९५,४६१ |
| वर्षको नाफा | – | – | – | ८६,०८,७७,२८७ | ८६,०८,७७,२८७ |
| अन्य विस्तृत आय | – | – | – | ३,९९,३५१ | ३,९९,३५१ |
| **जम्मा विस्तृत आय** | **–** | **–** | **–** | **८६,१२,७६,६३८** | **८६,१२,७६,६३८** |
| शेयरधनीहरुका लागि लाभांश | – | – | – | (९,२०,७०,०००) | (९,२०,७०,०००) |
| अवकाश सुविधामा भुक्तानी रुपान्तरण | – | (७९,६०,५९,३२५) | ७९,६०,५९,३२५ | – | – |
| सामान्य संचिति रुपान्तरण | – | – | (१३,७२,७८,८०५) | – | (१३,७२,७८,८०५) |
| **२०७८ आषाढ ३१ (मसान्त) सम्मको मौज्दात** | ९,२०,७०,००० | – | ६५,८७,८०,५२० | १,८५,४१,७२,७७४ | २,६०,५०,२३,२९४ |

संलग्न नोटहरु यो विवरणहरुका अभिन्न अंग हुन् । प्रस्तुत विवरण आजसम्मको प्रतिवेदनको आधारमा तयार पारिएका हुन् ।

**श्री देव बाजपेई**
अध्यक्ष

**श्री आशा गोपालकृष्णन**
सञ्चालक

**योगेश मिश्रा**
सञ्चालक

**रवि भक्त श्रेष्ठ**
सञ्चालक

**सुबास बज्राचार्य**
स्वतन्त्र सञ्चालक

**श्री कृष्णम सुन्दरम**
सञ्चालक

**अम्लान मुखर्जी**
प्रबन्ध निर्देशक

**वशुधेश भट्**
प्रमुख वित्तिय अधिकृत

**एलिना आचार्य**
कम्पनी सचिव

**शसी सत्याल**
साझेदार
पि.के.एफ. टि.आर. उपाध्याय र को.
चार्टड एकाउन्टेन्ट

**मितिः** भाद्र २१, २०७८ (सेप्टेम्बर ६, २०२१)
**स्थानः** काठमाण्डौ, नेपाल

# लेखासम्बन्धी महत्वपूर्ण नीतिहरु तथा लेखासम्बन्धी टिप्पणीहरु

आषाढ ३१, २०७८ जुलाई १५, २०२१) सम्म

## (१) कम्पनीको परिचय

युनिलिभर नेपाल लिमिटेड (कम्पनी) पब्लिक लिमिटेड कम्पनीको रुपमा कम्पनी ऐन २०६३ बमोजिम दर्ता भएको कम्पनी हो र यो कम्पनीनेपाल स्टक एक्सचेन्जमा पनि सूचीकृत भएको छ । कम्पनीको रजिष्ट्रड कार्यालय तथा मुख्य कारोवार स्थल वसामाडी गा.वि.स. वडा नं. ५, मकवानपुर नेपालमा रहेको छ ।

कम्पनीको प्रमुख उद्देश्य डिटरजेन्ट, भाडा माझ्ने/चम्काउने (स्कोरर), लुगाधुने साबुन, नुहाउने साबुन, सरसफाई  र व्यक्तिगत उपयोग तथा सौन्दर्य प्रशाधन एवं खाद्यवस्तुहरु उत्पादन, बिक्री तथा वितरण गर्नु रहेको छ ।

## (२) लेखा सम्वन्धी महत्वपूर्ण नीतिहरु

### २.१ तयारीका आधारहरु

### २.१.१ कार्यान्वयन सम्बन्धी विवरण

आर्थिक विवरणहरु नेपाल चार्टर्ड एकाउन्टेन्स् तथा (आई क्यान) द्वारा जारी गरिएको नेपाल वित्तीय प्रतिवेदन (एनएफआरएस्) अनुरुप तयार पारिएको छ । आर्थिक विवरणहरुको प्रस्तुति ऐतिहासिक लागत अवधारणा अनुसार र कम्पनी कानुन, २०६३ को आवश्यकता पूरा हुने गरी गरिएको छ ।

**२.१.२** वित्तीय विवरणहरु जारी गर्नका लागि संचालक समिति द्वारा २०७८ भाद्र २१ गते (तदानुसार सेप्टेम्बर ६, २०२१) आधिकारीकता प्रदान गरिएको छ ।

### २.१.३ विद्यमान चासो

कम्पनीको बिद्यमान चासो रहन्छ भन्ने अवधारणा अनुसार वित्तीय विवरणहरु तयार गरिएका छन् ।

### २.१.४ मापनका आधारहरु

वित्तीय विवरणहरु निम्न वस्तु तथा सामग्रीहरु बाहेकका लागि ऐतिहासिक लागतका आधारमा तयार पारिएको छ :

- पारिभाषित लाभ योजना, अवकाश योजना बचत तथा नोक्सानीहरु उचित मुल्य (फेयर भ्यालु) का आधारमा मापन गरिएका छन् ।

### २.१.५ सापेक्षिक लेखा अनुमान

नेपाल वित्तीय प्रतिवेदन मान अनुरुप कम्पनीको वित्तीय विवरण तयार गर्दा सापेक्षिक लेखा अनुमान र यथोचित निर्णयको उपयोग गर्नु आवश्यक छ । व्यवस्थापनले कम्पनीको लेखानीतिहरु कार्यान्वयन प्रकृयामा समेत यथोचित निर्णयको उपयोग गर्नु आवश्यक हुन्छ । कम्पनीले  भविष्यमा हुने घटनाको सन्दर्भमा केही अनुमान र अपेक्षाहरु बनाएको हुन्छ । कुनै पनि अवस्थामा राम्रो हुने विश्वास गरी भविष्यमा हुने घटनाहरुको अपेक्षा गर्दछ र विगतका ती अनुभव तथा अन्य तत्वहरुको आधारमा पूर्वानुमान र निर्णयहरुको निरन्तर मूल्याकन गरिरहनु पर्दछ । भविष्यमा, वास्तविक परिणाम ती अनुमान र अपेक्षा भन्दा फरक हुन पनि सक्दछ । उक्त अनुमान र अपेक्षाहरु अर्को आर्थिक वर्षमा मुलतः देहायका विषयहरुका सम्वन्धमा सम्पत्ति र दायित्व अ.ल्या..गरी वस्तुगत समायोजन हुन सक्ने एउटा ठूलो जोखिम रहन सक्तछ ।

#### (क) कर्मचारी सुविधाहरुको लागि व्यवस्था

परिभाषित लाभका योजनाहरु, दीर्घकालिन अवधिका अन्य कर्मचारी सुविधाहरु र यस्ता दायित्वहरु माथिको वर्तमान लागतलाई प्रोदभावी (accrual valuation) मूल्यांकनका आधारमा निर्धारण गर्ने गरिएको छ । प्रोदभावी मूल्यांकनमा विभिन्न अपेक्षाहरु संलग्न भएका हुन्छन । जुन भविष्यमा विकसित हुने वास्तविकता भन्दा फरक हुन पनि सक्दछ । यिनमा छुटदर निर्धारण, भविष्यमा हुन सक्ने तलबवृद्धि, मृत्युदर र भविष्यको निवृत्तिभरणवृद्धि लगायतका तत्वहरुले निर्धारण गर्दछन् । मुल्यांकनमा रहेको जटिलता र यसको दीर्घकालीन प्रकृतिका कारण परिभाषित सुविधाको दायित्ववारेको आंकलनहरुमा परिवर्तन भई उच्च संवेदनशील हुनपनि सक्तछ । हरेक आंकलनहरु हरेक प्रतिवेदन तयारी मितिमा पुनरावलोकन गर्ने गरिएकोछ । यी प्यारामिटरहरु परिवर्त्तन भई छुट दर निर्धारण हुन सक्तछ । उपयुक्त छुट दर निर्धारण गर्नका लागि रोजगार पश्चातको सुविधा दायित्वसँग मिल्ने गरी गुणस्तरयुक्त संस्थागत ऋणपत्रको अभावमा सरकारी ऋणपत्रको ब्याजदर बारे व्यवस्थापनले विचार पुर्‍याउनु पर्दछ ।

यो मृत्युदर नेपालको सार्वजनिक रुपमा उपलब्ध विश्वस्त औसत आयुको तालिकामा आधारित छ । उक्त मृत्युदर तालिका विभिन्न समय अन्तरालमा हुने जनसांख्यिक परिवर्तनको आधारमा परिवर्तन हुने गर्दछ ।

कर्मचारी सुविधाको दायित्व बारेमा थप विवरण तिप्पणी (नोट) नं. २.२.१४, नोट नं. १४, र नोट नं. २५ मा थप उल्लेख गरिएको छ ।

**(ख) बिलम्बित कर सम्पत्तिको पहिचान**

बिलम्बित कर अस्थायी करयोग्य फरकताबाट पहिचानित हुन्छ। कम्पनीले वितीय विवरणहरु तयार गर्दा आफ्नो उपलब्ध मानकका अनुमानहरुमा आधारित रहेर गरेको हुन्छ। तर कम्पनीको नियन्त्रण बाहिरको परिस्थिति र वजार परिवतर्नको कारणले भविष्यमा विकसित हुनसक्ने परिस्थिति र अनुमान परिवर्तन हुन पनि सक्दछन्। यस किसिमका परिस्थिति उत्पन्न हुंदा यस्तो परिवर्तन अनुमानमा प्रतिविम्वित हुन्छ। विलम्बित कर बारेमा थप विवरण नोट २.२.१५ र (नोट १३ मा उल्लेख गरिएको छ।

**(ग) ह्रासकट्टी तथा (क्रमिक) ऋण भुक्तानी सम्बन्धी प्रावधान**

अनुमानित उपभोग्य आयुको आधारमा सम्पतिहरुको मुल्यह्रास तथा (क्रमिक) ऋण भुक्तानीको गणना गरिएको छ। शुरुमा पहिचान भएका सम्पति, प्लान्ट तथा उपकरण र त्यसको कुनै महत्वपूर्ण बेचबिखन गर्दा वा त्यसको उपयोग वा बेचबिखनवाट भविष्यमा कुनै आर्थिक लाभ नहुने भएमा त्यस्तो वस्तुको पहिचान हुदैन। यदि आवश्यक भएमा शेष मुल्य, उपभोग्य आयु र सम्पति, प्लान्ट र उपकरणका मुल्यह्रासका विधिहरु हरेक आर्थिक वर्षको अन्त्यमा समिक्षा गर्नुको साथै उपयुक्त भएमा समायोजित पनि गर्ने गरिएकोछ। वित्तीय विवरण तयार गर्दा कम्पनीका उपलब्ध मानकका अनुमानहरुमा कम्पनी आधारित रहेको छ। तर कम्पनीको नियन्त्रण वाहिरको परिस्थिति र बजार परिवर्तनको कारणले भविष्यमा विकसित हुनसक्ने परिस्थिति र अनुमान परिवर्तन हुन सक्दछ। यस किसिमका परिस्थिति उत्पन्न हुँदा यस्तो परिवर्तन अनुमानमा प्रतिविम्वित हुन्छ।

**२.१.६ कार्यात्मक तथा प्रचलित मुद्रा**

वित्तीय विवरण नेपाली रुपैयाँमा तयार गरिएको छ र यो कम्पनीको कामकाजको मुद्रा पनि हो।

**२.१.७ पुँजी व्यवस्थापन**

कम्पनीको पुँजी व्यवस्थापन प्रयोजनको लागि पुँजीमा जारी पुँजी र कम्पनीका सबै शेयरधनीहरुलाई भुक्तानी गर्नुपर्ने अन्य सबै व्यवस्था गरिएको शेयर (इक्विटी) लाई समावेश गरिएको छ। कम्पनीले विद्यमान चासोहरुमा सुरक्षा प्रदान गर्ने र शेयर धनीहरुको प्रतिफल अधिक तुल्याउने आफ्नो क्षमतालाई निरन्तरता दिनका लागि आफ्नो पुँजीको व्यवस्थापन गर्ने गर्दछ। कम्पनीको पुँजी संरचना यसका रणनीतिक र दैनिक आवश्यकताहरुलाई पुरा गर्नेगरी प्रमुख तत्वहरुबीच उपयुक्त सन्तुलन बनाउने व्यवस्थापनको निर्णयमा आधारित रहन्छ। हामी परिवर्तित आर्थिक परिस्थितिहरुका सन्दर्भमा चुनौतिका आधारमा तथा सम्पतिमा अन्तर्निहित जोखिमको विशेषताका आधारमा पुँजीको अनुपातमा विचार गर्दछौं र पुँजी संरचनाको व्यवस्था गर्दछौं। कम्पनीले प्रभावकारी पुँजी व्यवस्थापनका माध्यमबाट मुनाफा योग्य वृद्धिलाई उच्च नगद आर्जनमा रुपान्तरण गर्ने लक्ष्य राखेको छ। कुल शेयर संरचना (इक्विटी) मा केन्द्रित भई स्थिर र सवल पुँजी संरचना बनाई राख्ने कम्पनीको नीति छ ताकि लगानीकर्ता, ऋणदाता र बजारको विश्वास कायम राख्न सकियोस् र भविष्यमा यसको व्यावसायिक वृद्धि र विकासलाई स्थायित्व प्रदान गर्न सकियोस्। कम्पनीको जोखिम संम्वेदनशीलतालाई प्रभावित नतुल्याई, यदि आवश्यक परेमा, भविष्यमा लिनुपर्ने सम्भाव्य ऋण सापटीका लागि स्वायत्तता, सुरक्षाका साथसाथै सवल वित्तीय लचकताका लागि कूल शेयर संरचना (इक्विटी) कायम राख्नमा कम्पनीको ध्यान केन्द्रित भएको छ। यसलाई कायम राख्ने वा यदि यसको पुँजीगत संरचनामा समायोजनको आवश्यकता परे कम्पनीले उपयुक्त कदम चाल्नेछ। व्यवस्थापनले पुँजीका प्रतिफलका साथसाथै शेयरधनीहरुको लाभांशको तहमाथि नजर राख्दछ। भविष्यका अवधिमा निरन्तर लाभांश वाँडेर बढी भएका तरलता शेयरधनीहरुलाई निरन्तर फिर्ता गर्ने कम्पनीको उद्देश्य रहदै आएको छ।

र, ३१ आषाढ २०७६ देखि आषाढ ३१, २०७८ को वर्ष समाप्तिसम्म पुँजी व्यवस्थापनका लक्ष्य, नीति र प्रकृयामा कुनै परिवर्तन गरिएको छैन।

**२.१.८. नयाँ मानदण्ड जारी भएको तर अझै कार्यन्वयनमा नआएको**

मिति आषाढ ११, २०७७ मा आईक्यान (ICAN) बाट नयाँ वित्तीय प्रतिवेदन मापदण्ड जारी भइ सकेको छ। यो एनएफआरएस, २०१८ मा विद्यमान मापदण्डमा केही नयाँ मापदण्डहरु थप गरिएका छन् :

एनएफआरएस २०१८ ले निम्न अनुसारका मापदण्डहरु उल्लेख गरेको छ  जुन तोकिएको मिति देखि लागु हुनेछन् :

| नेपाल वित्तीय प्रतिवेदन संवन्धी मापदण्ड (NFRS) | लागु हुने मिति |
|---|---|
| एन एफ आर एस ९ | साउन १, २०७८ (१६ जुलाई २०२१) |
| एन एफ आर एस १४ | साउन १, २०७८ (१६ जुलाई २०२१) |
| एन एफ आर एस १५ | साउन १, २०७८ (१६ जुलाई २०२१) |
| एन एफ आर एस १६ | साउन १, २०७८ (१६ जुलाई २०२१) |
| एन एफ आर एस १७ | साउन १, २०७८ (१६ जुलाई २०२१) |

**२.२. महत्वपुर्ण लेखा नीति तथा व्याख्यात्मक नोटहरु**

वित्तीय विवरण तयार पार्न अपनाइएका मुख्य लेखा सम्बन्धी नीतिहरु तल दिइएका छन्। ती नीतिहरु प्रस्तुत सबै वर्षहरुमा अन्यथा गरिएको बाहेक निरन्तर रुपले अपनाइएका छन्। ती वित्तीय विवरणहरु प्रस्तुतिकरण गर्दा निश्चित लेखा सिम्बन्धी अनुमानहरुको प्रयोग गर्नु पर्दछ। ती वित्तीय विवरणहरु तयार गर्दा प्रयोग भएका महत्वपूर्ण निर्णय तथा अनुमानहरुका क्षेत्र र तिनीहरुका प्रभावहरु बारे जानकारी गराईन्छ।

**२.२.१. गैह्र वित्तीय सम्पत्तिहरुको नोक्सानी (वस्तुसूची तथा विलम्वित कर सम्पत्ति वाहेक)**

गैह्र-वित्तीय सम्पत्तिहरु घटना वा परिस्थितिमा आएका परिवर्तनहरुका कारण परिक्षण अन्तर्गत मानिन्छन र यसले के संकेत गर्दछन् धने तिनीहरुको अ. ल्या. रकम पुन प्रप्त नहुन सक्तछ। कुनै सम्पतिको अ. ल्या. (क्यारिङ्ग भ्यालु) पुनः प्राप्त (अशुली योग्य) गर्न सकिने यसको रकम भन्दा बढी हुन आँउछ (मतलव चल्ती रहेको मूल्य जति बढी हुन्छ त्यती नै कमी फेयर भ्यालुमा बेच्नु पर्दछ) र, त्यसरी नै त्यस्तो सम्पतिको मुल्य घटाउँदै जानु पर्दछ। सो सम्पतिले नगद प्रभाव नगरेसम्म, पुन प्राप्त गर्न (अशुली योग्य) सकिने रकम संचित विशेषमा निर्भर हुन्छ, सम्पति नै पिछे फरक हुन्छ। तिनीहरु अन्य सम्पति वा सम्पति समुहहरु भन्दा मूल रुपले स्वतन्त्र हुन्छन्। जव कुनै सम्पति अ. ल्या. वा नगद प्रवाह गर्ने ईकाई पुन प्राप्त गर्न सकिने रकम भन्दा बढी हुन आँउछ, तब सम्पति क्षय भएको मानिन्छ र त्यसको हशुली योग्य रकममा घटाएर लेख्ने गरिन्छ।

कुनै पनि लेखा अवधिमा कुनै सम्पतिको यस्तो क्षयीकरण भएको छ कि छैन वा घटेको/बढेको बारे कुनै संकेत छ/छैन भनेर मूल्याङ्कन गर्ने गरिन्छ। यदि कुनै यस्तो संकेत देखियो भने सो सम्पति विशेषको असुली योग्य रकमको अनुमान लगाउने गरिन्छ। स्थिर सम्पत्तिको अ. ल्या. रकम (राशी) असुली योग्य रकमको संशोधित अनुमान भन्दा बढेको रहेछ भने अघिल्लो वर्षको भन्दा सम्पतिमा कुनै क्षयीकरण भएको मानिदैन।

बृहत्त आयमा अघिल्लो वर्ष लाभ/हानी के भएको थियो सो हदसम्म बाहेक, यस्ता नोक्सानी वा क्षयिकरणलाई लाभ वा हानीमा समावेश गरिन्छ।

**२.२.२ विदेशी मुद्राको कारोवार**

प्राथमिक आर्थिक वातावरणमा कारोवार गरिंदा बाहेक अन्य स्थानमा जहां जुन मुद्रा जुन दरमा अभिलेख गरिएको छ सोही आधारमा कम्पनीले कारोवार गरेको छ। विदेशी विनिमय कारोवारमा भएको भिन्नतालाई नाफा तथा नोक्सान विवरणमा उल्लेख गरिएको छ। नसुल्झिएको वैदेशिक मुद्राको सम्पत्ति तथा दायित्व प्रतिवेदन तयार गर्दाका दिनको विनिमय दरअनुसार लेखाङकन गरिएको छ। नसुल्झिएको मौद्रिक सम्पत्ति तथा दायित्वको पुनः कारेवारबाट सिर्जित विनिमय दर भिन्नतालाई तत्कालै नाफानो क्सान आयविवरणमा लेखाङकन गरिएको छ।

कम्पनीले आफ्नो विदेशी मुद्राजन्य जोखिमवाट बच्नको लागि अग्रिम विनिमय करारलाई प्रयोग गर्ने गरेको छ। व्यापार वा काल्पनिक उद्येश्यको लागि कुनैपनि ब्यूत्पतिक साधनमा कम्पनी प्रवेश गरेको छैन। वासलातको मितिमा विदेशी मुद्रामा आँकिएको वित्तीय सम्पत्ति तथा दायित्वलाई त्यस दिनको विनिमय दरले परिवर्तन गरिएको छ र सो बाट हुने नाफा नोक्सान आय विवरणमा आम्दानी वा खर्च लेखाङकन गरिएको छ। अग्रिम विनिमय कराहरुको खारेजी वा नविकरणवाट हुने नाफा नो क्सानलाई समान अवधिको आय वा खर्चका रुपमा लेखाङकन गरिएको छ।

**२.२.३ सम्पत्ति, यन्त्र र उपकरण**

सम्पत्ति, यन्त्र र उपकरणको लागत मूलतः मुल्यका आधारमा मापन गरिएकोछ। लागतमा खरिद मुल्य र सम्पत्ति, प्लान्ट र उपकरणको जडान संचालन गर्दा सम्मका उपलब्ध अन्य प्रत्यक्ष खर्चहरु समावेश गरिएको छ। यदि तोकिएको मापदण्डहरु सन्तोषजनक छन् भने त्यसको लागतलाई मेशिन तथा उपकरणको अ.ल्या.राशि अन्तर्गत प्रतिस्थापनका रुपमा देखाइएका छ। अन्य सबै मर्मत तथा सम्भार खर्चहरुलाई व्ययका आधारमा नाफा वा नोक्सानका रुपमा लेखाङकन गरिएको छ।

यस पछि यदि सञ्चित ह्रासकट्टी र सञ्चित हानी नोक्सानी मध्ये केहि भएमा खुदमिलान गरी सम्पत्ति, यन्त्र र उपकरणहरुको लागत उल्लेख गरिएको छ।

वासलात तयार गर्दा भौतिक सम्पत्तिहरु लक्षित प्रयोगका लागि तयार नभईसकेमा तिनलाई "पुँजी कार्यगत प्रगति" का रुपमा उल्लेख गरिएका छन्।

सामग्रीलाई नष्ट गर्दा हुने लाभ वा हानीलाई समेत आ.ल्या. खर्चसँग निर्धारित गरी लगतै नाफा नोक्सान हिसाबमा सारिएको छ।

**२.२.४ ह्रासकट्टी**

पूर्ण स्वामित्वको भूमिको ह्रासकट्टी हुँदैन। निर्माणाधीन सम्पत्तिहरु निर्माण सम्पन्न नभएसम्म ह्रासकट्टी शुरु हुदैन। सम्पत्ति, यन्त्र र उपकरणहरुका सबै अन्य वस्तुहरुको आर्थिक रुपमा उपयोगितामूखी आयुको आधारमा सिधा रेखाविधिले समानुपातिक आधारमा ह्रासकट्टी गर्नु पर्दछ।

सम्पत्तिको अनुमानित उपयोगजन्य आयु र सोही अनुसारको ह्रासकट्टी दर देहायअनुसार छन्:

| विवरण | प्रयोगजन्य आयु (वर्ष) | ह्रासकट्टी दर % |
|---|---|---|
| भवन | | |
| स्थायी स्वामित्वमा रहेको सम्पत्ति | ४०.०० | २.५० |
| भांडा(लिज)मा लिएको सम्पति | ९.०० | ११.११ |
| यन्त्र तथा उपकरण | १४.२९ | ७.०० |
| कार्यालय सामग्री | १४.२९ | ७.०० |
| फर्निचर तथा फिक्स्चरहरु | १४.२९ | ७.०० |
| कम्प्युटर तथा त्यसका अन्य सहायक सामग्रीहरु | ४.०० | २५.०० |

**२.२.५ भाडा (लिज)**

शुरुवातकै मितिमा भाडालाई वित्तीय भाडा सम्झौता वा संचालन/कार्यात्मक सम्झौतामा वर्गीकरण गर्ने गरिएकोछ । सबै प्रकारका जोखिम तथा उपयोगको अधिकार वा स्वामित्व कम्पनीलाई दिने गरि हुने भाडालाई वित्तीय भाडामा वर्गीकरण गर्ने गरिएकोछ ।

जब सबै जोखिम र उपयोगको अधिकार कम्पनीलाई दिईदैन वा सिमित अधिकार दिइन्छ भने यसलाई "संचालक/कार्यात्मक सम्झौता" भनिन्छ र यस अन्तर्गत कूल तिर्नुपर्ने भाडालाई सम्झौता करार अन्तर्गत नाफा नोक्सान विवरणमा राखिन्छ ।

कार्यात्मक सम्झौतामा कम्पनीको भाडा सम्झौता गर्ने गराउने दुबै कार्य हुन्छ । यस प्रकारको सम्झौतामा भुक्तानी र प्राप्ति दुबै कुलभाडा सम्झौता अवधिको आधारमा आरम्भ देखि सिधा रेखाविधिबाट हिसाब गरी कम्पनीको नाफा नोक्सान हिसाबमा देखाईन्छ ।

**भाडा सम्झौता खर्च :** कम्पनीले कार्यात्मक भाडा सम्झौता अन्तर्गत विभिन्न पक्षबाट कार्यालय परिसर, आवासीय घर र गोदामको लागि ठाउँ भाडामा लिएको हुन्छ । यी सम्झौताहरु दुवै पक्षको सहमतिमा प्रारम्भिक करार अवधि पश्चात नविकरण गर्ने विकल्पसहित सामान्यतया एकदेखि पाँच वर्षसम्मका लागि वहाल रहन्छन् । वासलात तयार मिति सम्ममा रद्द गर्न नसकिने कार्यात्मक भाडा योजना अन्तर्गत भविष्यमा भुक्तानी योग्य न्यूनतम् भाडा देहाय बमोजिम छन् :

रकमहरु नेपालीमा छन्

| अवधि | २०७८ आषाढ ३१ मा | २०७७ आषाढ ३१ मा |
|---|---|---|
| एक बर्ष भन्दा कम | ८,६७,१२,५९५ | ६,२४,१३,६१० |
| एक बर्षदेखि पाँच बर्ष | १९,९७,३६,९०९ | १७,४४,५१,५०९ |
| पाँच बर्षभन्दा बढी | १३,३५,३९,५२२ | १८,५८,३३,१३५ |
| **जम्मा** | **४१,९९,८९,०२६** | **४२,२६,९८,२५३** |

**२.२.६ अमूर्त सम्पत्ति (intangible assets)**

अदृश्य सम्पत्ति खरिद मुल्यमा कूल अपलेखन खर्च, यदि भएमा, सोको कूल रकम घटाई देखाइएको छ । खरिद गरिएको कम्प्यूटर सफ्टवेयर लाईन्सेन्स् खरिद गर्न लागेको खर्च तथा त्यसलाई प्रयोगमा ल्याउँदा सम्मको खर्चलाई पुँजीगत खर्चमा देखाईएको छ । यी खर्चहरुलाई प्रयोगमा हुने अनुमानित ५ (पाँच) वर्षको अवधिभित्र अभिलेखन गर्ने गरी देखाईएको छ ।

**२.२.७ तेस्रो पक्षको कारखाना स्थलमा उत्पादन**

कम्पनीले यसका अनुमति प्राप्त वस्तुहरु उत्पादनका लागि निश्चित रुपान्तरण लागतमा भुक्तानी हुनेगरी मात्र अन्य तेस्रो पक्ष उत्पादकहरुको व्यवस्था गरेको छ । त्यस्ता गतिविधिहरुसँग सम्बन्धित सामग्रीहरुको खरीद मुल्य यस प्रकारका उत्पादकहरुलाई गरिएको रुपान्तरण लागतको भुक्तानी र भण्डारमा रहेका वस्तुहरु (सहायक सामाग्रीका साथै तयारी वस्तु) कम्पनीको खातामा गणना गरिएको छ ।

**२.२.८ व्यापार तथा अन्य प्राप्यहरु**

सक्रिय बजारमा उल्लेखित नभएका व्यापार तथा अन्य प्राप्यहरु स्थिर सम्पत्ति वा निर्धारण योग्य भुक्तानीहरु गैरव्यूत्पादित वित्तीय सम्पत्तिहरु हुन् । प्रारम्भिक मापनपछि यस प्रकारको सम्पत्तिहरु क्षति रकम घटाएर संचालित लागतमा प्रभावी व्याजदर विधि (ईआईआर) बाट मापन गरिएको छ । अवमूल्यानबाट भएको उक्त क्षतिलाई नाफा नोक्सान हिसावमा राखिएको छ ।

**२.२.९ भण्डारका वस्तुसूची (ईन्भेन्ट्री)हरु)**

भण्डारमा रहेका सबै वस्तुहरुको सूची (ईन्भेन्ट्रीहरु) प्रारम्भिक रुपमा खरिद मूल्यमा र त्यसपछि केही कम मूल्यमा अनि नगद परिवर्त्य गर्न सकिने खुदमूल्यमा राखिन्छन् । खुद प्राप्यमूल्य एउटा सामान्य व्यावसायिक वातावरणमा हुनसक्ने अनुमानित बिक्री मूल्य हो - जसमा सम्पन्न गर्न लाग्ने अनुमानित लागत मूल्य र बिक्री गर्न आवश्यक खर्चको अनुमानित मूल्य घटाईएको हुन्छ । भण्डारका वस्तुहरुको सूचीहरुलाई वर्तमान स्थल र स्थितिमा ल्याउन सृजित खर्चलाई देहाय बमोजिम लेखाङ्कन गरिन्छ:

| | | |
|---|---|---|
| कच्चा पदार्थ | - | औषत आधारमा भार निर्धारित वास्तविक खर्च |
| प्याकेजिङ सामाग्री | - | औषतआधारमा भार निर्धारित वास्तविक खर्च |
| प्रवर्द्धन सामाग्री | - | औषत आधारमा भार निर्धारित वास्तविक खर्च |
| तयारी सामानहरु | - | कच्चा पदार्थ, प्याकेजिङ सामाग्री, स्थिर तथा परिपर्तनशील उत्पादन खर्चको समानुपातिक अनुपातमा वर्तमान स्थान र स्थितिमा ल्याउँदा हुने निश्चित लागत खर्च |
| कार्यगत प्रगति | - | कच्चा पदार्थ, प्याकेजिङ सामाग्री, स्थिर तथा परिपर्तनशील उत्पादन खर्चको समानुपातिक अनुपातमा वर्तमान स्थान र स्थितिमा ल्याउदा हुने निश्चित लागत खर्च |
| उपभोग्य र स्पेयर सामान | - | औषत आधारमा भार निर्धारित वास्तविक खर्च |
| ट्रान्जिटमा रहेका सामानहरु | - | ट्रान्जिटमा रहेका सामानहरुको वास्तविक खर्च |

प्रयोग गर्न नसकिने वा क्षतिग्रस्त अथवा बिग्रिएको वा बजारमा बिक्री गर्न नसकिने अप्रचलित स्टकको लागि पूर्ण व्यवस्था गरिएको छ । म्याद गुज्रिएको वस्तुसूचीको उपयोगको हदसम्मको पूर्ण व्यवस्थालाई आय हिसावमा समायोजन गरिएको छ ।

**२.२.१० नगद तथा नगद सरह**

नगद तथा नगद सरहलाई साथमा रहेको नगद, चल्ती खाता, अल्पकालीन अवधिका उच्च तरल लगानीहरु, नगदमा परिवतर्न हुन तयार रकमहरु तथा मुल्य परिवर्तनको अविशिष्ट जोखिमयुक्त रकमलाई परिभाषित गरिएको छ । नगद प्रवाह विवरणका लागि नगद तथा नगद सरह साथमा रहेको नगद वा बैंकहरुमा रहेको बाँकी रकम सामेल गरिएको छ ।

**२.२.११ वित्तीय सम्पत्तिको क्षय**

कम्पनीको वित्तीय सम्पत्तिको अ. ल्या. मूल्यमा क्षयीकरणको संकेत भए नभएको एकिन गर्नका लागि हरेक वासलात मितिमा पुर्नविचार गरिएकोछ । यदि त्यस्ता संकेतहरु भएमा उक्त सम्पत्तिको पुन: प्राप्य रकममा अनुमान गरिएको छ । क्षयीकरण हानीलाई त्यतिखेर पहिचान गरिएकोछ जतिखेर सम्पत्तिको मुल्य भन्दा पुन प्राप्य रकम बढीहुन्छ । क्षयकृत सम्पत्तिहरुलाई नाफा नोक्सान हिसावमा पहिचान गरिएको छ ।

**२.२.१२ शेयरपुंजी**

वित्तीय सम्पत्ति वा वित्तीय दायित्वको परिभाषा अन्तर्गत नपर्ने अवस्थासम्म कम्पनीले जारी गरेका वित्तीय उपकरणहरुलाई इक्विटीको रुपमा वर्गिकरण गरिएका छन् । कम्पनीको इक्विटी शेयरहरुलाई इक्विटी उपकरणमा वर्गिकरण गरिएको छ ।

**२.२.१३ चल विरुद्ध अचल वर्गिकरण**

वित्तीय अवस्था सम्बन्धी विवरणमा रहेका कम्पनीको सम्पत्ति तथा दायित्व वर्तमान तथा गैह्र वर्तमान वर्गिकरणमा आधारित रहेकोछ । उत्पादनको प्रकृति र प्रक्रियागत चरणका लागि सम्पत्ति उपार्जनमा लागेको समय तथा त्यसका नगद वा सो सरह प्राप्तिमा आधारित रहेर सम्पत्ति र दायित्वको वर्तमान र गैह्रवर्तमान उपकरणका लागि कम्पनीले आफ्नो संचालन चक्रलाई १२ महिनामा निर्धारण गरेको छ ।

यस कम्पनीले सम्पत्तिलाई देहाय बमोजिम चलमा करण गरेको छ:

- प्राप्त हुन एकिन भएको वा बिक्री गर्न लागिएको अथवा सामान्य संचालन चक्र अनुरुप खपत गरिएको,
- मुख्यतया व्यापार गर्ने उदेश्यले राखिएको,
- प्रतिवेदित अवधिको १२ महिना भित्रमा प्राप्त हुने भएको, वा
- साटफेर गर्न निषेधित वा प्रतिवेदन अवधि पछि कम्तिमा १२ महिनामा दायित्व मिलान गर्नका लागि प्रयोग गरिएको बाहेक नगद वा नगद सरह

अन्य सबै सम्पतिहरु अचलमा वर्गिकरण गरिएको छ ।

- कम्पनीले निम्न अनुसार चल दायित्व अन्तर्गत वर्गिकरण गरेको छ :
- यो सामान्य संचालन चक्रमा भुक्तानी गरिने अपेक्षा गरिएको,
- यो प्राथमिक रुपमा व्यापारको लागिभएको,
- यसको बक्यौदा प्रतिवेदित समयको १२ महिना भित्रमा भुक्तानी गर्न सकिने, वा
- प्रतिवेदित समयको कम्तिमा १२ महिना सम्म यसको भुक्तानीका लागि आलटाल गर्ने कुनै शर्त रहित अधिकार नभएको अन्य सबैलाई अचल दायित्वको रुपमा वर्गीकृत गरिएको छ ।

विलम्बित कर सम्पत्ति तथा दायित्वहरुलाई अचल सम्पत्ति र दायित्वको रुपमा वर्गीकृत गरिएको छ ।

**२.२.१४ रोजगार सुविधाहरु**

सामाजिक सुरक्षा ऐन, २०७५ अनुसार कम्पनीले सामाजिक सुरक्षा कोष अन्तर्गत सामाजिक सुरक्षा ऐन, २०७५ र श्रम ऐन, २०७४ को निर्देशिका बमोजिम कर्मचारीको संचयकोष, उपदान, अन्य अवकाश योजना तथा संचित भुक्तानी योग्य विदा र अन्य विदा भुक्तानी संबन्धी कर्मचारी सुविधा योजना ल्याएको छ ।

**परिभाषित योगदान योजनाहरु**

परिभाषित योगदान योजनाहरु उत्तर रोजगार सुविधा योजना अन्तर्गत पर्दछन् जस अन्तर्गत कम्पनीले राज्य व्यवस्थित अवकाश सुविधा योजनामा निश्चित योगदान गर्दछ र त्यसपछि कर्मचारीहरुलाई भुक्तानी गर्ने कुनै कानूनी वा रचनात्मक दायित्व लिने छैन । यदि राज्य व्यवस्थित कोषले ती सबै कर्मचारीहरलाई हालको वर्ष पछि आउने वर्षहरुमा त्यस्तो कुनै रकम भुक्तानी गर्न पर्याप्त कोष/सम्पति राख्दैन भने पनि कम्पनी जिम्मेवार हुने छैन । परिस्थिति योगदान योजनाहरुमा कम्पनीले प्रदान गर्ने योगदान संबन्धित आर्थिक बर्षको नाफा/नोक्सान विवरणमा कर्मचारीको सुविधा खर्च भनेर उल्लेख गर्ने गरिन्छ ।

कम्पनी सामाजिक सुरक्षाकोष (एसएसएफ) मा दर्ता भई सकेको छ । र, सबै अवकाश सुविधाहरु (संचयकोष, सामाजिक सुरक्षा कर, उपदान तथा औषधी उपचार, बीमा) बापत आधाभुत तलवमानको ३१ प्रतिशत मासिक रुपमा दाखिला गरिएका छन् ।

हिदुस्थान युनिलिभर लिमिटेडबाट नियुक्त व्यवस्थापकहरुको संचयकोष तथा पेन्सन योजनाहरुको लागि हिन्दुस्थान युनिलिभर लिमिटेडले व्यवस्था गरेको अतिरिक्त संचयकोष तथा पेन्सन योजनाहरुमा रकम जम्मा गरिएको छ । संचयकोष योजना जस्ता परिभाषित योगदान योजनाहरुमा त्यसको व्यवस्था हुने वितिकै आय हिसावमा राखिन्छ ।

२०७४ भाद्र १९ गतेबाट प्रमाणीकरण एवं लागु भएको नयाँ श्रम ऐन अनुसार उपदान योजनाहरु परिभाषित लाभका योजनाबाट योगदानमुलकमा परिणत भएको छ। हरेक महिना अलग्गै आधारभुत तलवको ८.३३ प्रतिशत सामाजिक सुरक्षा कोषमा जम्मा गर्नु पर्ने हुन्छ।

उपरोक्त नयाँ व्यस्था लागु भएको मिति सम्मको विगतको श्रम ऐन अनुसार गणना गरिएको कुल उपदान दायित्व पनि सामाजिक सुरक्षाकोषमा जम्मा गर्नु पर्ने हुन्छ। आजको मितिसम्म सामाजिक सुरक्षा कोषमा रकम जम्मा गर्ने प्रक्रिया नेपाल सरकारले अन्तिम रुप दिईसकेको छैन, त्यसैले कम्पनीले खुद दायित्व रकम (नागरिक लगानी कोष) मा रहेको खुद राशिलाई चालु भुक्तानी गर्नु पर्ने दायित्वको रुपमा लेखाङ्कित गरेको छ।

**परिभाषित सुविधा योजनाहरु तथा अन्य अवकाश लाभका योजनाहरु**

कम्पनीले अन्य अवकाश सुविधाहरु मार्फत परिभाषित सुविधाहरु उपलब्ध गराउँदछ। यस्ता परिभाषित सुविधाहरुका लागि कम्पनीका दायित्व वासलात तयारी मितिको मुल्यांकनमा आधारित हुन्छ, जुन प्रक्षेपित युनिट लागत विधिमा उपलब्ध सरकारी ऋणपत्रहरुको वर्तमान मूल्यमा घटाई स्वतन्त्र विमांक राशिका आधारमा स्वतन्त्र गणकबाट तय गरिएकोछ।

परिभाषित सुविधा दायित्वका लागि छूट दर लागू गरी ब्याजदर गणना गरिएकोछ। कम्पनीले परिभाषित सुविधा दायित्वका लागि नाफा नोक्सान विवरणमा देहायका परिवर्तनहरु पहिचान गरेको छ।

१. विगतको सेवाशुल्क तथा वर्तमानको सेवाशुल्क सहितको सेवाशुल्क,

२. ब्याज खर्चहरु

वर्षभरिका कर्मचारीको सुविधा व्यावस्था भित्रका अपेक्षा वा अनुभवहरुको आधारमा दायित्वमा भएका कुनैपनि परिवर्तनहरुलाई यस्तो परिवर्तन हुने वित्तिकै अन्य आयमा राखिएका छन्।

कम्पनीको शुद्ध दायित्वलाई अचल वा चल रुपमा गणको मुल्याङ्कन प्रतिवेदन अनुसार वर्गीकरण  गरिएको छ। अन्य अवकाश योजनाको लागि कोष व्यावस्था नगरिएता पनि निश्चित रकम जागिरवाट बाहिरिने समयमा भुक्तानी गर्ने गरिएको छ। भुक्तानी गरिने उक्त निश्चित रकम सेवा वर्षको आधारमा निर्धारित हुन्छ र यो कम्तिमा ५ वर्ष सेवा अवधि पुरा गरेका वेतनधारी कर्मचारी/श्रमिकहरुका लागि मात्र लागु गरिएको छ।

**अन्य दीर्घकालीन रोजगारी सुविधा सम्वन्धी योजनाहरु**

कर्मचारीहरुका लागि उपभोग नभएको ९० दिन बराबरको संचित घर विदा वापतको रकम भुक्तानी पाउने कानुनी व्यवस्था छ। सेवामा रहदा उपभोग नभएको ९० दिन भन्दा बढी संचित विदाको भुक्तानी दिईने व्यवस्था छ। त्यसैगरी, कर्मचारीहरुको उपभोग नभएको ४५ दिन बराबरको विरामी विदा वापतको रकम भुक्तानी पाउने कानुनी व्यवस्था छ - सेवामा रहदा उपभोग नभएको ४५ दिन भन्दा बढीको संचित विदाको भुक्तानी दिईने व्यवस्था छ।

उपरोक्त दायित्व प्रक्षेपित युनिट लागत विधिमा उपलब्ध सरकारी ऋणपत्रहरुको वर्तमान मुल्यमा घटाई स्वतन्त्र विमांक राशिका आधारमा तय गरिएकोछ। सेवा लागत, ब्याजलागत अवकास कोष संचिति (एक्चुरियल) नाफा/घाटाहरु नाफा/नोक्सान विवरणमा दर्शाइएका हुन्छन्।

**अवकाश कोष संचिति**

श्रम ऐन २०४८ को दफा ४१ (२) बमोजिम कर्मचारीहरुको आवास निर्माण को लागि आर्थिक वर्ष २०७३-७४ सम्म कर्मचारीहरुको आवास खर्च विनियोजन उपल्ब्ध गरिएको थियो। भाद्र १९, २०७४ मा संशोधित श्रम ऐन २०७४ लागु भए पश्चात कर्मचारीहरुको आवास खर्च विनियोजन स्थगित गरिएको थियो र त्यसै अनुरुप आर्थिक वर्ष २०७४-७५ बाट यस्तो विनियोजन गरिएको छैन।

वर्षैदेखि आवास कोष अन्तर्गत रकम संचित भएको अवस्थामा श्रम सम्बन्ध समितिले आवास कोषमा संचित रकम (जुन तत्कालिन श्रम ऐन २०४८ दफा ४१ अनुरुप स्थापित थियो) लाई सेवानिवृत्ति लाभ योजना अन्तर्गत उपयोग गर्ने निश्चय गरेको थियो।

श्रावण १ २०७७ (जुलाई १६, २०२०) सम्म संचित कर्मचारी आवास कोषको रकम रु. ७९,६०,५९,३२५ लाई यसै वर्ष सेवानिवृत्ति लाभ योजना कोषमा सारिएको छ। साथै, सम्पूर्ण सेवानिवृत्ति लाभ योजनामा गरिएको कुल स्थानान्तरण रकम मध्ये रु. १३,७२,७८,८०५ लाई यसै वर्षको अन्त्य ३१ असार २०७८ मा दायित्वका रुपमा एक्चुरियल मूल्याङ्कन गरियो र खर्च योग्य सेवानिवृत्ति लाभमा स्थानान्तरण गरियो।

हरेक साल, एक्चुरियल मूल्याङ्कन का अधारमा सेवानिवृत्ति लाभ योजनावाट दायित्वको पहिचान गरिने छ। साथै, यो योजना अनिधिक परिभाषित लाभ योजना (unfunded defined benefit plan) भएकाले कुनै सम्पत्ति छुट्टाएर राखिएको छैन।

## २.२.१५ कर व्यवस्था

**आयकार**

वर्षको नाफा र नोक्सानमा आयकर, चालूकर तथा विलम्वित करहरु लाग्दछ। ईक्विटीसँग सम्बन्धित बिषय बाहेकको आयकर लाई नाफा नोक्सान हिसावमा देखाइएको छ।

**चालू कर**

चालू कर भन्नाले आय वर्षमा करयोग्य आयमा वासलात मितिले कर दरले भुक्तानी गर्नुपर्ने अनुमानित कर तथा अघिल्लो वर्षसँग सम्वन्धित भुक्तानी गर्नुपर्ने अन्य कर समायोजन गरिएको भन्ने बुझिन्छ।

**कम्पनीलाई लागु हुने कर दर**

वस्तुको उत्पादन तथा विक्रीबाट प्राप्त आयमा: २०% (२०७६/०७७:२०% )

एलिडा विक्री पहुँचवाट प्राप्त सेवाशुल्क आयमा: २५% (२०७६/०७७:२५% )

कम्पनीले आयकर ऐन २०५८ को दफा १ (३ छ) अनुसार उत्पादन एवं वस्तुको विक्रीवाट हुने आयको कूल कर दायित्वमा १५% छुट प्राप्त गरेको छ।

**विलम्वित कर**

विलम्वित करलाई वासलात दायित्व विधिको प्रयोगबाट उपलब्ध सम्पत्ति तथा दायित्वमा अस्थायी रुपमा फरक अ.ल्या.राशिलाई वित्तीय प्रतिवेदन र कर निर्धारण उद्येश्यका लागि गणना गरिएकोछ। विलम्वित करको रकमलाई प्राप्त गर्न सकिने अनुमानित सम्पत्ति तथा दायित्व वा अ.ल्या गरी ल्याईएको रकम भुक्तानी हुने अनुमानका आधारमा वासलात दायित्व विधिको कर दर प्रयोग गरी गणना गरिएकोछ।

मुख्य अस्थायी फरकता, स्थीर सम्पतिमा हुने ह्रासकट्टी, कर्मचारीलाई प्रदान गरिने सुविधाहरु, सामाजिक उत्तरदायित्व व्यावस्थ, वस्तुसूची अब्सोलेन्सको लागि व्यावस्था शंकास्पद ऋणको व्यावस्था लागायत अन्य व्यावस्थाहरुबाट उत्पन्न हुने गर्दछ।

## २.२.१६ व्यापार तथा अन्य भुक्तानी गर्नुपर्ने रकम

व्यापार तथा अन्य भुक्तानी गर्नुपर्ने रकमलाई प्रारम्भिक रुपमा वास्तविक बजार मुल्यमा तथा तत्पश्चात अपलेखित खर्चमा देखाइएकोछ। अ.ल्या.रकमलाई यी उपकरणहरुको परिपक्वताका कारणले लगभग वास्तविक मुल्यमा मानिन्छ।

## २.२.१७ आय पहिचान (लेखाङ्कन)

आय लेखाङ्कनको लागि देहाय बमोजिमका विशेष आधारहरु प्रयोग गरिएका छन्:

**वस्तु विक्री**

स्वामित्वसंग सम्बन्धित महत्वपूर्ण जोखिम तथा प्रतिफल क्रेतामा हस्तान्तरण गरिएको तथा यस्ता वस्तुमा कम्पनीको स्वामित्वसंग सम्बन्धित कुनै प्रभावकारी नियन्त्रण रहदैन। साथै वस्तुको बिक्रीवाट प्राप्त गरिने मुल्य सम्बन्धमा कुनै महत्वपूर्ण अनिश्चितता नभएको अवस्थामा वस्तुको बिक्रीवाट भएको आयलाई लेखाङ्कन गरिएको छ।

उत्पादनहरु बिक्री गरिदा क्यारिङ एण्ड फरवार्डिङ एजेण्ट (सीएण्डएफ) र वा कारखाना र अथवा उत्पादन बिक्री गरिएका प्रतिष्ठानहरुमा तिनको महत्वएपूर्ण जोखिम र लाभहरु हस्तान्तारण भएको हुन्छ। यद्यपि उत्पादनहरुको प्रभावकारी ढुवानी, ढुवानी भाडाको अर्थव्यवस्थापनका विषयमा क्रेताबाट कम्पनीलाई अनुरोध समेत गरी क्रेताको परिसरमा सामग्रीको आपूर्तिको सुनिश्चित गरिएको हुन्छ।  यस्तो अवस्थामा कम्पनीबाट ढुवानीकर्ता मार्फत उत्पादन आपूर्ति गर्दा उत्पादनसँग सम्वन्धित शिरोभार र यसको मिति पूर्व डिपोबाट बिक्री गरिएको मिति देखि आपूर्तिको मितिसम्मको दायित्व क्रेतामा हुन्छ भन्ने मान्यतामा क्रेतासँग सहमति जनाईएको हुन्छ। बिक्रीलाई व्यापार छुट, मूल्य कटौति, प्रत्यक्ष अनुदान, छुट प्रोत्साहन, बिक्री कर अन्तशुल्क (उत्पादित र बाहिरवाट लिईएका वस्तुमा) कर आदि रकम घटाई खुद मुल्यमा लेखाङ्कन गरिएको छ।

**एलिडा बिक्रीमा सेवा शुल्क**

सेवा उपलब्ध गराएबाट भएको आयलाई क्रेतासँग भएको सम्झौता/व्यवस्थाहरुका आधारमा मुल्य सम्बन्धमा कुनै महत्वपूर्ण अनिश्चितता नभएको अवस्थामा मूल्य अभिवृद्धि कर घटाई प्रोदभावी आधारमा लेखाङ्कन गरिएको छ।

युनिभर नेपाल लिमिटेडको होल्डिङ कम्पनी र मातृ समूहका अन्य कम्पनीहरुद्वारा उत्पादित वा बजारीकरण गरिएका वस्तुहरु अन्य देशबाट आयात गरिएका युनिलिभरका वस्तुहरुको बजारीकरण र वितरणका लागि युनिलिभर नेपाल लिमिटेडको वितरण सञ्जालमा एक प्राईभेट लिमिटेड कम्पनीलाई पहुँचको अधिकार प्रदान गरिए वापत पहुँच महशूलहरु आर्जन गरिएको छ। यस आयलाई प्राइभेट लिमिटेड कम्पनीद्वारा युनिलिभर नेपाल लिमिटेडका वितरकका रुपामा बिक्रीवाट भएको आर्जनका रुपमा लेखाङ्कन गरिएको छ।

यद्यपि, विगत आ. व. देखि एलिडा इन्कम मोडलमा भएको परिवर्तनको कारण एलिडालाई दिइने सेवा बन्द गरिएको छ , परिणामत: चालु आर्थिक वर्षमा एलिडाको कुनै सेवा आय छैन।

**ब्याज आय**

ब्याज आम्दानीलाई समय समानुपातिक आधारमा लेखाङ्कन गरिएको छ।

**आम्दानी मापन**

आम्दानीलाई फेयर भेल्यु (सुपय मुल्य) मा वा प्राप्त भएको मुल्यमा मापन गरिएको छ।

## २.२.१८ खर्च

लिज सम्बन्धी भुक्तानीहरु लिज (भाडा) को अवधि भरि सिधा आधार (स्टेटलाइन बेसिस) मा नाफा/नोक्सानको विवरणमा लेखाङ्कन गरिएको छ।

**कर्मचारी बोनश**

कर्मचारी बोनशलाई बोनश ऐन, २०३० बमोजिम लेखाङ्कन गरिएको छ। कम्पनीले कर्मचारी बोनशको लागि निम्न बमोजिमको रकम गणना तथा विनियोजन गरेको छ :

रकमहरु ने रु. मा छन्

| विवरण | २०७७–७८ |
|---|---|
| कर अघिको नाफा (पि बि टि) | १,०५,०९,०४,४७२ |
| जोडः कर अघिको नाफामा कर्मचारी बोनश विनियोजन | ११,७९,४६,६३० |
| जोडः औद्योगिक प्रतिष्ठान ऐन, २०७६ अनुसार सामाजिक दायित्व व्यवस्था | १,०६,१५,१९७ |
| **कर अघिको बोनश अनुमान** | **१,१७,९४,६६,२९९** |
| **बोनस @ १०%** | **११,७९,४६,६३०** |

**व्यावसायिक सामाजिक उत्तरदायित्व (CSR)का लागि व्यवस्था**

औद्योगिक व्यवसाय ऐन २०७३ (पूर्व ऐन औद्योगिक व्यवसाय ऐन, २०४९ लाई प्रतिस्थापन गर्दै २०७३ कार्तिक ६ गतेदेखि लागु भएको औद्योगिक व्यवसाय ऐन, २०७३ ले संगठित सामाजिक उत्तरदायित्व खर्चको व्यवस्था गरेअनुसार उक्त खर्चको लेखाङ्कन गरिएको छ ।

औद्योगिक व्यवसाय ऐन, २०७३ को दफा ४८ मा व्यावसायिक सामाजिक उत्तरदायित्व (सी.एस.आर. आवश्यकता) का वार्षिक आयको १ (एक) प्रतिशत अनिवार्य रुपमा विनियोजन गर्नुपर्ने व्यवस्था गरिएको छ ।

सीएसआरका लागि कोष सिजर्ना गरी छुट्याइएको रकम तथा कार्यक्रम बनाई ऐन अन्तर्गत बन्ने नियमावलीमा तोकिए बमोजिमका क्षेत्रमा खर्च गर्नुपर्नेछ, यद्यपि उक्त ऐनमा भनिए बामोजिमका क्षेत्रहरु अझैसम्म नियमावली बनाई निर्दिष्ट गरिएका छैनन् । सीएस्आरका लागि कोषको उपयोगका सन्दर्भमा प्रत्येक उद्योगले यस सम्बन्धी प्रगति विवरण आर्थिक वर्ष व्यतित भएको तीन महिना भित्र सम्बन्धित सरकारी निकाय समक्ष पेश गर्नुपर्ने व्यवस्था गरिएको छ ।

कम्पनीले औद्योगिक व्यवसाय ऐन २०७३ अन्तर्गत सी.एस. आर. का लागि निम्न बमोजिमको रकम गणना तथा विनियोजन गरेको छः

रकमहरु ने रु. मा छन्

| विवरण | २०७७–७८ |
|---|---|
| कर अघिको नाफा | १,०५,०९,०४,४७२ |
| जोडः औद्योगिक व्यवसाय ऐन २०७६ ले गरेको व्यवस्था अनुसारको सी.एस.आर.विनियोजन | १,०६,१५,१९७ |
| **सी.एस.आर.का लागि कर अघिको व्यवस्था** | **१,०६,१५,१९,६६९** |
| **औद्योगिक व्यवसाय ऐनले गरेको व्यवस्था अनुसारकाको सी.एस.आर. विनियोजन १५ (एक) प्रतिशत** | **१,०६,१५,१९७** |

**लेखापरिक्षकको पारिश्रमिक र खर्चहरु**

रकमहरु ने रु. मा छन्

| विवरण | २०७७–७८ |
|---|---|
| वैधानिक लेखापरिक्षण शुल्क | ४,२५,००० |
| कर परिक्षण शुल्क | २,१०,००० |
| समुह प्रतिवेदन (ग्रुप रिर्पोटिङ) लेखापरिक्षण शुल्क | १,५०,००० |
| त्रैमासिक समिति समीक्षा | १,०५,००० |
| लेवर अडिट फि | ६०,००० |
| पकेट खर्च भुक्तानी | ६०,००० |
| **जम्मा** | **१०,१०,०००** |

**२.२.१९ सम्बन्धित पक्षसंगको कारोवारः**

**(क) सम्बन्ध**

कम्पनी हिन्दुस्थान युनिलिभर लिमिटेडबाट नियमित गरिएको छ, जसले कम्पनीको ८०५ शेयर स्वामित्व लिएको छ, सिवक्रिम होल्डिङ प्रा.लि. ले ५% शेयर स्वामित्व लिएको छ र बाँकी १५% शेयर स्वामित्व सर्वसाधारणको रहेको छ ।

| **सम्बन्ध** | **सम्बन्धित नातेदार व्यक्ति** |
|---|---|
| स्वामित्वधारक (होल्डिङ) कम्पनी | हिन्दुस्तान युनिलिभर लिमिटेड |
| मुख्य स्वामित्वधारक (होल्डीङ) कम्पनी | युनिलिभर पी.एल.सी. |
| मित्र कम्पनी र समूहका सहायक कम्पनीहरु | युनिलिभर इन्डिया एक्सपोर्ट लिमिटेड,<br>पीटी युनिलिभर ओलियोकेमिकल, इनडोनेसिया लिमिटेड<br>युनिलिभर युकेसीआर लिमिटेड, युके<br>युनिलिभर एन. भी., नेदरल्यैण्ड<br>युनिलिभर युरोप विजनेश सेन्टर बि.भि., नेदरल्यैण्ड<br>युनिलिभर एसिया प्रा. लि. |
| महत्वपुर्ण प्रभाव | सिवक्रिम होल्डिङ्स प्रा. लि. |
| मुख्य व्यवस्थापन कर्मचारी | श्री अम्लान मुखजी |

**(ख) मुख्य व्यास्थापन कर्मचारीसँगको कारोवार**

**मुख्य व्यवस्थापन कर्मचारीलाई भुक्तानी**

रकमहरु ने रु. मा छन्

| विवरण | यस वर्ष ने.रु. | गत वर्ष ने.रु. |
|---|---|---|
| छोटो समयको कर्मचारी सुविधा | ३,८१,६०,७४१ | ३,४५,९५,५०५ |
| अवकाश पछिको समयको सुविधा | शुन्य | शुन्य |
| अन्य लामो समयको सुविधा | शुन्य | शुन्य |
| कार्यकाल समाप्ति सुविधा | शुन्य | शुन्य |
| शेयरमा आधारित सुविधा | शुन्य | शुन्य |

द्रष्टव्यः माथि टेवलमा उल्लेख गरिएका रकम प्रतिवेदन समय अवधिमा कम्पनीका मुख्य व्यवस्थापन कर्मचारीसँग सम्बन्धित लेखाङ्कन गरिएको खर्च हो । घोषित सुविधा योजना (उत्पादन तथा अन्य अवकाश सुविधाहरु) तथा विदा वापतका सुविधाहरु समग्र रुपमा कम्पनीको प्रोदभावी आधारमा प्रदान गरिने हुनाले सोसँग सम्बन्धित कम्पनीका मुख्य व्यवस्थापन कर्मचारीहरुको खर्च माथि समावेश गरिएको छैन ।

## (ग) अन्य सम्बन्धित पक्षहरुसँगको कारोवारहरु

रकमहरु ने रु. मा छन्

| विवरण | | कारोवार | | बाँकी | |
|---|---|---|---|---|---|
| | | यस वर्ष | गत वर्ष | यस वर्ष | गत वर्ष |
| स्वमीत्वधारक होल्डिङ कम्पनी | रोयल्टी (सलामी) | ११,३८,५२,७८५ | १०,४७,०५,१६३ | ९,६७,७४,८६८ | १९,६०,९७,६१६ |
| | लाभांश | ७,३६,५६,००० | ५६,७१,५१,२०० | – | – |
| | साप कार्यान्वयन गरे वापत खर्च | – | – | १५,६५,७३९ | ६,०५,६४,७५८ |
| | सापको नियमित खर्च | ३,६०,५९,३७४ | – | ३,०६,५०,४६८ | – |
| अन्तिम स्वामित्व धारक कम्पनी (युनिलिभर पिएलसि) | रोयल्टी (सलामी | ५,८३,६६,९६२ | २,५२,६३,३३० | ५,९४,५८,८२३ | ६,६६,६८,७३५ |
| मित्र कम्पनी र समुहका सहायक | युनिलभिर एक्पोर्ट इन्डिया लिमिटेडबाट कच्चा पदार्थ खरिद | – | १५,९६,४७३ | – | – |
| | पि.टि. युनिलभिर एलोकेमिकलबाट कच्चा पदार्थ खरिद | ७७,६५,७७९ | १७,३३,९३,९६३ | – | – |
| | युनिलभिर यु के सि आर लिमिटेड यु के द्वारा बिक्रेताहरुको लागि तालिम कार्यक्रमका लागि खर्च लेखाङ्कन (डेविट नोट) | ९,३१,१०७ | – | १०,९६,२०२ | १,६५,०९५ |
| | पूर्वप्रबन्ध संचालकको एमसिआपि लगानीका लागि युनिलभिर एन.भि. नेदरल्याण्ड खर्च लेखाङ्कन (डेविट नोट) | १५,३६,४१५ | – | ३३,७२,४२० | १८,३६,००५ |
| | युनिलिभर युरोप विजनेश सेन्टर वि.भि., नेदरल्याण्डलाई फेयरसेयर वापतको खर्च | ५,५३,८७,५४८ | (५९,१९,१९१) | १२,२५,५७,३२८ | ७,५४,७७,९११ |
| | युनिलिभर युरोप विजनेश सेन्टर वि.भि., नेदरल्याण्डलाई ईटियस सेवा लिए बापतको खर्च | ११,१६,२६,९४४ | ९,१९,३२,८७५ | २०,५२,८५,९४२ | ७,८१,४२,९४४ |
| | युनिलिभर युरोप विजनेश सेन्टर एन.भि., नेदरल्याण्डलाई क्रसचार्ज वापतको खर्च | ९५,७१,५७६ | ३५,७०,५४० | १,३१,४२,११६ | ४१,०२,७१५ |

### अन्य सम्वन्धित पक्षहरु संगको कारोवारका शर्त्तहरु

वर्षको अन्तको मौज्दात असुरक्षित तथा ब्याजरहित हुन्छन्  र फरस्यौट नगदमा गर्ने गरिएकोछ ।

वर्षको अन्त्यमा बाँकी रकम असूरक्षित रहन तथा ब्याजमुक्त हुन र नगदमा चुक्ता हुनुपर्दछ । संबन्धित पक्षहरुसंगको कुनै कारोवारमा लिनुपर्ने तथा दिनुपर्ने रकममा कुनै जमानी लिएको छैन । २०७६ असार ३१ गते सम्पन्न भएको आर्थिक वर्षका लागि सम्बद्ध व्यक्तिहरुसंगको कारोवारमा लिनुपर्ने रकममा कम्पनीले सम्भावित क्षतिको कुनै रेकर्ड छैन । यो गणना प्रत्येक आर्थिक वर्षमा संबन्धित पक्षहरुको आर्थिक अवस्था तथा उनीहरु सञ्चालित बजारको अवस्था परीक्षण गरि गरिएको छ ।

## २.२.२० व्यवस्था तथा सम्भावित दायित्वहरु

यदि विगत घटनाको कारणबाट वर्तमान दायित्व (कानून वा रचनात्मक) छ र सो दायित्व पूरा गर्न आर्थिक स्रोत साधनको आवश्यकता छ  एवं दायित्व रकमको उपयुक्त अनुमान गर्न सकिन्छ भने सोको व्यवस्था लेखाङकन गरिएकोछ । वासलात मितिमा वर्तमान दायित्वपूरा गर्न आवश्यक खर्चको उपयुक्त अनुमान गरी वास्तविक बजार मुल्याङकनका आधारमा समयोचित मूल्य र दायित्वसँग सम्वन्धित विशेष जोखिमलाई कर दर भन्दा पहिले घटाउनु पर्दछ । यसलाई प्रत्येक वर्षको अन्त्यमा पुनर्विचार गरिएकोछ र उपर्युक्त अनुमान गरी समायोजन गरिएकोछ ।

### सम्भावित दायित्वहरु

### क) अवधि समाप्त हुन बाँकी प्रतीतपत्र तथा मन्जुरी

अवधि समाप्त हुन बाँकी रद्द गर्न नसकिने प्रतीपत्र वापत रु ९८,६६,६२८ तथा मन्जुरी वक्यौता रु ६०,०५,१४९ (२०७६/७७ : मा क्रमशः रु. ३४,२०,५४७ र रु. ३०,०६,५२२)

### ख) आयकर मामिला

ठूला करदाता कार्यालयले कम्पनीद्वारा प्रस्तुत आर्थिक बर्ष २०६५/६६, २०६६/६७, २०६७/६८, २०६८/६९, २०६९/७०, २०७०/७१, २०७१/७२, स्व घोषणा कैफियत फुकुवा गरेको छ । जसको विस्तृत विवरण निम्नानुसार छः

रकमहरु ने रु. मा छन्

| आर्थिक वर्ष | मुद्दा रहेको अड्डा अदालत | थप माग | सामान्य दायित्वका मान्यता |
|---|---|---|---|
| २०६५/६६ | आन्तरिक राजस्व विभाग, प्रशासनिक पुनरावलोकन | ४५,२६,११० | २६,४८,५८२ |
| २०६६/६७ | राजस्व प्राधिकरण | ७,३८,९०,६७३ | ९,२६,९३,८२९ |
| २०६७/६८ | राजस्व प्राधिकरण | ८,२०,३९,६७८ | ११,८९,५६,६३३ |
| २०६८/६९ | राजस्व प्राधिकरण | ७,४२,६८,४३७ | १०,०९,८८,१२० |
| २०६९/७० | राजस्व प्राधिकरण | २,१८,२७,९०६ | १,६७,६६,५०७ |
| २०७०/७१ | आन्तरिक राजस्व विभाग, प्रशासनिक पुनरावलोकन | ६,८०,३१,४७५ | ६,६२,११,८६५ |
| २०७१/७२ | राजस्व प्राधिकरण | ७,३५,८६,७९७ | ३,२५,२६,८११ |
| २०७२/७३ | आन्तरिक राजस्व विभाग, प्रशासनिक पुनरावलोकन | ३,४५,३८,९४२ | ३,६४,८१,०४६ |
| **जम्मा** | | **४३,२७,१०,०१७** | **४६,७२,७३,३९२** |

### (ग) मूल्य अभिवृद्धि कर (भ्याट) मामिला

ठूला करदाता कार्यालयले माग गरेको आर्थिक वर्ष २०६५/६६, २०६६/६७, २०६७/६८, २०६८/६९, २०६९/७०, २०७०/७१, २०७१/७२ र २०७२/७३ को थप मूल्य अभिवृद्धि करको प्रशासनिक पुनरावलोकनका लागि पुनरावेदन दर्ता गरेको छ । आर्थिक वर्ष ६५/६६ र ७२/७३ मा मुल्य अभिवृद्धि कर सम्बन्धमा ठुला कर दाता कार्यालयबाट थप रकम माग भई आएकोमा कम्पनीले प्रशासनिक पुनरावलोकनको लागि पुनरावेदन गरेको छ । त्यस्तै आर्थिक बर्ष ६७/६८ र ७१/७२ मा मुल्य अभिवृद्धि कर सम्बन्धमा कम्पनीले प्रशासनिक पुनरावलोकनको लागि अन्तिम कर निर्धारण आदेश प्राप्त गरेको छ र सो सम्बन्धमा राजश्व प्राधिकरणमा पुनरावेदन गरेको छ, जसको विस्तृत विवरण निम्नअनुसार छः

रकमहरु ने रु. मा छन्

| आर्थिक वर्ष | मुद्दा रहेको अड्डा अदालत | थप माग | संभाव्य दायित्वको पहिचान गरिएको |
|---|---|---|---|
| २०६५/६६ | आन्तरिक राजस्व विभाग, प्रशासनिक पुनरावलोकन | ३१,७५,४८५ | ३९,६५,०८७ |
| २०६६/६७ | राजस्व प्राधिकरण | १,८६,२९० | २,३९,४५७ |
| २०७१/७२ | राजस्व प्राधिकरण | ५,७७,१८६ | ७,४४,९४७ |
| २०७२/७३ | आन्तरिक राजस्व विभाग, प्रशासनिक पुनरावलोकन | ८५,२४,९२४ | ९३,२४,०२६ |
| **जम्मा** | | **१,२४,६३,८८५** | **१,४२,७३,५१८** |

### घ) कम्पनीको तर्फबाट जारी गरेकौ बैंक ग्यारेन्टी

कम्पनीले निम्न अनुसार बैंक ग्यारेन्टी लिएको छ ।

| जारि गरिएको | उदेश्य | रकम ने. रु. मा | शुरु मिति | म्याद-अवधि |
|---|---|---|---|---|
| भंसार विभाग | एक्जिम कोड प्रमाणपत्र | ३,००,००० | साउन १, २०७८ | आषाढ १, २०७९ |
| ग्रिनहेण्डस् नेपाल प्रा. लि. | गोदाम निमार्ण | ७९,२०,००० | साउन ४, २०७६ | साउन २, २०७८ |

## २.२.२१ प्रतिवद्धता

तपशिलका पुँजीगत कार्य अन्तर्गत निर्माणकार्यका लागि पूंजी प्रतिवद्धता (खुद पेश्की) यस प्रकार छन्:

रकमहरु ने रु. मा छन्

| क्षेत्र | आ.ब.२०७७-२०७८ | आ.ब.२०७६-२०७७ |
|---|---|---|
| कारखाना विस्तार | १३,९०,९६३ | २,६४,१८,८१० |
| साप अटोमेशन् | ५,२१,८२८ | ५,२१,८२८ |
| नयाँ कपोरेट कार्यालय | २,२६,९७७ | २,२६,१७८ |
| मिल्डर प्रोजेक्ट | २४,०५,४७,१६९ | - |
| ट्रान्सफमर पुर्नस्थापनाको लागि कापेक्स | ५१,१७,१९० | - |
| फेसवास स्टेवलाइजेशन | ३६,१९,४६२ | |
| चिलर रिट्रो फिटिङ्ग (पननिर्माण) का लागि कापेक्स | २१,१५,२६७ | |
